निष्पक्ष समाचारको विश्वसनीय माध्यम

हिमाली बेला

₹ ३/– Pages-8

वर्ष २०: अङ्क: २७५, वि.सं. २०८३, असोज २४ गते, शनिवार, १० अक्टोबर, २०२६ | POSTAL REGD NO. WB/SKM/119/2024-2026 | RNI NO.SIKNEP/2007/21386 | 10 OCTOBER, 2026, SATURDAY, GANGTOK

मुख्यमन्त्रीद्वारा पैह्रो प्रभावित रिम्बीको निरीक्षण

घर गुमाएका परिवारलाई एसजीएवाईअन्तर्गत घर उपलब्ध गराउने छौँः मुख्यमन्त्री

राहत सहयोग र पुनर्स्थापनाका उपायहरूको घोषणा

गेजिङ, ९ अक्टोबर (आईपीआर)ः मुख्यमन्त्री पीएस गोलेले शुक्रवार योकसम–टाशीडिङ निर्वाचन क्षेत्रअन्तर्गत पैह्रो प्रभावित क्षेत्र रिम्बीको भ्रमण गरेका छन्। उनले त्यहाँको वस्तुस्थिति बुझ्नुका साथै प्रभावित परिवारहरूका लागि भइरहेका राहत तथा पुनर्स्थापना कार्यहरूको समीक्षा गरे।

मुख्यमन्त्रीले पहिला पैह्रो प्रभावित स्थल र त्यसपछि निर्माणाधीन पुनर्स्थापना केन्द्रको निरीक्षण गरे। त्यसपछि उनी राहत शिविर पुगे, जहाँ उनले प्रभावित परिवारहरूसँग अन्तरक्रिया गर्दै उनीहरूका समस्याहरू सुने र तत्कालका नितान्त आवश्यकताहरूको जानकारी लिए।

भ्रमणको क्रममा मुख्यमन्त्रीसँग पर्यटन तथा नागरिक उड्डयन विभागका मन्त्री एवं योकसम–टाशीडिङ निर्वाचन क्षेत्रका विधायक छिरिङ टी भोटिया, आवास तथा भवन निर्माण विभागका मन्त्री भीमहाङ सुब्बा, जूम–सालघारीका विधायक मदन सिञ्चुरी, मानेबुङ–देन्तामका विधायक सुदेश सुब्बा र नामथाङ–रातेपानीका विधायक सञ्जित खरेलको उपस्थिति रहेको थियो।

उनीहरूसँगै गेजिङका जिल्लापाल तेञ्जिङ डी डेञ्जोङ्पा, वरिष्ठ पुलिस अधीक्षक (एसएसपी) पारु रुचाल, मुख्यमन्त्रीका राजनीतिक सचिव जेकब खालिङ, सल्लाहकारगण, गेजिङका जिल्ला अध्यक्ष र जिल्ला उपाध्यक्ष, विभिन्न विभागका सचिव तथा प्रमुख, विशेष कर्तव्य अधिकारीहरू (ओएसडी), महकुमा अधिकारीगणसहित अन्यको उपस्थिति रहेको थियो।

राहत शिविरमा प्रभावित परिवारहरूसँगको अन्तरक्रियाका क्रममा मुख्यमन्त्रीले यसअघि उक्त क्षेत्रको भ्रमण गर्न नसकेकोमा दुःख व्यक्त गरे। उनले घटनास्थलमा भौतिक रूपमा चाँडै उपस्थित हुन नसके तापनि, आफूले सम्बन्धित क्षेत्रका विधायक र जिल्ला प्रशासनलाई तत्काल भ्रमण गर्न तथा प्रभावित मानिसहरूलाई आवश्यक सहयोग सुनिश्चित गर्न निर्देशन दिएको बताए। मुख्यमन्त्रीले यस कठिन घड़ीमा रिम्बीका बासिन्दाहरूलाई सहयोग गर्न अघि बढ़ेका गैरसरकारी संस्थान

➡रहल पृष्ठ ७ मा

मध्यस्थकर्ता पङ्कजकुमारसँग भागोप्रमो र जीएसीको भेट

‘एकताबद्ध भएर गोर्खाल्याण्डको माग अघि बढ़ाउनुपर्छ’

दार्जीलिङ, ९ अक्टोबरः केन्द्र सरकारद्वारा नियुक्त मध्यस्थकर्ता पङ्कजकुमार सिंहको निमन्त्रणामा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा (भागोप्रमो)–को एक टोलीले शुक्रवार दार्जीलिङस्थित एक होटलमा उनीसँग भेटघाट गरेको छ। भागोप्रमो अध्यक्ष अनित थापाको नेतृत्वमा भएको उक्त भेटमा आलोक कान्तमणि थुलुङ, सतीश पोख्रेल र बारुद थापा सहभागी थिए।

भेटपछि जारी वक्तव्यमा अनित थापाले मध्यस्थकर्तासँग यो आफ्नो दोस्रो भेट भएको जानकारी दिँदै गोर्खाको दीर्घकालीन मागबारे विस्तृत छलफल भएको बताए। उनले मध्यस्थकर्ताले समस्यालाई बुझ्न विभिन्न प्रश्न गरेको र आफूहरूले यहाँको वास्तविकता सकेसम्म स्पष्ट पार्ने प्रयास गरेको बताए।

थापाले भने, ‘‘हामीलाई क्षेत्रीयताको महत्त्व किन छ भन्ने विषयमा उनलाई अवगत गराएका छौँ। पहाड़का जनताको आकाङ्क्षा के रहेको छ भन्ने विषयमा मैले जोड़ दिएर आफ्नो तर्क राखेँ। गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए)–बारे आफ्नो धारणा स्पष्ट पार्दै थापाले आफूले जीटीए त्यागिसकेको बताए। उनले यसै कारण अहिले संवादको बाटो खुलेको र यस संवादले पहाड़का जनताका आकाङ्क्षा पूरा गर्न केही योगदान पुऱ्याउने विश्वास व्यक्त गरे।

उनले जीटीए खारेज गर्ने विषयमा नेताहरूले यसअघि नै प्रतिबद्धता जनाइसकेको उल्लेख गर्दै अब त्यो प्रतिबद्धता कहिले कार्यान्वयन हुन्छ भन्ने प्रतीक्षामा रहेको बताए। गोर्खाल्याण्डको माग र भारतीय जनता पार्टी (भाजपा)–को भूमिकाबारे बोल्दै थापाले जीटीएलाई गोर्खाल्याण्ड प्राप्तिको बाधक बताइएकाले जनताले गोर्खाल्याण्डकै उद्देश्यका लागि भाजपालाई विजयी बनाएको बताए।

उनले भने, ‘‘अब गोर्खाल्याण्ड दिनु भाजपाको ठूलो जिम्मेवारी बन्छ।’’ थापाले आफ्नो पार्टी गोर्खाल्याण्डको समर्थनमा रहेको स्पष्ट पार्दै यसको माग पूरा गर्ने जिम्मेवारी भाजपा र त्यसको गठबन्धनले निर्वाह गर्नुपर्ने बताए। गोर्खाको दीर्घकालीन माग र समस्याको समाधान खोज्न मध्यस्थकर्ता पङ्कजकुमार सिंहको नेतृत्वमा मस्यौदा समिति गठन गरिएको जानकारी दिँदै थापाले भागोप्रमोको अड़ान पुनः प्रस्तुत गरिएको बताए।

उनले भने, ‘‘गोर्खाको मागलाई अझ दह्रिलो बनाउन भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको अड़ानलाई हामीले पङ्कजकुमार सिंह र उनको टोलीसमक्ष पुनः राख्यौँ।’’

➡रहल पृष्ठ ७ मा

सद्भावना सम्मेलनलाई सम्बोधन गर्न सतपाल महाराज आइपुगे सिक्किम

रम्फू, ९ अक्टोबरः मानव उत्थान सेवा समिति सिक्किमद्वारा सिक्किम भारतको अभिन्न अङ्गका रूपमा मान्यता प्राप्त गरेको ५०औँ वर्ष अर्थात् स्वर्ण जयन्तीको अवसरमा रम्फूमा दुईदिने सद्भावना सम्मेलन आयोजना गरिरहेको छ।

कार्यक्रम १० र ११ अक्टोबरमा रम्फू खेल मैदानमा आयोजना हुनेछ। यस सद्भावना सम्मेलनलाई सम्बोधन गर्न सतपाल महाराज शुक्रवार साँझ सिक्किम आइपुगेका छन्।

सिक्किम राज्य समितिका अध्यक्ष पूर्ण योञ्जनअनुसार कार्यक्रममा

➡रहल पृष्ठ ७ मा

सोरेङमा एसआईयूडीपीअन्तर्गत विकासीय परियोजनासम्बन्धी बैठक आयोजित

सोरेङ, ९ अक्टोबर (आईपीआर)ः सोरेङ नगर पञ्चायतका लागि तय गरिएका विकासमूलक पहलहरूबारे शुक्रवार जिल्ला प्रशासनिक केन्द्रमा गहन छलफल गरियो। सिक्किम एकीकृत शहरी विकास परियोजना (एसआईयूडीपी)–का प्रतिनिधिहरूले प्रस्तावित पूर्वाधार तथा निर्माण योजनाहरूको विवरण प्रस्तुत गर्दै जानकारी गराए।

सिक्किम एकीकृत शहरी विकास परियोजना सिक्किम सरकारको सात वर्षे प्रमुख शहरी विकास पहल हो, जुन एशियाली विकास ब्याङ्क (एडीबी)–को आर्थिक तथा

प्राविधिक सहयोगमा शहरी विकास विभागद्वारा सन् २०२५ देखि २०३२ सम्म कार्यान्वयन गरिनेछ।

सोरेङका जिल्लापाल धीरज सुवेदी, परियोजना निर्देशक (एसआईयूडीपी) भूपेन्द्र कुठारी र अन्य सरोकारवालाहरूको उपस्थितिमा सोरेङ–च्याखुङका विधायक आदित्य गोलेको अध्यक्षतामा उक्त बैठक सम्पन्न भयो। नवगठित शहरी स्थानीय निकाय (यूएलबी)–का रूपमा आवश्यक पूर्वाधार तथा उदीयमान प्रशासनिक केन्द्रका रूपमा यसको भूमिकालाई सुदृढ़ पार्ने विषयमा छलफल गरियो। यो पहल जिल्लाको विकास प्रक्रियाका आवश्यकताहरू सम्बोधन गर्ने दिशामा एउटा महत्त्वपूर्ण कदम पनि हो।

कार्यक्रममा योजनाबद्ध शहरी विकास, समन्वयात्मक कार्यान्वयन र सोरेङका बदलिँदो आवश्यकताहरूलाई सम्बोधन गर्ने

➡रहल पृष्ठ ७ मा

ब्लुमिङ याङ्गाङ २०२६ को तयारीबारे अन्तिम समन्वय बैठक सम्पन्न

याङ्गाङ, ९ अक्टोबर (हिस)ः आगामी २९ देखि ३१ अक्टोबरसम्म आयोजना हुने ब्लुमिङ याङ्गाङ २०२६ को तयारीलाई लिएर शुक्रवार याङ्गाङस्थित एसडीएम कार्यालयमा अन्तिम समन्वय बैठक सम्पन्न भयो। बैठक राङ्गाङ याङ्गाङ निर्वाचन क्षेत्रकी विधायक एवं सिक्किम विधानसभाकी उपाध्यक्ष राजकुमारी थापाको अध्यक्षतामा बसेको थियो।

बैठकमा खाद्य प्रशोधन विभागका सल्लाहकार सीएल गुरुङ, याङ्गाङका एसडीएम केएल दाहाल, खण्ड विकास अधिकारी निडे भोटिया, जिल्ला पञ्चायत सदस्य केडी काफ्ले, विभिन्न विभागका प्रमुख एवं अधिकारीगण, एसकेएम पार्टीका कार्यकर्ता र वाईटीडीसीका

सदस्यहरूको उपस्थिति रहेको थियो।

बैठकमा तीनदिने कार्यक्रमका लागि भइरहेका तयारी, विभिन्न विभागको सहभागिता, आपसी समन्वय तथा निर्धारित गतिविधिहरूको प्रगतिबारे विस्तृत समीक्षा गरियो। यस क्रममा पुष्पखेती तथा प्रस्तावित फूल प्रदर्शनी एवं बिक्री कार्यक्रमबारे छलफल गर्दै फूल उत्पादक र बागवानी विभागको सहभागिताबारे समीक्षा गरियो।

त्यसैगरी, खाद्य प्रशोधन उद्योगहरूको सहभागिता, स्थानीय उत्पादनको प्रदर्शनी, उद्यमशीलतालाई प्रोत्साहन तथा क्षेत्रको कृषि र बागवानी सम्भावनालाई प्रवर्द्धन गर्ने उपायहरूबारे पनि छलफल गरियो।

बैठकमा सांस्कृतिक कार्यक्रम, पूर्वाधार तथा व्यवस्थापकीय तयारी, यातायात व्यवस्थापन, सुरक्षा, स्वास्थ्य सेवा, सरसफाइ, प्रचार–प्रसार, ब्राण्डिङ, प्रायोजन तथा आर्थिक सहयोगसम्बन्धी व्यवस्थाहरूको समेत समीक्षा

➡रहल पृष्ठ ७ मा

विशेष मतदाता नामावली पञ्जीकरण अभियानसम्बन्धी ईसीआईका निर्देशनको समीक्षा

गान्तोक, ९ अक्टोबर (आईपीआर)ः छुटेका तथा पहिलोपटकका मतदाता/युवा मतदाताहरूको नाम पञ्जीकरण गर्ने विशेष अभियानबारे भारत निर्वाचन आयोग (ईसीआई)–का निर्देशनहरूको कार्यान्वयनबारे छलफल गर्न शुक्रवार गान्तोकस्थित जिल्ला प्रशासनिक केन्द्र (डीएसी)–मा जिल्लापाल तथा जिल्ला चुनाउ अधिकारी रोहन अगवानेको अध्यक्षतामा एक बैठक सम्पन्न भयो।

बैठकको क्रममा जिल्ला चुनाउ अधिकारी अगवानेले मान्यताप्राप्त राजनीतिक दलका प्रतिनिधिहरूलाई आयोगका निर्देशनहरूबारे जानकारी गराउनुका साथै हालको मतदाता नामावलीमा नाम समावेश नभएका योग्य मतदाताहरूको पञ्जीकरण प्रक्रियालाई सहज बनाउने उपायहरूबारे छलफल गरे।

ईसीआईको निर्देशनअनुसार यस विशेष अभियानको उद्देश्य विशेष गहन पुनरीक्षण (एसआईआर) अघिको मतदाता नामावलीमा नाम भएका, तर हालको नामावलीमा समावेश नभएका योग्य मतदाताहरू साथै युवा मतदातालगायत पहिलोपटक नाम पञ्जीकरण गराउन चाहने व्यक्तिहरूको पहिचान गर्नु हो।

बैठकले पञ्जीकरण प्रक्रियालाई सहज बनाउन बुथस्तरका अधिकारी (बीएलओ), चुनाउ पञ्जीकरण अधिकारी (ईआरओ) र राजनीतिक दलहरूबीच समन्वयको महत्त्वमा जोड़ दियो। बीएलओहरूलाई एसआईआर अघिको र हालको मतदाता नामावली तुलना गर्न, नाम छुटेका योग्य मतदाताहरूको पहिचान गर्न तथा उनीहरूको वर्तमान स्थिति बुझ्न र पञ्जीकरणका लागि फारम ६ भर्न योग्य व्यक्तिहरूलाई सहयोग गर्न घर–दैलो कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइएको छ।

ईसीआईले पहिचान गरिएका मतदाताहरूको बुथअनुरूप सूची मान्यताप्राप्त राजनीतिक दलका ‘बुथ स्तरका प्रतिनिधि’ (बीएलए) हरूसँग साझा गर्न पनि निर्देशन दिएको छ। सम्बन्धित चुनाउ अधिकारीहरूद्वारा यस अभियानको प्रगतिको नियमित समीक्षा गरिनेछ।

यसका साथै श्रमजीवी बस्ती र रात्रिकालीन आश्रयस्थलमा बसोबास गर्ने मानिस तथा घरबारविहीन र सीमान्तकृत व्यक्तिलगायतका लागि पञ्जीकरण आवेदन बुझाउने कार्यलाई सहज बनाउन ‘बुथस्तरीय शिविर’ र ‘विशेष शिविर’ हरू पनि आयोजना गर्न सकिनेछ।

आयोगले सबै योग्य नागरिकलाई पञ्जीकरण प्रक्रियाबारे जानकारी गराउन सुनिश्चित गर्न शैक्षिक संस्था, स्थानीय स्तरका पहल, व्यवस्थित मतदाता शिक्षा तथा निर्वाचन सहभागिता (एसभीईईपी) गतिविधि र पत्रकार सम्मेलनमार्फत जनचेतना तथा पहुँच विस्तारका कार्यक्रमहरूमा जोड़ दिएको छ।

यस विशेष अभियानको उद्देश्य सबै योग्य नागरिकहरूको नाम पञ्जीकरण प्रक्रियालाई सहज बनाउनु र निर्वाचन प्रक्रियामा सहभागितालाई सुदृढ़ पार्नु हो।

४२औँ गभर्नर्स गोल्ड कप

गोकुलम केरलाको साँघुरो जीत

• अर्चना तामाङ

गान्तोक, ९ अक्टोबरः ४२औँ अखिल भारतीय गभर्नर्स गोल्ड कप फुटबल प्रतियोगिता २०२६ अन्तर्गत शुक्रवार सम्पन्न पहिलो क्वार्टरफाइनल खेलमा गोकुलम केरला एफसीले सुदेवा दिल्ली एफसीलाई २–१ गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा स्थान सुरक्षित बनाएको छ।

राजधानी गान्तोकस्थित पाल्जर स्टेडियममा सम्पन्न खेलको प्रथमार्द्ध गोलरहित बराबरीमा सकिएको थियो। खेलको उत्तरार्द्धमा गोकुलम केरला एफसीका जर्सी नम्बर ७ भिक्टरले खेलको ६३औँ र ७२औँ मिनटमा गोल गर्दै टोलीलाई जीत दिलाए। यता, सुदेवा दिल्ली एफसीका जर्सी नम्बर १८ का सुआन्ताक भोइफेईले ६६औँ मिनटमा एक गोल फर्काए पनि टोलीलाई हारबाट जोगाउन सकेनन्। यससँगै गोकुलम केरला एफसी २–१ गोल अन्तरको जीत दर्ता गर्दै प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेको छ।

खेलमा स्टेफन राज छेत्री प्रमुख अतिथिका रूपमा उपस्थित रहेका थिए। त्यसैगरी, पाट्रिक प्रधान र एसडी ढकाल विशिष्ट अतिथिका रूपमा सहभागी भएका थिए। प्रतियोगिताअन्तर्गत शनिवार दोस्रो क्वार्टरफाइनल खेल सिङ्लिङ एससी र नर्थ ईस्ट युनाइटेडबीच हुनेछ। फ्लडलाइटमा खेलाइने उक्त खेल साँझ ६:०० बजी पाल्जर स्टेडियममा शुरु हुनेछ।

जीटीए खारेज गर्नुपर्ने मागमा जीएसपीद्वारा लालकोठी घेराउ

दार्जीलिङ, ९ अक्टोबरः गोर्खाल्याण्ड सङ्ग्राम पार्टी (जीएसपी)–ले शुक्रवार गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन (जीटीए) खारेज गर्नुपर्ने माग राख्दै यसको मुख्यालय ‘लालकोठी’ घेराउ कार्यक्रम आयोजना गरेको छ। घेराउअघि यहाँको ‘क्लबसाइड’ देखि लालकोठीसम्म एउटा ऱ्याली पनि निकालिएको थियो, जसमा गोर्खाल्याण्ड र जीटीए खारेजीको पक्षमा नाराबाजी गरियो। जीएसपीका प्रवक्ता प्रदीप लोहागणले भने, ‘‘हाम्रो पार्टीको सात सदस्यीय प्रतिनिधिमण्डलले आज ‘अफिसर अन स्पेशल ड्युटी’ (ओएसडी) सँग भेटघाट गऱ्यो किनभने प्रशासक सरकारी कामको क्रममामा बाहिर भएकाले उनीसँग भेट हुन सकेन। हामीले आफ्ना मागहरू समेटिएको ज्ञापन–पत्र उनलाई बुझाएका छौँ। हालै मात्र जीटीएका प्रमुख सचिवलाई यस निकायको प्रशासकको रूपमा नियुक्त गरिएको छ।’’

लोहागणअनुसार गोर्खाल्याण्डको मुख्य माग अतिरिक्त उनीहरूले जीटीए खारेज गर्नुपर्ने माग पनि राखे किनभने यसले छुट्टै राज्यको मागमा अवरोध

➡रहल पृष्ठ ७ मा

अमेरिकी उपराष्ट्रपति भान्सको बयानको विदेश मन्त्रालयद्वारा कडा शब्दमा निन्दा

नयाँ दिल्ली, ९ अक्टोबरः भारतीय कामदाररूलाई 'विदेशी बँधुवा मजदुर' भनेको अमेरिकी टिप्पणीप्रति भारतले कडा आपत्ति जनाएको छ। अमेरिकी उपराष्ट्रपति जेडी भान्सको बयानलाई भारतले अनुचित मात्र नभई अपमानजनक पनि ठहर गरेको छ। भारतले अमेरिकी अर्थतन्त्र, प्राविधिक आविष्कार र औद्योगिक विकासमा भारतीय कामदारहरूको योगदानलाई यस्तो भाषाको प्रयोग गरेर अस्वीकार गर्न नसकिने स्पष्ट पारेको छ।

विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले आज पत्रकार सम्मेलनमा यस विषयसँगै भारत–अमेरिका सम्बन्ध, पश्चिम एशियाको अवस्था, बङ्गलादेशसँगको व्यापार, भारत–पाकिस्तान सम्बन्ध र अन्तर्राष्ट्रिय समुद्री सुरक्षासँग सम्बन्धित महत्त्वपूर्ण प्रश्नहरूको जवाफ दिए।ङ्गपत्रकार सम्मेलनका क्रममा अमेरिकामा एच–१बी प्रवेशाज्ञामार्फत काम गरिरहेका विदेशी कर्मी र स्थायी बसोबास अनुमतिपत्रको प्रक्रियासँग सम्बन्धित भारतीय कर्मचारीबारे जारी विवादमा भारतले आफ्नो असन्तुष्टि स्पष्ट रूपमा व्यक्त गरेको छ।

अमेरिकी उपराष्ट्रपति जेडी भान्सले विदेशी कर्मचारीहरूलाई 'विदेशी बँधुवा मजदुर' भन्दै अमेरिकी कामदारहरूलाई रोजगारीबाट हटाएर उनीहरूको ठाउँमा विदेशी कर्मचारी राख्न नहुने बताएका थिए। उनले विदेशबाट त्यस्ता प्रतिभाशाली व्यक्तिहरूलाई मात्र बोलाउनुपर्ने पनि बताएका थिए, जसको विशेषज्ञता अमेरिकामा उपलब्ध छैन। अमेरिकाले विभिन्न प्राविधिक कम्पनीसँग सम्बन्धित स्थायी बसोबास अनुमतिपत्रको प्रक्रियाअन्तर्गत पर्ने आवेदनमाथिको काम रोक्ने वा स्थगित गर्ने कदम घोषणा गरेका बेला यो टिप्पणी आएको हो। प्रभावित कम्पनीहरूमा भारतसँग सम्बन्धित कम्पनीहरू पनि छन्।

भारतको विदेश मन्त्रालयले यस बयानप्रति कडा आपत्ति जनाउँदै यस्तो वर्णन अनुचित भएको र यसले अमेरिकामा भारतीय कामदारहरूको वास्तविक योगदानलाई बेवास्ता गरेको बताएको छ। मन्त्रालयका अनुसार भारतीय पेसाकर्मीहरू उच्च शिक्षित र दक्ष छन्। उनीहरूले अमेरिकी अर्थतन्त्र र नयाँ आविष्कारको क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेका छन्। भारतले अमेरिकाको इतिहास पनि विभिन्न पुस्ताका आप्रवासीहरूको श्रम, उद्यमशीलता र आविष्कारबाट बनेको स्मरण गराएको छ। यस्तो अवस्थामा औपनिवेशिक इतिहास र पीडादायी ऐतिहासिक अनुभवसँग जोडिएका शब्दहरूको प्रयोग गर्नु अत्यन्त अपमानजनक भएको भारतले जनाएको छ।ङ्गभारतले यस विषयसँग सम्बन्धित घटनाक्रममाथि निगरानी राखिरहने स्पष्ट पारेको छ। भारतीय प्रतिभा र पेसाकर्मीहरूको सम्मानको विषयमा अपमानजनक टिप्पणीलाई भारतले हल्का रूपमा नलिने विदेश मन्त्रालयको भनाइबाट सङ्केत मिलेको छ।

एच–१बी प्रवेशाज्ञा र स्थायी बसोबास अनुमतिपत्रसम्बन्धी विवाद त्यस्तो समयमा आएको छ, जतिबेला भारत र अमेरिकाबीचको सम्बन्ध विभिन्न विषयमा दबाबमा छ। व्यापार तथा भन्सार शुल्क, आप्रवासन नीति, भारतीय पेसाकर्मीहरूको आवतजावत, रुससँग भारतको सम्बन्ध र पाकिस्तानप्रति अमेरिकी दृष्टिकोणलाई लिएर दुवै देशबीच मतभेद देखिँदै आएका छन्। रुसबाट तेल आयात गर्ने देशहरूमाथि थप भन्सार शुल्क लगाउने सम्भावनासँग सम्बन्धित अमेरिकी कदम पनि भारतको चिन्ताको विषय बनेको छ। यस सन्दर्भमा रुसबाट तेल खरिद गर्ने देशहरूमाथि भारी भन्सार शुल्क लगाउने राष्ट्रपतिको अधिकारसँग सम्बन्धित अमेरिकी कानुनको विषय पनि महत्त्वपूर्ण छ।

विदेशमन्त्री एस. जयशङ्करले यसअघि नै पाकिस्तानसँग अमेरिकाको बढ्दो सम्पर्कप्रति चिन्ता व्यक्त गरिसकेका छन्। भारतको भनाइमा, द्विपक्षीय सम्बन्धमा रणनीतिक साझेदारीलाई बलियो बनाउन दुवै पक्षले एकअर्काका प्रमुख चासो र हितको सम्मान गर्नुपर्छ। यसका साथै, भारतीय पक्षले प्रतिभाशाली व्यक्तिहरूको अन्तर्राष्ट्रिय आवतजावत दुवै देशका लागि लाभदायक रहेको पनि स्पष्ट पारेको छ। भारतीय पेसाकर्मीहरूले अमेरिकी कम्पनीहरूलाई उन्नत प्राविधिक ज्ञान, अनुसन्धान, नयाँ आविष्कार, उत्पादकत्व र प्रतिस्पर्धात्मक क्षमता बढाउन सहयोग गर्छन्। यसबाट रोजगारी सिर्जना गर्न र कम्पनीहरूको आर्थिक विकासलाई प्रोत्साहन दिनसमेत मद्दत पुग्छ। विदेश मन्त्रालयले भारतीय प्रतिभाको भूमिकालाई सीमित गर्ने कदम दुवै देशका साझा लक्ष्यअनुकूल नहुने सङ्केत दिएको छ। यस प्रक्रियासँग सम्बन्धित सबै पक्षले पारस्परिक लाभको यो वास्तविकतालाई बुझ्ने भारतको अपेक्षा रहेको छ।

'अमेरिकाको कदमले साझा लक्ष्य अघि बढ़ाउन मद्दत गर्दैन'

भारतीय विदेश मन्त्रालयले पीईआरएम कार्यक्रम एचद्ब१बी भिसा कार्यक्रमभन्दा अलग रहेको स्पष्ट पारेको छ। पीईआरएम आवेदनमा रोक लगाउँदा हाल वैध रहेका एचद्ब१बी भिसा वा भिसाधारक तथा उनीहरूका आश्रितको स्थितिमा स्वतः कुनै असर नपर्ने मन्त्रालयले जनाएको छ। यद्यपि, यसबाट प्रभावित कम्पनीका योग्य कर्मचारीहरूको स्थायी बसोबास (ग्रिन कार्ड) प्राप्त गर्ने प्रक्रियामा केही प्रभाव पर्न सक्नेछ। विदेश मन्त्रालयले प्रतिभाको आवागमनले भारतीय पेशाकर्मीहरूका लागि अवसर सिर्जना गर्नुका साथै अमेरिकी कम्पनीहरूलाई पनि लाभ पुर्‍याउने बताएको छ। यसले अत्याधुनिक सीप, नवाचार, अनुसन्धान, उत्पादकत्व, प्रतिस्पर्धात्मक क्षमता र रोजगारी सिर्जनालाई प्रोत्साहन गर्छ। यस बाहेक यसले अमेरिकामा शेयरधनीहरूको सम्पत्तिमा समेत वृद्धि गर्छ। भारतले यसलाई दुवै देशका लागि पारस्परिक लाभको महत्त्वपूर्ण क्षेत्र बताउँदै यस प्रक्रियासँग सम्बन्धित सबै पक्षले यो तथ्य बुझ्ने अपेक्षा गरेको छ। विज्ञप्तिमा यस विषयमा अमेरिकी उपराष्ट्रपतिले गरेका टिप्पणीको पनि उल्लेख गरिएको छ। भारतले यस्ता टिप्पणी अनुचित रहेको र अमेरिकी अर्थव्यवस्था तथा नवाचार प्रणालीमा भारतीय पेशाकर्मीहरूको महत्त्वपूर्ण योगदानलाई बेवास्ता गरेको जनाएको छ।

भारतीय पेशाकर्मीहरू उच्च शिक्षित र दक्ष रहेको तथा अमेरिकी अर्थव्यवस्थाको विकासमा योगदान पुर्‍याइरहेको भारतको भनाइ छ। विदेश मन्त्रालयले अमेरिकाको इतिहास पनि आप्रवासीका कैयौँ पुस्ताले आकार दिएको उल्लेख गरेको छ। उनीहरूको श्रम, उद्यमशीलता र नवाचारले देशको प्रगति तथा समृद्धिमा योगदान पुर्‍याएको मन्त्रालयले जनाएको छ। पीड़ादायी ऐतिहासिक तथा औपनिवेशिक विरासतसँग जोड़िएका अर्थ लाग्ने शब्दहरूको प्रयोग अत्यन्त अपमानजनक रहेको भारतले बताएको छ। भारतले यस सम्पूर्ण मामिलासँग सम्बन्धित घटनाक्रमलाई निरन्तर निगरानी गरिरहेको पनि जनाएको छ। उल्लेखनीय छ, अमेरिकाले इन्फोसिस, टीसीएस, विप्रो, एससीएचएल, कग्निजेन्ट, क्यापजेमिनी, माइक्रोसफ्ट र एडोबी सहितका धेरै ठूला प्रविधि कम्पनीलाई पीईआरएम कार्यक्रमबाट निलम्बन गरेको छ। विदेशी कर्मचारीहरूले स्थायी बसोबास अर्थात् ग्रिन कार्ड प्राप्त गर्ने प्रक्रियामा यो कार्यक्रम महत्त्वपूर्ण चरण हो। पीईआरएम त्यस्तो श्रम प्रमाणीकरण प्रक्रिया हो, जसलाई अमेरिकी कम्पनीहरूले रोजगारीमा आधारित ग्रिन कार्डका केही श्रेणी अन्तर्गत विदेशी कर्मचारीलाई स्थायी बसोबासका लागि प्रायोजन गर्नुअघि पूरा गर्नुपर्छ। यो एचद्ब१बी भिसाभन्दा फरक छ। एचद्ब१बी भिसाले विदेशी कर्मचारीहरूलाई अमेरिकामा अस्थायी रूपमा काम गर्ने अनुमति दिन्छ। नयाँ पीईआरएम आवेदन रोकिनुले भविष्यमा ग्रिन कार्ड प्राप्त गर्ने प्रक्रियामा अनिश्चितता बढ़ाउनसक्छ। यद्यपि, यसले पहिले नै स्वीकृत भइसकेका मामिलामा असर नपर्ने जनाइएको छ।

टीएमसी विधायकहरूको अयोग्यताको ममिला

अध्यक्षले प्रक्रियागत त्रुटिहरूको कारण नयाँ याचिका मागे

कोलकाता, ९ अक्टोबर (हिस)ः पश्चिम बङ्गाल विधानसभाका अध्यक्ष रथिन्द्र बोसले तृणमूल कङ्ग्रेसका दशजना विद्रोही विधायकहरूको अयोग्यतासित सम्बन्धित याचिकामा प्रक्रियागत त्रुटिहरूलाई सुल्झाउनको लागि नयाँ याचिका दर्ता गर्ने निर्देश दिएका छन्। यी प्राविधिक गड़बड़ीका कारण विद्रोही विधायकहरूको सदस्यता रद्द गर्ने निर्णयलाई हाल केही समयसम्मको लागि स्थगित गरिएको छ।

यी दशजना विद्रोही विधायकहरूको समूहमा निष्कासित विधायक र विद्रोही गुटका प्रमुख ऋतव्रत ब्यानर्जी पनि सामेल छन् जो हाल आधिकारिक रूपमा विधानसभामा विपक्षी नेता (एलओपी) को भूमिकामा छन्। गए बिहीवार विधानसभाका अध्यक्षद्वा यस मामिलामा गरिएको महत्त्वपूर्ण सुनुवाइपछि सो जानकारी सार्वजनिक भएको छ। तथापि श्रोतले स्पष्ट पारेको छ, नयाँ याचिका माग्नुको मुख्य मुद्दा अर्थात् विधायकहरूको अयोग्यताको मूल आधारसँग कुनै सम्बन्ध छैन। जानकारी अनुसार पूर्व मुख्यमन्त्री ममता ब्यानर्जीको नेतृत्वमा रहेको गुटका वरिष्ठ विधायक शोभनदेव चट्टोपाध्यायद्वारा दर्ता मुख्य याचिकाको जाँच गर्ने क्रममा यो पाइयो, आवेदन त निर्धारित नियम अनुसार नै थियो, तर त्योसित संलग्न कागज–पत्रहरूको जाँच र हस्ताक्षर निर्धारित मापदण्ड अनुरूप गरिएको थिएन। पश्चिम बङ्गाल विधानसभा (दलबदलको आधारमा अयोग्यता)–को नियम अन्तर्गत, यो अनिवार्य छ कि याचिकासँग संलग्न प्रत्येक कागज–पत्रको प्रत्येक हरेक पृष्ठमा हस्ताक्षर होस् अनि त्यसको सत्यापन त्यसरी नै गरियोस् जस्तो कि मूल आवेदनमा गरिन्छ।

विधानसभा सूत्र मुताविक अध्यक्षले पाए, नियमहरूलाई पूर्ण रूपमा पालना गरिएको थिएन, त्यसैले प्रक्रियागत त्रुटिहरूलाई सुधार्नको लागि नयाँ याचिका मागिएको हो। यस आदेशको सबैभन्दा महत्त्वपूर्ण पक्ष यो हो कि अध्यक्षले १० जना विद्रोही विधायकहरूमाथि लागेको दलबलको आरोपको गुण–दोष (मेरिट)–माथि अन्तिम निर्णय लिएका छैनन्, न त उनले आरोपहरू सही वा गलत रहेको कुनै टिप्पणी नै गरेका छन्।

याचिकाकर्ता शोभनदेव चट्टोपाध्यायलाई सबै कानुनी औपचारिकता र आवश्यक फारमहरू विधिवत रूपमा पूरा गर्दै नयाँ याचिका दर्ता गर्ने छुट दिइएकोछ।

मुख्य चुनाउ आयुक्त जेल जान आवश्यक छः सञ्जय सिंह

बलिया, ९ अक्टोबर (हिस)ः आम आदमी पार्टी (आप) का राज्यसभा सांसद सञ्जय सिंहले शुक्रवार भने, मुख्य चुनाउ आयुक्त जेल जानुपर्छ। उनले भाजपामाथि ज्ञानेश कुमारको माध्यमबाट भोट चोरी गराएको आरोप लगाए। पूर्व विपक्षी नेता स्व.राम गोविन्द चौधरीको तेह्रौँ संस्कारका लागि शुक्रवार गोसाईपुर पुगेका सञ्जय सिंहले पत्रकारहरूसँग कुराकानी गर्दै आरोप लगाए, हालैमा उत्तर प्रदेशमा तेह्र लाख भोट बढ़ाइयो जसको बारेमा कसैलाई थाहा छैन। त्यसै गरी ६५ हजार भोट अकारण काटियो। यो देश एवं प्रदेशमा के भइरहेको छ? यो चुनाउ हो कि ठट्टा हो। यूपीमा अबको तीन महिनापछि चुनाउ हुनेछ। यी तीन महिनाभित्रमा यी मानिसहरूले कस्तो–कस्तो खेल खेल्नेछन्? यदि यसरी नै चुनाउ भयो भने अन्य दलहरूको अवस्था कस्तो हुन्छ? त्यसैले मलाई लाग्छ ज्ञानेश कुमार जेलमा हुनुपर्छ।

उनले ममता ब्यानर्जीले सीजेपीलाई समर्थन गरेको सन्दर्भमा भने, हमी पनि ''भोट चोरीको प्रन्मा सीजेपीको साथमा सँग छौँ। म यो मान्दछु कि हरेक त्यो पार्टी सीजेपीको साथमा छ जसले यो मान्दछ कि देशमा भोट चोरी भइरहेको छ। उनले मुख्य निर्वाचन आयुक्तको चयनमाथि पनि प्रश्न उठाए। उनले भने, ''सर्वोच्च अदालतका मुख्य न्यायाधीशलाई सीईसीको चयन प्रक्रियाबाट बाहिर राखियो। यी सबै कुरा देशका जनताले देखिरहेका छन्। सञ्जय सिंहले ज्ञानेश कुमारविरुद्ध अन्य आरोपहरू पनि लगाए। उनले भने, ''केरलमा हुँदा वर्ष २००६– मा ज्ञानेश कुमारमाथि आरोप लागेको थियो।''

आईआईटी बम्बईको छात्रावासमा ग्यास लिक भएर आगलागी

मुम्बई, ९ अक्टोबर (हिस)ः मुम्बईको पवई क्षेत्रमा रहेको भारतीय प्रौद्योगिकी संस्थान (आईआईटी बम्बई) को छात्रावास नम्बर ६ मा बिहीवार राति ग्यास सिलिन्डरको पाइपबाट ग्यास लिक भएपछि आगलागी भएको छ। घटनामा दुई बालबालिकासहित पाँच जना घाइते भएका छन्। सबैलाई अस्पतालमा भर्ना गरिएको छ र उनीहरूको अवस्था स्थिर रहेको बताइएको छ। पवई पुलिसका एक अधिकारीले शुक्रवार दिएको जानकारीअनुसार, बिहीवार राति आईआईटी बम्बईको छात्रावास नम्बर ६ मा ग्यास सिलिन्डरको पाइपबाट ग्यास चुहिएको थियो। त्यसपछि अचानक आगलागी हुँदा आसपासमा रहेका पाँच जना त्यसको चपेटामा परेर घाइते भएका थिए। घटनामा अंश अहिरवार (१२), तहजीब आलम (९), ईश्वर सिंह (३७), शिवकुमार सिंह (३४) र अनिलकुमार यादव (२३) आगोले जलेर घाइते भएका छन्। सबैलाई प्रारम्भिक उपचारका लागि राजावाडी अस्पताल लगिएको थियो। तीमध्ये चार जनालाई थप उपचारका लागि कस्तुरबा अस्पतालमा स्थानान्तरण गरिएको छ भने एक जनाको राजावाडी अस्पतालमै उपचार भइरहेको छ। चिकित्सकहरूका अनुसार सबैको अवस्था हाल स्थिर छ। शुक्रवार बिहान आगो नियन्त्रणमा लिइएको छ। घटनास्थलमा अहिले आगो निभाएपछिको कूलिंग कार्य जारी छ। ग्यास लिकको वास्तविक कारण भने अझै पत्ता लाग्न सकेको छैन।

नाना पाटेकरलाई राजकीय सम्मानका साथ अन्तिम विदाइ

पुणे, ९ अक्टोबर (हिस)ः दमदार संवाद प्रस्तुति, सहज अभिनय र आफ्नो बेजोड व्यक्तित्वका कारण दशकौँसम्म दर्शकको मनमा राज गरेका दिग्गज अभिनेता नाना पाटेकरलाई पुणेनजिकै डोणजेस्थित उनको फार्महाउसमा राजकीय सम्मानका साथ अन्तिम बिदाई दिइएको छ। पुलिस टोलीले सलामी अर्पण गर्दै उनलाई अन्तिम सम्मान दियो। आफ्ना प्रिय अभिनेताको अन्तिम दर्शन गर्न डोणजेमा ठूलो सङ्ख्यामा मानिसहरू भेला भएका थिए। सबैका आँखा रसाएका थिए भने प्रत्येक अनुहारमा नाना पाटेकरलाई गुमाएको पीडा स्पष्ट देखिन्थ्यो।

नाना पाटेकरको निधनले मराठी र हिन्दी चलचित्र जगतमा शोकको लहर फैलिएको छ। उनको निधनसँगै अभिनयको एउटा समृद्ध र प्रभावशाली यात्राको अन्त्य भएको छ, जसले धेरै पुस्ताका दर्शकलाई आफ्नो अभिनयबाट प्रभावित पारेको थियो। नाना पाटेकरलाई गोवाको डोना पाउला क्षेत्रमा रहेको आफ्नै निवासमा अचानक हृदयाघात भएको थियो। स्वास्थ्य अवस्था बिग्रिएपछि उनलाई मणिपाल अस्पताल लगिएको थियो। चिकित्सकहरूले करिब ४५ मिनेटसम्म सीपीआर मार्फत उनलाई बचाउने भरपूर प्रयास गरे पनि उपचारकै क्रममा उनको निधन भयो। नाना पाटेकरको पार्थिव शरीर विमानमा गोवाबाट पुणे ल्याइएको

थियो। पुणे विमानस्थलबाट पार्थिव शरीरलाई डोणजेस्थित फार्महाउसमा लगियो। अन्तिम दर्शनका लागि ठूलो सङ्ख्यामा प्रशंसक तथा सर्वसाधारण त्यहाँ पुगेका थिए। आफ्ना प्रिय कलाकारलाई अन्तिम बिदाई दिने क्रममा धेरैका आँखा रसाएका थिए।

अन्तिम बिदाईमा चलचित्र जगतका हस्तीहरूको उपस्थिति

नाना पाटेकरलाई अन्तिम बिदाइ दिन राजनीति, समाज तथा चलचित्र जगतका धेरै चर्चित व्यक्तित्वहरू डोणजे पुगेका थिए। महाराष्ट्रका मुख्यमन्त्री देवेन्द्र फडणवीसले पुणे विमानस्थल र डोणजेमा नाना पाटेकरको अन्तिम दर्शन गर्दै उनका परिवारजनलाई समवेदना व्यक्त गरे।

उपमुख्यमन्त्री एकनाथ शिन्दे, उपमुख्यमन्त्री सुनेत्रा पवार, मन्त्री चन्द्रकान्त पाटील, केन्द्रिय राज्यमन्त्री मुरलीधर मोहोल, रामदास आठवले, सुनील तटकरे, माधुरी मिसाल, विधायक गोपीचन्द पडलकर, अर्जुन खोतकर, रुपाली चाकणकर, सदाभाऊ खोत र उदय सामन्तलगायत धेरै नेताहरूले श्रद्धाञ्जली अर्पण गरे।

चलचित्र क्षेत्रबाट अभिनेता मकरन्द अनासपुरे, नागराज मञ्जुले, नीना कुलकर्णी, प्रवीण तरडे, सुरेश वाडकर, पुरुषोत्तम बेर्डे र सुशान्त शेलारका साथै लेखक अरविन्द जगताप तथा 'नाम' फाउन्डेसनका प्रतिनिधिहरू पनि उपस्थित थिए।

सङ्घर्षदेखि सफलताको शिखरसम्म नानाको यात्रा

नाना पाटेकरको वास्तविक नाम विश्वनाथ पाटेकर थियो। अभिनय क्षेत्रमा प्रवेश गर्नुअघि उनले कठिन सङ्घर्ष गरेका थिए। १९७८ सालमा 'गमन' चलचित्रबाट उनको चलचित्र यात्रा शुरु भएको थियो। त्यसपछि मराठी र हिन्दी चलचित्रमा विभिन्न प्रकारका भूमिका निर्वाह गर्दै उनले आफ्नो छुट्टै पहिचान स्थापित गरे, जसको अर्को उदाहरण पाउन कठिन छ।

१९८९ सालमा प्रदर्शित 'परिन्दा' उनको करियरको महत्त्वपूर्ण मोड साबित भयो। यस चलचित्रमा उत्कृष्ट अभिनय गरेबापत उनले सर्वश्रेष्ठ सहायक अभिनेताको राष्ट्रिय चलचित्र पुरस्कार प्राप्त गरेका थिए। त्यसपछि 'अंगार', 'तिरंगा', 'क्रान्तिवीर', 'अग्निसाक्षी', 'खामोशी: द म्युजिकल', 'अब तक छप्पन' र 'अपहरण' जस्ता चलचित्रमा उनले आफ्नो अभिनय क्षमता प्रमाणित गरे।

'क्रान्तिवीर' मा उनको अभिनयका लागि राष्ट्रिय चलचित्र पुरस्कार र फिल्मफेयर पुरस्कार प्रदान गरिएको थियो। यसैगरी, 'नटसम्राट' मा गणपतराव बेलवलकरको भूमिकाले उनको अभिनयको गहिराइ र क्षमता पुनः प्रमाणित गरेको थियो। अर्कोतर्फ, 'वेलकम' चलचित्रमा उदय शेट्टीको भूमिकामार्फत दर्शकले उनको हास्य अभिनयको फरक रूप देख्न पाए।

दर्शकहरूको मनमा सधैँ जीवित रहनेछन् नाना

नाना पाटेकरलाई तीनवटा राष्ट्रिय चलचित्र पुरस्कारसहित धेरै प्रतिष्ठित सम्मानबाट सम्मानित गरिएको थियो। २०१३ सालमा भारत सरकारले उनलाई पद्मश्रीबाट सम्मानित गरेको थियो। अभिनयका साथै उनले सामाजिक सरोकारलाई पनि सधैँ महत्त्व दिएका थिए। 'नाम' फाउन्डेसनमार्फत किसान तथा खडेरी प्रभावित क्षेत्रका मानिसहरूलाई सहयोग गर्न उनले उल्लेखनीय काम गरेका थिए।

नाना पाटेकरको निधन केवल एक अभिनेताको बिदाई मात्र होइन। यो त्यस्ता कलाकारको बिदाई हो, जसको आवाजमा वजन, संवादमा धार र अभिनयमा यस्तो जीवन्तता थियो कि पर्दामा निर्वाह गरिएको पात्र सीधै दर्शकको मनसम्म पुग्थ्यो। डोणजेले नाना पाटेकरलाई अन्तिम सलामी दिए पनि उनको अभिनय, आवाज र सम्झनाहरू सधैँ दर्शकको मनमा जीवित रहनेछन्।

औषधिको विज्ञापनमा कड़ाइ गर्ने तयारी

नयाँ दिल्ली, ९ अक्टोबर (हिस)ः केन्द्रिय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले चिकित्सकको पर्चीमा उपलब्ध हुने औषधिको विज्ञापन सम्बन्धी नियमलाई कड़ा बनाउने तयारी गरेको छ। यस अन्तर्गत औषधि निर्माता कम्पनीका साथै खुद्रा विक्रेता, थोक विक्रेता र वितरकहरूमाथि पनि विज्ञापन सम्बन्धी प्रतिबन्ध लागू गर्ने प्रस्ताव गरिएको छ। स्वास्थ्य मन्त्रालयले शुक्रवार जारी गरेको विज्ञप्ति अनुसार, यस कदमको उद्देश्य अनुमति नलिई औषधिको प्रचार–प्रसारमा रोक लगाउनु र चिकित्सकको सल्लाह बिना औषधि सेवन गर्दा हुनसक्ने सम्भावित हानिबाट मानिसहरूलाई जोगाउनु हो। मन्त्रालयले यस सम्बन्धमा औषधि नियमावली, १९४५ मा संशोधन गर्ने मस्यौदा अधिसूचित गरेको छ। २८ सेप्टेम्बर २०२६ मा जारी राजपत्र अधिसूचना सङ्ख्या जीएसआर ८६१(ई) अन्तर्गत नियम ६५ मा नयाँ उपनियम (२२) थप्ने प्रस्ताव गरिएको छ। यो संशोधन हाल प्रस्तावकै चरणमा रहेको छ र यसबारे सम्बन्धित पक्षहरूबाट सुझाव तथा आपत्ति मागिएको छ।

खुद्रा तथा थोक विक्रेतामाथि पनि प्रतिबन्ध लागू हुनेहालको नियम अनुसार, अनुसूची एच, एच१ र एक्समा समावेश औषधिको विज्ञापन गर्न औषधि निर्माता कम्पनीहरूले केन्द्र सरकारको पूर्वस्वीकृति लिनुपर्छ। तर यी औषधिको खुद्रा तथा थोक बिक्री र वितरण गर्ने इजाजतपत्र प्राप्त व्यवसायीहरूमाथि विज्ञापन सम्बन्धी प्रतिबन्ध स्पष्ट रूपमा लागू गरिएको थिएन। प्रस्तावित संशोधन लागू भएपछि यी श्रेणीका औषधि बिक्री गर्न, भण्डारण गर्न, प्रदर्शन गर्न, बिक्रीका लागि प्रस्तुत गर्न वा वितरण गर्न इजाजतपत्र प्राप्त प्रतिष्ठानहरूमाथि पनि प्रतिबन्ध लागू हुनेछ। त्यस्ता व्यवसायीहरूले केन्द्र सरकारको पूर्वस्वीकृतिबिना सम्बन्धित औषधिको विज्ञापन गर्न पाउने छैनन्।स्वास्थ्य मन्त्रालय अनुसार, यस पहलले औषधिको आपूर्ति तथा वितरण प्रणालीमा नियामकीय निगरानीलाई थप सुदृढ़ बनाउनेछ। साथै, चिकित्सकको सल्लाहबिना औषधि सेवन गर्न मानिसहरूलाई प्रोत्साहित गर्न सक्ने प्रचार–प्रसारमा नियन्त्रण गर्न पनि सहयोग पुग्नेछ। अनुसूची एच, एच१ र एक्समा चिकित्सकीय निगरानी आवश्यक पर्ने औषधिहरू समावेश छन्। यसमा केही प्रतिजैविक औषधि, मनोप्रभावी औषधि तथा अन्य नियन्त्रित औषधिहरू पर्छन्। यस्ता औषधिको अनुचित प्रयोगले स्वास्थ्यमा जोखिम निम्त्याउन सक्छ। मन्त्रालयले औषधि प्राविधिक सल्लाहकार बोर्ड (डीटीएबी) को ९३औँ बैठकका सिफारिसपछि यो प्रस्ताव तयार गरेको हो। बोर्डको बैठक १६ फरवरी २०२६ मा बसेको थियो। उक्त बैठकमा औषधिको बिक्री तथा वितरणका लागि इजाजतपत्र प्राप्त व्यवसायीहरूको विज्ञापनलाई नियमन गर्न उपयुक्त प्रावधान आवश्यक रहेको विषयमा छलफल गरिएको थियो। मन्त्रालयले मस्यौदा नियमावलीमाथि सर्वसाधारण तथा सम्बन्धित पक्षहरूबाट आपत्ति र सुझाव आमन्त्रण गरेको छ। राजपत्र अधिसूचनाका प्रतिहरू सार्वजनिक रूपमा उपलब्ध भएको मितिदेखि ३० दिनभित्र सुझाव पठाउन सकिनेछ।

स्वास्थ्य एवं परिवार कल्याण मंत्रालय
MINISTRY OF HEALTH AND FAMILY WELFARE
सत्यमेव जयते

औषधि नियमावली १९४५ संशोधनको मस्यौदा अधिसूचित

प्रदर्शनअघि लगाइएका प्रतिबन्धबारे सर्वोच्च न्यायालयको सरकारलाई निर्देशन

'यातायात पूर्ण रूपमा बन्द गर्न मिल्दैन'

नयाँ दिल्ली, ९ अक्टोबरः सर्वोच्च न्यायालयले दिल्ली पुलिसले शनिवार ५७ वटा मेट्रो स्टेशन बन्द गर्न दिएको निर्देशनप्रति गम्भीर चिन्ता व्यक्त गरेको छ। राजधानी दिल्लीमा ककरोज जनता पार्टी (सीजेपी) को र्याली आयोजना हुनेवाला थियो। उक्त ऱ्यालीमा मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामाको माग गरिने कार्यक्रमव थियो।

न्यायालयले यस कदमले यी सेवाको उपयोग गर्न पाउने नागरिकहरूको अधिकारमा असर पर्ने बताएको छ।सुनुवाइका क्रममा सर्वोच्च न्यायालयले विरोध प्रदर्शन गर्ने अधिकार र अन्य नागरिकका अधिकारबीच सन्तुलन कायम गर्नुपर्ने बतायो। भारतका प्रधानन्यायाधीश सूर्यकान्तको नेतृत्वमा रहेको इजलासले वरिष्ठ अधिवक्ताहरू कपिल सिब्बल, अभिषेक मनु सिंघवी, प्रशान्त भूषण र वृन्दा ग्रोवरलगायतका दलील सुन्यो। उनीहरूले शनिबारको विरोध प्रदर्शनअघि पुलिसले लगाएका कडा प्रतिबन्धमाथि प्रश्न उठाएका थिए। अधिवक्ताहरूले मेट्रो स्टेशन बन्द गर्ने, रेल सेवा रद्द गर्ने, आवतजावतमा रोक लगाउने तथा आवासीय कल्याण सङ्घ र होटलहरूलाई दिइएका निर्देशनप्रति चिन्ता व्यक्त गरे। उनीहरूका अनुसार यी कदमले मानिसहरूलाई भेला हुन वा दिल्ली आउनबाट रोक्न सक्छन्।

सिब्बलले राष्ट्रिय राजधानीमा यस प्रकारका प्रतिबन्ध कसरी लगाउन सकिन्छ भन्ने प्रश्न उठाए। त्यस्तै, सिंघवीले कुनै घटना नै नभएको अवस्थामा यति ठूलो स्तरमा सावधानीका उपाय अपनाउनु उचित ठहराउन नसकिने तर्क गरे।ङ्गसरकारका तर्फबाट उपस्थित सोलिसिटर जनरल तुषार मेहताले भने यी कदमको बचाउ गर्दै कानुन र व्यवस्थाको अवस्था कायम राख्न यस्तो गरिएको बताए। इजलासले यी प्रतिबन्धले सर्वसाधारणका अधिकारबारे चिन्ता उत्पन्न गरेको बताउँदै विरोध प्रदर्शन गर्ने अधिकार र आम नागरिकको आवश्यक सेवामा पहुँचबीच सन्तुलन कायम राख्नुपर्नेमा जोड दियो।

उल्लेख्य, मतदाता सूचीको विशेष गहन पुनरावलोकनका क्रममा लाखौँ नाम हटाइएको विषयलाई लिएर निर्वाचन आयोगमाथि दबाब बढेको थियो। 'इण्डियन एक्सप्रेस' को अनुसन्धानात्मक समाचारले मतदाता सूची संशोधनका महत्त्वपूर्ण निर्णयहरू तीन निर्वाचन आयुक्तमध्ये दुई जनाको स्वीकृतिबिनै गरिएको आरोप लगाएपछि आयोग र प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारविरुद्ध विरोध चर्किएको हो।निर्वाचन आयोगले भने आरोप अस्वीकार गर्दै आफ्ना सबै निर्णय सर्वसम्मत र कानूनसम्मत रहेको जनाएको छ। विपक्षी दलहरूले भने सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) लाई फाइदा पुग्नेगरी वैध मतदाताको नाम हटाइएको आरोप लगाएका छन्। आयोगका प्रमुख ज्ञानेशकुमारको राजीनामा माग गर्दै प्रदर्शन भइरहेका छन् भने शनिबार नयाँ दिल्लीमा ठूलो प्रदर्शनको तयारी गरिएको छ।

गत विशेष गहन पुनरवलोकन (एसआइआर) सुरु भएयता आयोगमा आन्तरिक मतभेद रहेको 'इन्डियन एक्सप्रेस' ले जनाएको छ। आयोगका तीनमध्ये दुई आयुक्तले पछिल्लो १० महिनामा एसआइआरका प्रमुख निर्णयमाथि एक दर्जनभन्दा बढी पटक औपचारिक आपत्ति जनाएएको समाचारमा उल्लेख छ। बैसट्ठी वर्षीय ज्ञानेशकुमारले सन् २०२५ फेब्रुअरीमा निर्वाचन आयोगको प्रमुखका रूपमा जिम्मेवारी सम्हालेका हुन्। मतदाता सूची संशोधनको विषय सर्वोच्च अदालतमा समेत पुगेको छ। न्यायालयले सरकार र निर्वाचन आयोगसँग स्पष्टीकरण मागेको छ भने यससम्बन्धी अर्को सुनुवाइ आगामी साता हुने तय भएको छ।

जन्तर–मन्तरमा सीजेपीलाई प्रदर्शन गर्ने अनुमति दिइएन

दिल्ली पुलिसले जन्तर–मन्तरमा ककरोच जनता पार्टी (सीजेपी) को प्रस्तावित प्रदर्शनलाई अनुमति दिन अस्वीकार गरेको छ। निर्धारित समय–सीमाको पालन नगरेको तथा पछिल्लो विरोध प्रदर्शनको समयमा नियमहरूको उल्लङ्घन गरिएको कारणहरू यसको पछाड़ि रहेको पुलिसले बताएको छ। यसैबीच क्षेत्रमा शान्ति र कानुन व्यवस्थालाई कायम राख्नको लागि भारतीय नागरिक सुरक्षा संहिता (बिएनएसएस) को धारा १६३ अन्तर्गत निषेधाज्ञा लागू गरिएको छ।

नयाँ दिल्ली रेञ्जकी संयुक्त पुलिस कमिन्र नूपुर प्रसादले बताए अनुसार दिल्ली पुलिसलाई जन्तर–मन्तरमा प्रदर्शन आयोजना गर्ने अनुमतिको लागिगत ७ अक्टोबरमा आवेदन प्राप्त भएको थियो। प्रस्तावित प्रदर्शनको मितिभन्दा तीन दिनअघि मात्र आवेदन गरिएको कारणले निर्धारित प्रक्रियाको पालन हुन सकेन। पुलिसको नियम अनुसार प्रदर्शनका लागि न्यूनतम पनि १० दिनअघि अनुमति लिन आवश्यक छ। पुलिसले अनुमति नदिनुको फसेला पछाड़ि ड़िसीजेपीको पछिल्लो प्रदर्शन अवधि नियमहरू उल्लङ्घन गरेकोलाई पनि एउटा प्रमुख कारण रहेको बताएको छ। यद्यपि, पुलिसद्वारा उपलब्ध गराइएको जानकारीमा पछिल्लो प्रदर्शनको समयमा भएको उल्लङ्घनको प्रकृति र त्योसँग सम्बन्धित घटनाक्रमको विवरण दिइएको छैन।

जोइन्ट पुलिस कमिन्र नूपुर प्रसादले बताइन्, जन्तर–मन्नतर क्षेत्रमा सम्भावित अशान्ति र कानुन व्यवस्था बिग्रने आशङ्कालाई ध्यानमा राख्दै बीएनएसएसको धारा १६३ अन्तर्गत निषेधाज्ञा लागू गरिएको छ। यस प्रावधान अन्तर्गत सक्षम अधिकारीले सम्भावित गड़बड़ी वा सार्वजनिक शान्ति भङ्ग हुनसक्ने आशङ्का भए प्रतिबन्धात्मक आदेश जारी गर्न सक्नेछन्।

पुलिसको भनाइ छ, यस कदमको उद्देश्य क्षेत्रमा शान्ति कायम राख्नु अनि कुनै पनि अप्रिय घटनालाई रोक्नु हो। यद्यपि निषेधाज्ञा आदेश अन्तर्गत लागू हुने विशिष्ट प्रतिबन्धहरू एवं त्यो प्रभावकारी रहने अवधिको बारेमा विस्तृत जानकारी गराइएको छैन।

तट्टाञ्चावडी उपनिर्वाचनः एनआर कङ्ग्रेसका अशोक आनन्द विजयी

पुडुचेरी, ९ अक्टोबर (हिस)ः पुडुचेरीको तट्टान्चावडी विधानसभा क्षेत्रमा भएको उपनिर्वाचनमा सत्तारूढ़ एनआर कङ्ग्रेसका उम्मेदवार अशोक आनन्द विजयी भएका छन्। उनले कुल १३,३५० मत प्राप्त गर्दा कङ्ग्रेसका उम्मेदवार विनायगमले ४,८७६ मत प्राप्त गरे। यससँगै अशोक आनन्दले आफ्ना निकटतम प्रतिद्वन्द्वीलाई ८,४७४ मतको अन्तरले पराजित गरेका छन्। त्यस्तै, द्रविड़ मुन्नेत्र कड़गम (द्रमुक) का उम्मेदवारले ३,२०० मत प्राप्त गरेका छन्। उपलब्ध तथ्याङ्क अनुसार, तट्टाञ्चावडी क्षेत्रमा कुल २१,२५६ मत हालियो। तीमध्ये अशोक आनन्दले १३,३५० मत प्राप्त गरे। यस विजयसँगै पुडुचेरी विधानसभामा एनआर कङ्ग्रेसका विधायकहरूको सङ्ख्या १२ कायम रहेको छ। मुख्यमन्त्री एन रङ्गासामीले राजीनामा दिएपछि तट्टान्चावडी विधानसभा सिट रिक्त भएको थियो। रङ्गासामीले विधानसभा निर्वाचनमा तट्टान्चावडी र मङ्गलम दुवै क्षेत्रबाट उम्मेदवारी दिएका थिए र दुवै सिटमा विजय हासिल गरेका थिए। त्यसपछि उनले तट्टान्चावडीको विधायक पदबाट राजीनामा दिएपछि यस क्षेत्रमा उपनिर्वाचन गराउनुपरेको थियो। हालै सम्पन्न विधानसभा निर्वाचनमा रङ्गासामीले तट्टानचावडी सिटमा १०,०२४ मत प्राप्त गर्दै विजय हासिल गरेका थिए। उनले कङ्ग्रेसका उम्मेदवार विनायगमलाई ४,४४१ मतको अन्तरले पराजित गरेका थिए। अहिले भएको उपनिर्वाचनमा भने उनको पार्टीका उम्मेदवार अशोक आनन्दले ८,४७४ मतको अन्तरले विजय हासिल गरेका छन्। उपनिर्वाचनको नतिजामा एनआर कङ्ग्रेसका उम्मेदवारले कङ्ग्रेस र द्रमुकका उम्मेदवारलाई पछाड़ी पार्दै विजय हासिल गरेका छन्। यस परिणामलाई पार्टीका लागि महत्त्वपूर्ण मानिएको छ, किनभने यस मार्फत उसले तट्टान्चावडी सिटमा आफ्नो पकड़ कायम राखेको छ। विजयपछि अशोक आनन्दले आज साँझ निर्वाचन अधिकृतसँग भेट गरी आफ्नो निर्वाचित भएको प्रमाणपत्र प्राप्त गर्नेछन्। त्यसपछि उनले एनआर कङ्ग्रेसका अध्यक्ष तथा पुडुचेरीका मुख्यमन्त्री एन रङ्गासामीसँग भेट गरी उनको आशीर्वाद र बधाई लिनेछन्।

नन्दीग्राममा भाजपाको ऐतिहासिक जीत

कोलकाता, ९ अक्टोबरः भारतीय जनता पार्टी (भाजपा) ले नन्दीग्राम सिटमा ठूलो जीत हासिल गरेको छ। भाजपाकी हसीन रानी रथ, जो मुख्यमन्त्री सुवेन्दु अधिकारीका पूर्व सहयोगी चन्द्रनाथ रथकी आमा हुन्, ले आफ्ना निकटतम प्रतिद्वन्द्वी तथा कङ्ग्रेसका नेता मिलन प्रधानलाई १ लाख २२ हजार ७५३ मतको अन्तरले पराजित गरिन्। यो अन्तर कुल मतको ७५ प्रतिशत हो।

निर्वाचन आयोगका आँकडाअनुसार रथले १ लाख ६४ हजार ४२७ मत प्राप्त गरिन् भने प्रधानले ४१ हजार ६७४ मत पाए। भारतीय कम्युनिस्ट पार्टीका नेता शान्ति गोपाल गिरीले ५ हजार ७७९ मत प्राप्त गरे भने अल इण्डिया सेक्युलर फ्रन्टका नेता अली मोहम्मद सबसे मिराज खानले १ हजार ६०७ मत पाए। त्यस्तै, रिताब्रत ब्यानर्जीको नेतृत्वमा रहेको लोकतान्त्रिक तृणमूल कङ्ग्रेसका उम्मेदवार एहतेशमुल हकले ८५३ मत प्राप्त गरे। पूर्वी मेदिनीपुर जिल्लामा पर्ने र तामलुक लोकसभा निर्वाचन क्षेत्रको हिस्सा रहेको नन्दीग्राम सुवेन्दु अधिकारीको गढ मानिन्छ। उनले यहाँबाट सन् २०१६, २०२१ र २०२६ मा गरी तीन पटक जीत हासिल गरेका छन्। तर, उनले नन्दीग्राम सिट छाडेर भवानीपुर सिट आफूसँगै राखेका थिए। सन् २०२६ को पश्चिम बङ्गाल विधानसभा चुनावमा उनले भवानीपुरबाट पूर्वमुख्यमन्त्री ममता ब्यानर्जीलाई पराजित गरेका थिए।ङ्गनन्दीग्राम उपचुनावमा मुख्य रूपमा भाजपा र इण्डिया गठबन्धनबीच प्रतिस्पर्धा भएको थियो। ममता ब्यानर्जीको तृणमूल कङ्ग्रेसले कङ्ग्रेसका उम्मेदवार मिलन प्रधानलाई समर्थन गरेको थियो। तृणमूलकी आफ्नै उम्मेदवार सञ्चिता प्रधान डेले सुवेन्दु अधिकारीसँगको बैठकपछि आफ्नो उम्मेदवारी फिर्ता लिएकी थिइन्। तर, कलकत्ता उच्च न्यायालयले उनलाई उपचुनाव लड्न जमानत दिएको थियो।

नोएडा विमानस्थलको नाम अब 'नरेन्द्र मोदी अन्तरराष्ट्रिय विमानस्थल' हुने, योगी मन्त्रीपरिषद्ले दियो स्वीकृति

लखनऊ, ९ अक्टोबरः उत्तर प्रदेशको जेवरमा रहेको नोएडा अन्तर्राष्ट्रिय विमानस्थललाई अब प्रधानमन्त्री नरेन्द्र मोदीको नामबाट नयाँ पहिचान दिने तयारी गरिएको छ। मुख्यमन्त्री योगी आदित्यनाथको अध्यक्षतामा आज बसेको मन्त्रिपरिषद्को बैठकमा विमानस्थलको नाम 'नरेन्द्र मोदी अन्तर्राष्ट्रिय विमानस्थल नोएडा' राख्ने प्रस्ताव पारित गरियो। मुख्यमन्त्रीले लोकभवनस्थित सञ्चारमाध्यम केन्द्रमा आयोजित पत्रकार सम्मेलनमा यसबारे जानकारी दिए।

यस निर्णयका लागि जेवरका विधायक धीरेन्द्र सिंहले प्रधानमन्त्री नरेन्द्र मोदी, मुख्यमन्त्री योगी आदित्यनाथ र प्रदेश मन्त्रिपरिषद्प्रति आभार व्यक्त गरेका छन्। मुख्यमन्त्री योगी आदित्यनाथले प्रधानमन्त्री नरेन्द्र मोदीको मार्गदर्शनमा उत्तर प्रदेश देशको प्रमुख विमानन केन्द्रका रूपमा विकास हुने दिशामा अघि बढिरहेको बताए। उनले प्रधानमन्त्रीका रूपमा र मुख्यमन्त्रीका रूपमा नरेन्द्र मोदीको २५ वर्ष लामो सार्वजनिक सेवाको यात्राको उल्लेख गर्दै अक्टोबर ७ मा यस यात्राको २५ वर्ष पूरा भएको बताए। यस अवसरमा मन्त्रिपरिषद्ले उनको योगदानको सम्मान गर्दै विशेष प्रस्ताव पनि पारित गरेको छ। यता, जेवरका विधायक धीरेन्द्र सिंहले विमानस्थलको नाम प्रधानमन्त्री नरेन्द्र मोदीको नाममा राख्ने निर्णयलाई क्षेत्रको विकाससँग जोड्दै यो केवल विमानस्थलको नाम परिवर्तन गर्ने निर्णय मात्र नभई जेवरलाई विश्वव्यापी विमानन तथा औद्योगिक नक्सामा स्थापित गर्ने दिशामा काम गरेको नेतृत्वप्रतिको सम्मानको प्रतीक भएको बताए।

उनले कुनै समय मुख्य रूपमा कृषिप्रधान क्षेत्रका रूपमा चिनिने जेवर अहिले अन्तर्राष्ट्रिय लगानी, औद्योगिक विकास, रोजगारी र आधुनिक पूर्वाधारका नयाँ केन्द्रका रूपमा उदाइरहेको बताए। यस विकास यात्रामा प्रधानमन्त्री नरेन्द्र मोदीको मार्गदर्शन र मुख्यमन्त्री योगी आदित्यनाथको नेतृत्वको महत्त्वपूर्ण भूमिका रहेको उनले बताए। धीरेन्द्र सिंहले क्षेत्रका किसान र स्थानीय बासिन्दाको योगदान पनि महत्त्वपूर्ण रहेको बताउँदै जेवरको विकासमा उनीहरूको भूमिका अविस्मरणीय रहेको उल्लेख गरे। उनले प्रस्तावित नाम राखिने विमानस्थल आगामी दिनमा विकसित उत्तर प्रदेश र विकसित भारतको पहिचान बन्ने विश्वास व्यक्त गरे।

दिल्लीमा विपक्षी दलहरूको प्रदर्शनलाई ध्यानमा राख्दै रेलवेको सतर्कतामूलक कदम

नयाँ दिल्ली, ९ अक्टोबर (हिस)ः दिल्लीमा १० अक्टोबरमा विपक्षी दलहरूले गर्ने प्रस्तावित प्रदर्शनलाई ध्यानमा राख्दै रेलवले यात्रुहरूको सुरक्षा र सुविधाका लागि सतर्कतामूलक कदम चालेको छ। नयाँ दिल्ली र हजरत निजामुद्दीन रेलवे स्टेशन वरपर बिहान ४ बजीदेखि दिउँसो २ बजीसम्म सड़क यातायात प्रभावित हुने आशङ्का गरिएको छ। यसलाई ध्यानमा राख्दै रेलवेले केही मेल तथा एक्सप्रेस रेलहरू तिनको प्रारम्भिक स्टेशनबाटै रद्द गर्ने निर्णय गरेको छ। रेलवेको जानकारी अनुसार, गुप्तचर सूचनाहरू र यातायात सम्बन्धी परामर्शका आधारमा मध्य दिल्लीमा प्रस्तावित विरोध प्रदर्शनका कारण दुवै प्रमुख रेलवे स्टेशन वरपर ठूलो जाम हुनसक्ने आशङ्का छ। यसले गर्दा यात्रुहरूलाई समयमै स्टेशन पुग्न कठिनाइ हुनसक्छ। रेलवेले हालै नयाँ दिल्ली रेलवे स्टेशनमा भीड़भाड़ र सड़क अवरोधका कारण ठूलो सङ्ख्यामा यात्रुहरू समयमै स्टेशन पुग्न नसकेको जनाएको छ। रेल छुटेका कारण लगभग पाँच हजार यात्रु प्लेटफर्ममै बस्न बाध्य भएका थिए। यस्तो अवस्था फेरि उत्पन्न नहोस् भन्ने उद्देश्यले सतर्कतामूलक निर्णय लिइएको हो।

निर्णय अनुसार, ९ अक्टोबर दिउँसो २ बजीपछि आफ्नो प्रारम्भिक स्टेशनबाट छुट्ने ती सबै मेल तथा एक्सप्रेस रेलहरू रद्द रहनेछन्, जुन १० अक्टोबर बिहान ४ बजीदेखि दिउँसो २ बजीसम्म नयाँ दिल्ली वा हजरत निजामुद्दीन स्टेशन पुग्ने निर्धारित समय थियो। सम्भावित असुविधाबाट यात्रुहरूलाई जोगाउन र रेल सेवा सुरक्षित रूपमा सञ्चालन सुनिश्चित गर्न यो कदम चालिएको रेलवेले जनाएको छ। यात्रुहरूलाई यात्रा गर्नुअघि आफ्नो रेलको अवस्थाबारे जानकारी लिन सुझाव दिइएको छ।

सुनको मूल्यमा सामान्य ह्रास चाँदीको भाउमा परिवर्तन भएन

नयाँ दिल्ली, ९ अक्टोबर (हिस)ः सुनचाँदी बजारमा शुक्रवार प्रारम्भिक कारोबारका क्रममा सुनको मूल्यमा सामान्य गिरावट देखियो। यता, चाँदीको मूल्यमा भने लगातार तेस्रो दिन पनि कुनै परिवर्तन भएको छैन। सुनको मूल्यमा आएको कमजोरीका कारण देशका अधिकांश सुनचाँदी बजारमा २४ क्यारेट सुन प्रतिदश ग्राम १ लाख ४९ हजार ५३० रुपियाँदेखि १ लाख ४९ हजार ६८० रुपियाँसम्म कारोबार भइरहेको छ। त्यसैगरी, २२ क्यारेट सुन प्रतिदश ग्राम १ लाख ३७ हजार ८० रुपियाँदेखि १ लाख ३७ हजार २३० रुपियाँसम्म बिक्री भइरहेको छ।चाँदीको मूल्यमा परिवर्तन नभएकाले दिल्लीको सुनचाँदी बजारमा पनि प्रतिकिलोग्राम २ लाख ३४ हजार ९०० रुपियाँमा कारोबार भइरहेको छ।

दिल्लीमा शुक्रवार २४ क्यारेट सुनको मूल्य प्रतिदश ग्राम १ लाख ४९ हजार ६८० रुपियाँ रहेको छ भने २२ क्यारेट सुनको मूल्य १ लाख ३७ हजार २३० रुपियाँ कायम भएको छ। यता, देशको आर्थिक राजधानी मुम्बईमा २४ क्यारेट सुन प्रतिदश ग्राम १ लाख ४९ हजार ५३० रुपियाँ र २२ क्यारेट सुन १ लाख ३७ हजार ८० रुपियाँमा बिक्री भइरहेको छ। त्यसैगरी, अहमदाबादमा २४ क्यारेट सुनको खुद्रा मूल्य प्रतिदश ग्राम १ लाख ४९ हजार ५८० रुपियाँ र २२ क्यारेट सुनको मूल्य १ लाख ३७ हजार १३० रुपियाँ कायम भएको छ। यी प्रमुख शहरबाहेक चेन्नईमा शुक्रवार २४ क्यारेट सुन प्रतिदश ग्राम १ लाख ४९ हजार ५३० रुपियाँ र २२ क्यारेट सुन १ लाख ३७ हजार ८० रुपियाँमा बिक्री भइरहेको छ। त्यसैगरी, कोलकातामा २४ क्यारेट सुन प्रतिदश ग्राम १ लाख ४९ हजार ५३० रुपियाँ र २२ क्यारेट सुन १ लाख ३७ हजार ८० रुपियाँमा कारोबार भयो। भोपालमा २४ क्यारेट सुनको मूल्य प्रतिदश ग्राम १ लाख ४९ हजार ५८० रुपियाँ रहेको छ भने २२ क्यारेट सुन १ लाख ३७ हजार १३० रुपियाँमा बिक्री भइरहेको छ। जयपुरमा २४ क्यारेट सुन प्रतिदश ग्राम १ लाख ४९ हजार ६८० रुपियाँ र २२ क्यारेट सुन १ लाख ३७ हजार २३० रुपियाँमा बिक्री भइरहेको छ। पटनामा २४ क्यारेट सुनको मूल्य प्रतिदश ग्राम १ लाख ४९ हजार ५८० रुपियाँ रहेको छ भने २२ क्यारेट सुन १ लाख ३७ हजार १३० रुपियाँमा बिक्री भइरहेको छ। लखनउको सुनचाँदी बजारमा आज २४ क्यारेट सुन प्रतिदश ग्राम १ लाख ४९ हजार ६८० रुपियाँ र २२ क्यारेट सुन १ लाख ३७ हजार २३० रुपियाँमा कारोबार भइरहेको छ।

NOTICE INVITING TENDER

The Education Department, Government of Sikkim, invites sealed bids from reputed and eligible firms organizing 3 months Self Defence Training to Girls at **43 PM SHRI Schools** across the State.

The selected bidder shall be responsible for programme implementation, coordination, assessment, training, monitoring, reporting, and submission of all deliverables as specified in the Tender Document. Bidders shall comply with all eligibility criteria, technical specifications, terms, conditions, and timelines as in accordance with the details provided below. **Non-compliance with any mandatory requirement may result in rejection of the bid.**

TABLE: SPECIFICATIONS & CONDITIONS OF TENDER

Sl. No.	Subject
1. Programme	***Self Defence Training for Girls at PM SHRI Schools.***
2. Inclusions	School visit Honorarium to trainers Equipment & Deliverables Assessment Reporting & Documentation.
3. Eligibility	❖ Firm must be a legal entity registered with the Government. ❖ The firm must have a valid GST registration, PAN, and firm registration in the state. ❖ Must have adequate financial and human resource to cater the programme: the certificate from Chartered Financial Institute and Income Tax/GST-related documents, required to be submitted. ❖ Must have executed at least 02 similar works.
4. Submission Requirements	Bidders to submit the following: a) Letter of interest. b) Detailed agency profile showing experience. c) Technical Proposal & Understanding of Requirements d) Valid license and firm registration. e) GST registration certificate. f) Audited financial statements for the past three financial years. g) Proposed plan of action. h) Qualification details and documents of Resource Persons conducting the programme. i) Financial bid in prescribed format (Annexure-II). **Note: *Incomplete bids or bids not qualifying the minimum technical specification are liable to be rejected.***
5. Tender Document Fee	**Rs. 10,000** (non-refundable), payable by Demand Draft in favour of Secretary, School Education, Education Department, Government of Sikkim, payable at Gangtok.
6. Earnest Money Deposit (EMD)	**Rs. 30,000** (refundable) in the form of TDR from a nationalised bank in f/o Secretary, Education Department, payable at Gangtok. • EMD should be valid for one year. • For bidders not selected, EMD will be refunded after the successful bidder is awarded the contract. • For the successful bidder, EMD will be released after satisfactory completion of programme.
7. Tender Form Issuance	Date & Time: **15th October, 2026, up to 4:30 PM.** Place: Planning Cell, Education Department. Tender forms will be issued upon submission of Demand Draft of Rs. 10,000 (non-refundable) in f/o Secretary, School Education, payable at Gangtok.
8. Clarification Period	Last date for bidder queries: **17th October, 2026.** Contact: Joint Director (Planning), Education Department.
9. Bid Submission	Date & Time: **27th October, 2026, by 4:30 PM.** Venue: Planning Cell, Education Department, Jan Sewa Bhawan, Lumsey, Gangtok.
10. Bid Opening	Date & Time: **29th October, 2026, 2.00 PM.** Venue: Office of the Secretary, School Education, Education Department, Jan Sewa Bhawan, Lumsey, Gangtok. Bidders or their authorised representatives may attend.
11. Evaluation & Award	• Bids will be evaluated on compliance with prescribed requirements (mentioned at Sl. No. 4), previous experience, financial quote, and overall value. • Preference may be given to firm/agencies with strong quality, brand assurance and references.
12. General Conditions	• The Department reserves the right to accept or reject any or all tenders without assigning any reason. • The successful bidder must ensure compliance with applicable laws and ensure the timely completion of work.

R.O No: 217/IPR/PUB/Classi/2026-27
Dated: 08.10.2026

Joint Director (Plg.)
Education Department

हिमाली बेला

वर्ष–२०; अङ्क–२७५; वि.सं. २०८३, असोज २४ गते; गान्तोक, शनिवार, १० अक्टोबर, २०२६

संसारमा केही पनि आफैँमा असल र खराब हुँदैनन्। अपितु हामी आफ्नै विचारले नै तिनलाई असल र खराब बनाउने गर्छौँ। ❑ शेक्सपियर

सम्पादकीय

भारतीय लोकतन्त्र र प्रधानमन्त्री मोदी

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले तीन दशकभन्दा लामो समयदेखि एउटा रहस्यमय छवि निर्माण गरेका छन्। डर, विस्मय र अगाध श्रद्धाद्वारा निर्मित उनको त्यही छविले लोकतान्त्रिक विश्वको सबैभन्दा ठूलोमध्ये एक व्यक्तित्वलाई जन्माएको थियो। तर, यतिबेला त्यो छवि ध्वस्त भएको छ। चिकित्सा शिक्षाको प्रवेश परीक्षाका लागि तयार गरिएको प्रश्नपत्र चुहावटका कारण शुरु भएको एउटा सानो विरोध केही हप्तापछि मोदीको १२ वर्षे शासनकालकै सबैभन्दा ठूलो राजनीतिक विद्रोहमा परिणत भएको थियो। विद्यार्थी, भर्खर कलेज पूरा गरेका, बेरोजगार मजदुर, किसान र एकाध सेलेब्रिटीहरू यो आन्दोलनमा एकत्रित भए। उनीहरूले सड़क र सामाजिक सञ्जालमा पछिल्ला दुई पुस्ताको सबैभन्दा बलिया नेता मोदीको भरपूर मजाक उड़ाए।

यो आन्दोलन भारतीय युवाहरूको एउटा पुस्तामा थिग्रिन पुगेको निराशाको नतिजा थियो। ती युवाले आफ्नो खराब हालत मोदीले निर्माण गरेको समृद्ध 'नयाँ भारत'को कथासँग मेल नखाएको देखे। र, हेर्दा अपराजेय देखिने मोदीलाई पछि हट्न बाध्य तुल्याए। यसले के देखाउँछ भने लोकतान्त्रिक संस्थानहरूलाई खोक्रो तुल्याएर आफ्नो वरिपरि शक्ति केन्द्रित गर्ने मोदीको एक दशक लामो प्रयासका बाबजुद भारतीय लोकतन्त्रका असली रक्षक यसका नागरिक नै रहेछन्। मुलुकलाई भ्रष्टाचारमुक्त बनाउँछु, सबैको प्रगति गर्छु र सबैलाई अवसर दिन्छु भनेर मोदी सत्तामा पुगेका थिए। त्यसका लागि करोड़ौँ रोजगारी सिर्जना गर्ने उनको वाचा थियो। त्यस्तै भ्रष्टहरूले विदेशी ब्याङ्कमा लुकाएर राखेको रकम फिर्ता गर्न सके गरीब नागरिकले १५ लाख रुपियाँको दरले पैसा पाउनसक्ने उनको भनाइ थियो। त्यसको सट्टा व्यवहारमा भने उनले आफूलाई ठूलो ठान्ने, असक्षम र द्वेषपूर्ण हिन्दु पहिलो दर्जाको हुने सत्ता दिए। त्यो सत्तामा महाधनी व्यक्तिहरूको अल्पतन्त्र चल्यो, जसले व्यापक स्रोतसाधनमा नियन्त्रण जमायो। व्यावहारिक रूपमा हेर्ने हो भने अर्थतन्त्र नै उनीहरूको हातमा छ।

खासगरी युवाहरूमा बेरोजगारी अत्यधिक छ। धार्मिक अल्पसङ्ख्यकविरुद्ध सरकार क्रूरतापूर्वक प्रस्तुत भएको आरोप लागेको छ। ताकि बहुसङ्ख्यक हिन्दुहरूले जनताको जीवन स्तर सुधार्नमा मोदीले पाएको असफलतामा ध्यान नदिऊन्। रातदिन प्रधानमन्त्रीको प्रशंसा गर्नु सरकारी संयन्त्रको सबैभन्दा पहिलो प्राथमिकता बनेको पनि आरोप छ। देशको सबैभन्दा ठूलो स्टेडियमको नाम मोदीकै नामबाट राखिएको छ। सबैभन्दा गरीबहरूलाई वितरण गरिने राशिनको प्याकेटमा उनकै तस्वीर छ। सरकारी अधिकारीहरूले विद्यार्थीहरूलाई उनको जन्मदिन मनाउन बाध्य पार्छन्। उनको रेडियो कार्यक्रम सुन्न नागरिकहरूको ठुल्ठूला सभा आयोजन गरिन्छ।

मोदी अहिले ७६ वर्षका भए। विश्वको सबैभन्दा ठूलो युवा आबादी भएको मुलुकको नेतृत्व गर्न आफू अब सक्षम नरहेको स्वीकार गरेर सायद उनले ठाउँ छाड्ने छन्। तर, घाइते र कमजोर दुवै भएका उनी अझ खतरनाक बन्न पनि सक्छन्। चोट लागेको सत्ता पुनर्स्थापित गर्न उनी पहिलेभन्दा अप्रत्याशित हुन सक्छन्। सरकारले गरेको वाचा विपरीत पुलिसले प्रदर्शनमा सहभागी भएका विद्यार्थीहरूलाई पक्राउ गरिरहेको खबर आएका छन्। जे भए पनि कुनै समय दिव्य शक्ति भएका 'ईश्वरको दूत' घोषित मोदीलाई यो विनम्र तुल्याउने क्षण हो।

यद्यपि जस्तै परिस्थिति आइपरे तापनि प्रधानमन्त्री नरेन्द्र मोदी सहज रूपमा बाहिर निस्किन सक्षम भएको देखिन्छ। यो नै उनको राजनीतिक चतुऱ्याइँको सबैभन्दा ज्वलन्त उदाहरण हो। देशमा जेन–जी तप्काले शुरु गरेको आन्दोलन अहिले शिथिल अवस्थामा पुगेको छ। यदाकदा एक–दुई समूहले यो आन्दोलनलाई ब्युँताउने कोशिश गरे तापनि ठूला समूहहरू अहिले सेलाउन थालेको छ। दिल्ली विश्वविद्यालयको विद्यार्थी युनियन चुनाउले पनि यो कुराको पुष्टि गरेको छ। हालै सम्पन्न भएको ब्रिक्स सम्मेलनले पनि नरेन्द्र मोदीको कदलाई अझ बढ़ाएको छ। यसले गर्दा देशका विपक्षी राजनीतिक दलका नेताहरूसमक्ष चुनौती झन् बढ़ेर गएको छ।

सिर्जनधर्मीहरूसँग अनुरोध

विचार तपाईंको, तपाईंको विचारलाई सम्प्रेषण गर्ने जिम्मा हाम्रो। घटनाहरू अनेकथरी हुनसक्छन् तर घटनामाथि समीक्षात्मक दृष्टि राख्ने जिम्मेवारी तपाईं–हाम्रो। प्रत्येक युगको इतिहासले यही प्रमाणित गरेको छ। समाज बौद्धिक जगत्को मार्गदर्शनमा अघि बढ्दै प्रगतिको फाँटमा पुगेको छ। यस्तै इतिहासलाई साक्षी राख्दै सिक्किमको बौद्धिक जगत् पनि जागोस् भन्ने हिमाली बेलाको चाहना हो। हिमाली बेलाको चाहनालाई हैंसे तपाईंहरूले पनि दिनुहुनेछ भन्ने आशाका साथ हामी समस्त बौद्धिक जमातबाट विचारपूर्ण, प्रगतिशील एवं समयसापेक्ष रचनाहरूका निम्ति आह्वान गर्दछौं। हिमाली बेलाले के ठानेको भने कारक जहिले पनि बौद्धिक झुण्ड हुन्छ अनि कारकको विचारलाई सम्प्रेषण दिने हामी निमित्त मात्र हौं।

–सम्पादक

केन्द्रको गठबन्धन र स्थानीय चुनाउलाई एउटै तराजुमा जोख्नु कति उचित?

हाम्रो सिक्किममा राजनीति गरिटोपल्छु भन्ने एक–दुईजना साथीभाइका लागि सबैभन्दा सजिलो काम भएको छ– फरक–फरक विषयलाई एउटै ठाउँमा जोड्ने अनि त्यसैबाट आफूअनुकूल निष्कर्ष निकाल्ने। तर राजनीति यति सरल हिसाबले चल्दैन। केन्द्रको गठबन्धन, राज्यस्तरको राजनीतिक मतभेद र स्थानीय निकायको चुनावी रणनीति, यी तीन अलग विषय हुन्। यी विषयलाई जबरजस्ती एउटै बनाइदिएर भ्रम सिर्जना गर्नु न त राजनीतिक इमानदारी हो न त जनताप्रतिको जिम्मेवारी।

माननीय विधायक श्रीमती कला राईले ''हाम्रो पार्टी एनडीएको हिस्सा होइन'' भनेर कतै भन्नुभएको छैन। तथ्य सजिलै बुझिन्छ, केन्द्रमा हाम्रो पार्टी एनडीएको सहयोगी दल हो र संसदीय तहमा हाम्रो गठबन्धन स्पष्ट छ। यसमा अनावश्यक व्याख्या र राजनीतिक कसरत गरिरहनुपर्ने कुनै कारण छैन। तर उहाँको पछिल्लो भनाइको सन्दर्भलाई बुझ्न भने अलिकति राजनीतिक सुझबुझ आवश्यक पर्छ। त्यो के हो भने उहाँको टिप्पणी राज्यमा समय–समयमा हाम्रो सरकार र पार्टीमाथि टिप्पणी गर्ने राज्यस्तरीय भाजपाका केही नेताहरूको सन्दर्भमा आएको राजनीतिक प्रतिक्रिया हो। लोकतन्त्रमा राजनीतिक दल वा नेताले आफूविरुद्ध आएको टिप्पणीको जवाफ दिन पाउँदैनन् भन्ने कुनै नियम छैन।

"एसकेएम पार्टीको केन्द्रसँगको सम्बन्ध के हो भन्ने कुरा स्पष्ट छ। राज्यस्तरमा हाम्रो राजनीतिक धारणा के हो भन्ने कुरा पनि स्पष्ट छ र स्थानीय निर्वाचनमा कसरी जाने भन्ने निर्णय स्थानीय राजनीतिक परिस्थिति र सङ्गठनको आवश्यकता हेरेर हुने कुरा पनि उत्तिकै स्पष्ट छ।"

✍ नवीन दाहाल

आफ्नो धारणा राख्नु, असहमति व्यक्त गर्नु र राजनीतिक प्रश्नमा प्रतिवाद गर्नु लोकतान्त्रिक संस्कारकै एउटा हिस्सा हो। तर कसैले चाहिँ केन्द्रको एनडीए देखे, राज्यमा कहिलेकहीँ अघि आउँदै गरेको बयान देखे अनि दुवैलाई एउटै डोरीले बाँधेर राजनीतिक निष्कर्ष निकालिहाले। तर यस्तो राजनीतिक गणित चाहिँ तथ्यको हिसाबले कमजोर हुन्छ, कुरो बुझौँ।

त्यसैगरी, केन्द्रमा गठबन्धन हुनुको अर्थ देशभरका हरेक तहको निर्वाचन पनि अनिवार्य रूपमा त्यही गठबन्धनको नाममा लड्नुपर्छ भन्ने होइन। स्थानीय राजनीति स्थानीय आवश्यकताबाट चल्छ। स्थानीय निकायको निर्वाचनमा सङ्गठनको अवस्था, स्थानीय समीकरण, उम्मेदवारको स्वीकार्यता र क्षेत्रीय राजनीतिक परिस्थिति महत्त्वपूर्ण हुन्छन्। त्यसैले केन्द्रमा दुई दलबीच गठबन्धन छ भन्दैमा प्रत्येक नगरपालिका, वार्ड वा स्थानीय निर्वाचनमा पनि एउटै ढाँचाको गठबन्धन हुनैपर्छ भन्ने कुनै राजनीतिक बाध्यता हुँदैन। राजनीतिक दलहरू कतिपय ठाउँमा सहकार्य गर्न सक्छन्, कतिपय ठाउँमा अलग–अलग चुनाव लड्न सक्छन्। यो विरोधाभास होइन; लोकतान्त्रिक प्रतिस्पर्धाको स्वाभाविक अभ्यास हो।

अझ स्पष्ट रूपमा भन्नुपर्दा, केन्द्रमा एनडीएसँग एसकेएम पार्टीको गठबन्धन आफ्नो ठाउँमा छ। राज्यस्तरका राजनीतिक विषय आफ्नो ठाउँमा छ। स्थानीय निकायको निर्वाचन रणनीति आफ्नै ठाउँमा छ। यी तीनवटै विषयलाई एउटै भाँड़ामा मोलेर त्यसलाई राजनीतिक विश्लेषणको नाम दिनु भनेको चाहिँ तथ्यभन्दा बढ़ी जनतालाई भ्रम पस्किनु हो।

हाम्रो राज्यका स्वघोषित विपक्षी अर्थात विरोधी मित्रहरूलाई एउटा सामान्य अनुरोध छ, राजनीति गर्नुहोस्, प्रश्न उठाउनुस्, आलोचना गर्नुस् तर तथ्यलाई पनि अलिकति सम्मान गर्नुहोस्। राजनीतिक असहमति लोकतन्त्रको सुन्दर पक्ष हो तर असहमतिलाई प्रमाणित गर्न तथ्यलाई नै बङ्ग्याउन थालियो भने बहस विचारको रहँदैन, यो भ्रमको व्यापार बन्छ।

एसकेएम पार्टीको केन्द्रसँगको सम्बन्ध के हो भन्ने कुरा स्पष्ट छ। राज्यस्तरमा हाम्रो राजनीतिक धारणा के हो भन्ने कुरा पनि स्पष्ट छ र स्थानीय निर्वाचनमा कसरी जाने भन्ने निर्णय स्थानीय राजनीतिक परिस्थिति र सङ्गठनको आवश्यकता हेरेर हुने कुरा पनि उत्तिकै स्पष्ट छ।

त्यसैले, तीन फरक विषयलाई एउटै बनाएर राजनीतिक हल्ला चलाउनुको सट्टा तीनवटै विषयलाई आ–आफ्नो सन्दर्भमा बुझ्नु नै बुद्धिमानी हुन्छ।■

दशैँ : विकृतिले नउछिनोस्

तारा ढकाल

वसन्त, ग्रीष्म, वर्षा, शरद, हेमन्त र शिशिर यी ६ वटा ऋतुभित्र १२ महीना पर्छन। सबै ऋतुको आ–आफ्नो विशेषता भए तापनि शरद ऋतुको छुट्टै महत्व छ। यस ऋतुमा पर्ने असोज महिना र त्यसमा पनि शुक्लपक्षलाई अझ बढ्ता महत्व दिइएको छ। यसबेला न गर्मी न जाड़ै हुन्छ। आकाश उघ्रेको चन्द्रमा र तारागण छर्लङ्ग देखिन्छन्। दिन सुक्खा र रमाइलो हुन्छ। बाली–नाली लागिसकेको, कतै पाकेको र कतै पाक्न आँटेको देखिन्छ। कृषकहरू पनि कामको चटारोबाट प्रायः मुक्त भइसकेका हुन्छन्। यस्तै सबैतिरबाट मौका परेको बेलामा दशैँको चाड़ मनाउने हाम्रो परम्परा छ।

असोज कृष्णपक्षको औँसी तिथिलाई जमरे–औँसी भनिन्छ। यस दिन जमरा राखिन्छ। जमरा भनेको जौको आँकुरा हो। हिज–आज त धान, जौ, तिल मकै सबै मिलाएर जमरा राखिन्छ र त्यमाथि तामोको पवित्र घड़ामा पानी भरेर अनि आँप, बर, पिपल, राई, डुम्म्रो दाइ औषधीमूलक वृक्षका पात हालेर रातो वस्त्र रातो चन्दन, फूल अक्षता आदिले देवीको पूजा गरिन्छ। यस कामलाई घटस्थापना भन्दछन्। भोलिपल्ट अर्थात शुक्लपक्षको परेवा तिथिबाट नौरथा लाग्छ। नौ रातसम्म देवीको पूजा–आराधना हुनाले नवरात्री अथवा नौरथा भनिएको हो। कालो रात अज्ञानको नमूना हो, अज्ञानरूपी रातमा जागो बस्नुको आशय, अज्ञान हटाएर ज्ञान पाउनु हो। यसैकारण हामी कालरात्रीमा देवीको, मोहरात्रीमा श्रीकृष्णको र महाशिवरात्रीमा शिवको आराधना गर्दछौँ र त्यसबाट ज्ञानको खोजी गर्छौँ। यसर्थ वेदले–तमसोमा ज्योतिर्गमय अर्थात् अँध्यारोबाट उज्यालोतर्फ लैजाऊ भनेको हो।

नौरथाको नौ दिनपछिको दशौँ दिन दशैँ हो। नौ दिनसम्म शैलपुत्री आदि नौ देवीको आराधना गरिन्छ र विशेष गरी सातौँ दिनमा कालरात्री, आठौँ महागौरी र नवौँ दिनमा सिद्धिदात्रीको साथै ज्ञानकी देवी सरस्वतीको, धनकी देवी लक्ष्मीको र प्रलयकी देवी कालीको पूजापाठ र आराधना–दुर्गादेवीको नाउँले गरिसकेपछि त्यही पवित्र र स्वास्थ्यप्रद जमरा एवं प्रसाद दशैँका दिन पनि बाँड़िन्छ।

जयन्ती मङ्गला काली भद्रकाली, कपालिनी,
दुर्गा क्षमा शिव धात्री स्वाहा स्वधा नमोस्तुते।।

यस्ता पवित्र मन्त्रद्वारा जमराको पूजा गर्ने परम्परा छ। दुर्गादेवीका धेरै स्वरूप छन्। दुर्गाति हुन नदिने हुनाले दुर्गा भनिएको हो। यहाँ टीकाको विशेषताभन्दा अघि यसको आधार के हो? भन्ने कुरा जान्नु आवश्यक छ। दशैँको टीको किन लगाइन्छ भने, नवरात्री विशेष गरेर शक्तिको उपासना गर्ने शुभ पर्व हो। भौतिक संसारमा मानिसलाई शक्तिशाली हुनलाई ज्ञान–बल तथा सम्पति चाहिन्छ। सरस्वतीले ज्ञान–विद्या, लक्ष्मीले धन–सम्पति र कालीले शत्रु नाश गर्ने बल प्रदान गर्छिन।

देवी–देवता विश्वास र श्रद्धा चाहन्छन्। संसार विश्वासले चल्दछ। देखेको कुरा मात्र सत्य हुन् भन्दा आफ्नो अस्तित्व नै हराउँछ। आध्यात्मिक अर्थमा तीनै देवीहरू भगवानका चैतन्य शक्ति हुन्। यिनैलाई साथमा लिएर ईश्वरले जगतको सृजना–पालन र प्रलय गराउँछन्। यसर्थ नौरथाको सातौँ दिनमा बिहान फूलपातीको पूजा गरेर ज्ञानकी देवी सरस्वतीको पूजा, आठौँ दिन महालक्ष्मी र महाकालीको पूजा हुन्छ। यस रातलाई कालरात्री भनिन्छ। यसै दिन मनका दुर्गुण–काम–क्रोध आदिको प्रतीक मार हान्ने चलन उति सुहाउँदो छैन तर मानिस जिब्राको कमारो हुनाले यो प्रथा आजपर्यन्य छोड्नसकेको छैन। पशु बलि नदिनेले नवौँ रात्रीमा कुभिन्डोज्ञको बलि दिन्छन् र आफ्नो मनोकामना सिद्ध होस् भनेर सिद्धिदात्री देवीको पूजा–आराधना गर्दछन्। यसरी नौ दिनसम्म शक्तिको उपासना र विशेषगरी ज्ञान–धन अनुभवी बुढ़ा–पाका र आमा–बाबु सबैका हातबाट विजयको टीको र आशिष लिनु सभ्य मानवका लागि अत्यन्त गौरवको विषय हो भन्नुमा अनुचित नहोला।

दुर्गा ज्ञान–धन र बलकी मूर्ति हुन्। प्रतीक हुन्। यस दिन भगवान रामले लङ्का विजय गरेका थिए। यसकारण यस दिनलाई विजया दशमी पनि भनिन्छ। यसैगरी सरस्वतीले सत्पुरूषका अधिकारको हनन् गरी मनमानी गर्ने शुभ–निशुभलाई, लक्ष्मीले महिषासुरलाई र कालीले मधु–कैटभ आदि अनेक तमोगणी दानवहरूमाथि विजय गरेको उपलक्ष्यमा विजया दशमीको पर्वमा मान्यजनको शुभ आशिष शक्तिको आराधना र फूल–प्रसाद सखा–सम्बन्धीको भेटघाट, मोवा–मिष्ठानको भोग, मनोरञ्जन र हर्षोल्लास आदिसित मनाउने परम्परा रहिआएको छ।

निधारमा टीको किन लगाइन्छ भने योगशास्त्र अनुसार दुइ आँखीभौँको बीचमा आज्ञा–चक्र हुन्छ, यसै ठाउँमा प्राण शक्ति दिने सुषुम्ना नाड़ीसित ईडा र पिंगला नाड़ी पनि मिलेका हुन्छन्। यस क्षेत्रलाई शान्त र शीतल राख्न श्रीखण्ड केशर–कुकुम आदिको लेप लगाइन्छ। यसरी शीतल गराउन तिलक–चन्दन आदिको लेप लगाउनाले आयु बढ्छ, रोग–पाप नष्ट हुन्छ अनि आपद–विपद आइपर्दैन भन्ने शास्त्रको सम्मति छ। शरीरको उत्तम अङ्ग शिर हो, प्रसाद, टीका र आशीवार्द उत्तम अङ्गले थाप्नुपर्दछ, लत्याउनु हुँदैन। प्रसाधन र श्रृङ्गार मुख–मण्डलमा गरिन्छ।

मानिसको प्रथम दृष्टि अनुहारमा पर्दछ। अनुहारबाटै मानिसको लक्षण पत्तो लाग्छ। यसर्थ निधारलाई महत्त्व दिएर टीका–टालो गर्ने चलन चलिआएको छ। नारीहरूको श्रृङ्गारको टीको बालकमा कुदृष्टि नपरोस भनेर लगाइएको हो। आमाको पैतालाको टीको सौभाग्यवतीको हो। सिन्दुरको टीको, वैष्णवहरूको उर्ध्वपण्ड (ठाड़ो टीको) शैवीहरूको त्रिपुण्ड (तेर्सो तीनधर्के) र साधारण एक थोप्ले टीको यी सबै ज्ञान–आयु, स्वास्थ्य र गौरवका प्रतीक हुन्। खत नलागेको सग्लो चामलको (अक्षता) गाईको पवित्र एवं पौष्टिक दही शक्ति र सामर्थ्यको प्रतीक, रातो चन्दन, सिन्दुर, वस्त्र, फूल आदि सौभाग्य, वीरता र गौरवका चिन्ह हुन, गौरव शीर हो। अत–शिरले स्वीकार गरिन्छ।

शिर लगायत हृदय–नाभी–कण्ठ–शिखा क्षेत्रमा पनि चन्दन–भरम विभूति धारण गरिन्छ। यिनीहरू पनि प्राणशक्तिका क्षेत्र हुन्। टीकाको महत्व आध्यात्मिक र भौतिक दुवै प्रकारले हुन्छ। ईश्वरीय वर–प्रसाद र मान्यजनबाट थापेको आशीवार्दयुक्त दही अक्षताको टीकाले मानिस गौरवशाली र निर्भय रहन्छ। टीका धेरै आकारका हुन्छन्। वैष्णवहरूले उर्ध्वपुण्ड अर्थात् ठाड़ो टीका लगाउँछन् भने शैवीहरू त्रिपुण्ड अर्थात् तीन धर्काको तेर्सो टीका लगाउँछन्। कसैले पूर्ण चन्द्र आकारको एउटा गोलो टीका लगाउँछन्। यी सबै आ–आफ्ना सम्प्रदायको परिचायक हुन् भनेर वर्णन गरियो।

टीका पवित्र वस्तुबाट बनाइन्छ जस्तै श्रीखण्ड, लाल चन्दनको काठ केशर, कस्तुरी, कुम्कुम, हरिद्र, गङ्गामाटी, सिन्दुर, भरम, अबीर आदि। यो स्वास्थ्यकर एवं माङ्गलिक हुन्छ। यसप्रकार टीका नित्य पूजा र कार्यक्रममा प्रतिष्ठित गरिएको देवी देवतालाई चाड़ पर्व र विशेष अवसरमा लगाउने हाम्रो आफ्नै परम्परा छ। पितृकार्यमा लगाइने टीको हर्दीले रङ्गाएको अथवा रङबिनाको हुन्छ। पितृहरू सत्वगुणी हुनाले सेतो, पहेँलो सात्विक वस्तु मनपराउँछन्। शक्तिका प्रतीक देवी, हनुमान, गणेश आदि रातो वस्तुले, शिवलाई सेतोले, विष्णु–राम–कृष्ण रातो–सेतो दुवैले, भूत–प्रेत–शानि–राहु कालो वस्तुले पुजिन्छन्।

भित्रिएको विकृति

दशैँमा आफन्त, मान्यजन र ठूलाबड़ाको हातबाट टीका तथा जमरा लगाउने र आशीर्वाद प्राप्त गर्ने नयाँ–नयाँ कपड़ाहरू लगाउने, आफ्नो क्षमताअनुसार मिठो खाना खाने–खुवाउने, घर–आँगन, बाटो–घाटो, गाउँ–बस्ती सफासुग्घर राख्ने जस्ता काम यस चाड़मा विशेष उत्साहका साथ गरिन्छ। यसो गरेमा वर्षभरि नै सुख प्राप्ति हुने, कार्य सफलता मिल्ने शास्त्रमा उल्लेख गरिएको पाइन्छ। पहिले दशैँमा आफ्नो घरमा रङ लगाउने, गाउँ–घरमा रमाइलो गर्ने, आफूसँग जे छ त्यही कुरामा रमाउने, परिवारहरू भेटघाट गर्ने, मीठो मीठो कुरा खाने गरिन्थ्यो। तर अहिले विगतको तुलनामा दशैँमा विकृति पनि उत्तिकै बढ्दो क्रममा देखिन्छ।

अहिले दशैँ एक–अर्काको देखासिकीमा मनाउने गरिन्छ। कसले कस्तो लुगा लगायो? कस्तो खानेकुरा खायो? कसरी अरू भन्दा राम्रो देखिने? भन्दै आफूसँग पैसा नहुँदा पनि ऋण लिएर दशैँ मनाउने गरिन्छ। दशैँको नाममा विकृति दिन दिनै बढ्दो क्रममा छ। पहिले गाउँ–घरमा दशैँको बेला चिउरा कुट्ने, कदली पकाइने, आफ्नतकोमा जाने जस्ता गतिविधि हुन्थे जो अहिले कतै कतै मात्र देखिन थालेको छ। पारिवारिक भेटघाटको नाउँमा जुवा, तासको विकृति बढ्दो छ। गाउँ–घरमा रात भरि दशैँकै नाममा रक्सी पिउँदै जुवा, तास खेलिने गरिन्छ। यसबाट हामी पनि अछुतो छैनौँ अहिले दशैँको समयमा धेरै आम्दानीभन्दा पनि बढ़ी खर्च हुने संस्कृति भएको छ। दशैँको नाममा अत्याधिक रूपमा मदिरा सेवन गर्ने, स्वास्थ्यको ख्याल नगरी माछा मासु खाने अथवा जुवातासमा समय र पैसा खर्च गर्ने जस्ता विकृती फैलिरहेको छ, जसको अन्त्य गर्न जरुरी छ। ■

(लेखक सिक्किमबाट प्रकाशित दैनिक नेपाली समाचारपत्रका प्रबन्ध सम्पादक हुन)

दशैँको टीका कतिबेला लगाउने?

दशैँ आफैँमा शुभ दिन हो। दशैँको बिहानदेखि दिनभर र अपराह्नसम्म पुरै साइतको दिन हो। अन्य कामका लागि साइत हेर्न आवश्यक भए पनि दशैँका दिन टीकाका लागि थप केही गरिरहन पर्दैन। बिहान उठेर घामको झुल्कोमा दुर्गा विसर्जन गरेर कलशको जलले अभिषेक गरेर आफन्तकोमा टीका लगाउन जाने चलन छ। दशैँमा कतिबेला टीका लगाउने भनेर कुनै अलमल हुनु पर्दैन।

हामीले घटस्थापनादेखि दशमीसम्म दुर्गाको नित्य पूजा गरेका हुन्छौँ। त्यसका आ-आफ्नै प्रक्रिया छन्। शुरुमा घटस्थापना गरिन्छ, सप्तमीका दिन विभिन्न प्रकारका वनस्पती र फलफूलहरूसहित फूलपाती भित्र्याइन्छ। नवदुर्गाको पूजा हुन्छ, हातहतियार अनि यन्त्रहरूको पूजा गरिन्छ। महानवमीका दिन हवन गरिन्छ। विभिन्न धार्मिक अनुष्ठान सम्पन्न गरेपछि दशैँका दिन नित्य पूजा गरेर आरती पुष्पाञ्जली गरेर दुर्गा विसर्जन गरिन्छ। दुर्गा विसर्जन पश्चात कलश उठाएर त्यहाँको जल घरका विभिन्न ठाउँमा छर्ने र शान्ति, प्रगति र उन्नतिको कामना गरिन्छ। दुर्गा विसर्जन गरेपछि टीकाको क्रम शुरु हुन्छ। शुरुमा कुलदेवता, पितृदेवतालाई टीका चढ़ाउने गरिन्छ। कतिपय ठाउँमा घरको मूल ढोकामाथि टीका लगाइदिने भन्ने परम्परा छ। त्यसपछि हामी मान्यजनबाट टीका लगाउँछौँ।

दशैँको टीका र जमरा दुर्गाको प्रसाद हो। पुर्खाको कीर्तिलाई कायम राख्न कृपा मिलोस् भनेर मान्यजन र ठूलाबड़ाबाट आशीर्वादका साथ टीका जमरा लगाइदिने गरिन्छ। कुल परम्पराको वैभव कायम रहोस् भनेर आशीर्वाद दिइन्छ। यसै सिलसिलामा आफ्नतजनसँग भेटघाट, भलाकुसारी लगायतका धार्मिक, सांस्कृतिक र सामाजिक आयामहरूत छँदैछन्। दशैँमा टीकाको जस्तै जमराको पनि आफ्नै विशेष महत्व छ। दुर्गास्थापना गरेको ठाउँमा जौ उमारेर जमरा तयार गरी त्यसलाई टीकापछि प्रसादको रूपमा ग्रहण गरिन्छ। जौ विभिन्न प्रकारको औषधीय तत्वले युक्त वनस्पती हो। ऋषीमुनीहरूले जौलाई अनेक धार्मिक काममा प्रयोग गरे। पूजादेखि पितृकार्यमा जौको प्रयोग हुन्छ। जमराको विभिन्न आयुर्वेदिक प्रयोग पनि हुन्छ। सायद औषधीय गुणका कारण जमराका लागि जौको प्रयोग गरिन्छ।





आस्थाको केन्द्र र हाम्रो पर्यावरण

तर अधिकरणले पशुहरूको उपयोग विस्तारै-विस्तारै समाप्त गर्न श्राईन बोर्डलाई जुन निर्देश दिएको छ त्यो यस व्यवसायसित जोड़िएका मानिसहरूको आजीविकाको दृष्टिबाट अप्रासंगिक लाग्दछ। यो कुरा आफ्नो ठाउँमा सही छ, जुन स्थलमा मानिस र पशुसँगै हुन्छन् त्यहाँ पर्यावरण दूषित हुन्छ नै। तर एक सीमामा उनीहरूको उपस्थिति रह्यो भने उनीहरूद्वारा उत्सर्जित हुने प्रदूषण प्राकृतिक रूपमा जैविक क्रियाको हिस्सा बनेर पञ्च-तत्वमा विलय हुँदछ।

हाम्रा प्रायःजसो प्राचीन तीर्थहरू पर्यावरणको दृष्टिले एकदमै संवेदनशील छन्। धार्मिक आस्थाको सम्मान हरेक वर्ष हुनुपर्छ, तर धर्मसित जोड़िएका स्थलहरू सर-सफाइ गरेर तथा त्यहाँको पर्यावरणको स्वच्छतामाथि पनि ध्यान दिनुपर्छ। आस्था र पर्यावरणको तालमेलले नै यी स्थलहरूको आध्यात्मिकता कायम भएको छ। स्थलहरूमा अन्धाधुन्ध निर्माण र मानिसहरूको बढ्दो जनसंख्याले यी आध्यात्मिक अनुभवहरूलाई त ठेस पुऱ्याउँछ नै भागदौड़ले अनायास त्रासहरू पनि सृष्टि गर्दैछ।

जसरी प्रदूषण र पर्यावरण परिवर्तनको समस्या धार्मिक आस्थाका केन्द्र एवं पर्यटन स्थलहरूमा गहिरिँदै जाँदैछ त्यसरी नै सर्वोच्च न्यायालय र राष्ट्रिय हरित अधिकरणको फैसला पर्यावरण सुधार र जन-सुरक्षाको दृष्टिबाट प्रासंगिक लाग्दैछ। कैयौं निर्णयहरूको प्रशंसा भएको छ, कैयौं निन्दाको परिधिमा आएको छ। अधिकरणले जम्मूस्थित वैष्णो देवी मन्दिरमा दर्शनको निम्ति प्रतिदिन ५०००० श्रद्धालुहरूको संख्या निर्धारित गरेको छ। यदि उक्त संख्याभन्दा अधिक श्रद्धालुहरू आए उनीहरूलाई कटरा र अर्द्धकुमारीमा रोकिइन्छ। वैष्णो देवी मन्दिर भवनको क्षमता ५००००भन्दा अधिक श्रद्धालु बोक्ने छैन। मन्दिर मार्गमा बस्ने स्थलहरूमा फोहोरको निस्तारण र मल-विसर्जनको क्षमताहरू पनि उक्त मानिसहरूको संख्या जति नै छ। यस दृष्टिबाट पर्यावरणलाई स्थिर कायम राख्नमा यो निर्देश एकदमै महत्त्वपूर्ण छ। तर अधिकरणले अमरनाथ मन्दिरको गुफामा ध्वनि प्रदूषणमाथि अंकुश लगाउने पहल गर्दै नरिवल फुटाउन र शंख बजाउनमाथि अंकुश लगाएको छ। तर त्यसको चर्को आलोचना हुँदैछ। यद्यपि दर्शानार्थीहरूको संख्या सीमित गरियो भने भागदौड़को कारण हुने दुर्घटनामा पनि नियन्त्रण गर्नसकिन्छ।

यो निर्देश त्यस याचिकाको सुनवाइको क्रममा आएको हो जसमा याचिकाकर्ताले जम्मूस्थित वैष्णो देवी मन्दिर परिसरमा घोड़ा, गधा, खच्चर आदि जन्तुको आवागमनमाथि रोक लगाउन निर्देश दिन माग गरेका थिए। वास्तवमा यी पारम्परिक पशुहरूमा लादेर दैनिक उपयोग गरिने सामान त ल्याइन्छ नै साथै कैयौं वृद्धवृद्धा, दिव्यांग एवं नानीहरूलाई पनि यसमाथि चढ़ाएर माताको दर्शनको निम्ति ल्याइन्छ। यसको अन्धाधुन्ध प्रयोगले मन्दिर परिसर र मार्गमा प्रदूषण बढ़दैछ। यो प्रदूषण जन-स्वास्थ्यको निम्ति पनि हानिकारक बताइँदैछ। तर उक्त पशुहरूको आवात-जावतले हजारौं परिवारहरूको रोजी-रोटी चल्दैछ। यस दृष्टिबाट उक्त पशुहरूको आवात-जावत पनि अनिवार्य छ।

वैष्णो देवी मन्दिर त्रिकुट पहाड़मा समुद्र तटदेखि ५२०० फुटको उँचाइमा एउटा गुफामा स्थित छ। तरै पनि तीर्थयात्रीहरूको संख्या निरन्तर बढ़ी नै रहेको छ। नवरात्रिको समयमा यो संख्या औसतभन्दा अधिक बढ़दछ। दिसम्बरमा छुट्टीहरूको अवसरमा पनि श्रद्धालुहरूको संख्यामा वृद्धि दर्ता गराइएको छ। यस्तो अवसरमा मन्दिरको प्रबन्धन हेरचाह गर्ने श्राईन बोर्डमाथि दबाउ बढ़दछ। परिणामस्वरूप व्यवस्थाहरूमा धरमराउने संकट गहिरिँदै जान्छ। त्यसैले अधिकरणले श्राईन बोर्डको प्रबन्धनद्वारा उपलब्ध गराइएको तीर्थयात्रीहरूको आँकड़ा र बुनियादी सुविधाहरूको आँकलन गरेपछि यो फैसला लिएको हो।

तर अधिकरणले पशुहरूको उपयोग विस्तारै-विस्तारै समाप्त गर्न श्राईन बोर्डलाई जुन निर्देश दिएको छ त्यो यस व्यवसायसित जोड़िएका मानिसहरूको आजीविकाको दृष्टिबाट अप्रासंगिक लाग्दछ। यो कुरा आफ्नो ठाउँमा सही छ, जुन स्थलमा मानिस र पशुसँगै हुन्छन् त्यहाँ पर्यावरण दूषित हुन्छ नै। तर एक सीमामा उनीहरूको उपस्थिति रह्यो भने उनीहरूद्वारा उत्सर्जित हुने प्रदूषण प्राकृतिक रूपमा जैविक क्रियाको हिस्सा बनेर पञ्च-तत्वमा विलय हुँदछ।

यदि फोहोरको निस्तारण र मल-मूत्रको विर्सजनलाई ध्यानमा राख्यौं भने देशका महानगर र शहरहरू यस समस्यासँग जुझ्न पर्दैन। देशको राजधानी हुँदा हुँदै पनि दिल्ली यस समस्यासँग जुझि रहेको छ। जनसंख्या र भूगोलको अनुपातमा प्रायः जसो शहरमा यी दुवै कुरा नै मिलेको छैन। समस्या यो पनि छ, शहरतर्फ मानिसलाई आकर्षित गर्ने कैयौं उपाय त निकालिएको छ तर त्यस अनुपातमा न त शहरहरूको व्यवस्था सही ढंगमा विस्तार हुँदैछ र न त सुविधाहरू उपलब्ध हुनसकेको छ। हाम्रा जति पनि प्राचीन धर्म-स्थलहरू छन् त्यहाँको धार्मिक पर्यटनलाई प्रोत्साहन दिन कैयौं उपायहरू त निकालिएको छ तर धरातलीय स्तरमा आउने श्रद्धालुहरूलाई सुविधा जुटाइएको छैन। त्यो कतिसम्म भने न त मार्ग चौड़ा गरियो र न त बस्न प्रबन्धनसँगै बिजुली-पानीको सुविधाहरू समुचित हुनसकेको छ। यसैले हरेक वर्ष तीर्थ स्थलहरूमा दुर्घटनाहरू हुनेगर्दछ।

भारतमा गत डेढ़ दशको अवधिमा मन्दिर र अन्य धार्मिक योजनाहरूमा प्रचार-प्रसारको कारण अपेक्षा गरिएकोभन्दा कैयौं गुना बढ़ी भीड़ हुन थालेको छ। यस्तो हुँदा दर्शनलाभको हतार र कुप्रबन्धनको कारण सृष्टि हुने भागदौड़को क्रम जारी छ। जतिसक्दो कम्ती शालीनता र आत्मानुशासनको परिचय दिनुपर्छ भन्ने कुरा अनुसरण गर्न हामीलाई धर्म स्थलले प्रेरित गर्दछ, तर यो कुराको चिन्ता आयोजक र प्रशासनिक अधिकारीकहाँ छैन। तर उनीहरूको जुन सजगता घटनाहरूभन्दा पहिला आएको छ त्यो प्रायः देखिएको छ र? देशले स्वतन्त्रता पाएपछि राजनीतिक र प्रशासनिक तन्त्र त्यस अनियन्त्रित स्थितिलाई नियन्त्रित गर्ने प्रयास गर्दो हो त अवस्था धेरथोर नियन्त्रित हुन्थ्यो होला। त्यसैले भागदौड़ भएको स्थानमा व्यवस्थाको जिम्मेवारी जुन आयोजक, सम्बन्धित विभाग र अधिकारीहरूमा हुँदछ, उनीहरूलाई पनि यस्तो घटनाको निम्ति जिम्मेवार ठहऱ्याइयोस्।

हाम्रा धार्मिक- आध्यात्मिक आयोजन विराट् रूप लिँदै गइरहेको छ। कुम्भ मेलामा त विशेष पर्वको अवसरमा एकैचोटि तीन-तीन करोड़सम्म मानिस एक निश्चित समयबीच स्नान गर्दछन्। तर यस अनुपातमा यातायात र सुरक्षाको व्यवस्थामा ध्यान दिइँदैन। जबकि शासन-प्रशासनसँग गत वर्षको आँकड़ा हुँदछ। यी सबै हुँदा पनि लापरवाही गर्दा चकित तुल्याउँदछ। वास्तवमा कुम्भ वा अन्य मेलामा जति भीड़ हुँदछ त्यसको प्रबन्धनको निम्ति जुन प्रबन्ध कौशलको आवश्यकता पर्दछ, त्यसको अन्य देशका मानिसहरूले कल्पना गर्नसक्छन् र? त्यसैले हाम्रोतिर लाग्ने मेलाहरूको प्रबन्धनको सीख हामी विदेशी साहित्य र प्रशिक्षणबाट लिनसक्दैनौं र? किनभने विश्वका अन्य कुनै देशमा कुनै एक दिन विशेष मुहूर्तको समयमा लाखौं-करोड़ौं भीड़ जुटाउन अपेक्षा गर्नसकिन्छ र? यो भीड़ले रेल र बसमार्फत् नै यात्रा गर्दछ। हाम्रा नोकरशाहहरू भीड़ प्रबन्धनको प्रशिक्षण लिन विशेष गरी युरोपीयन देशहरू जाने गर्दछन्।

पर्यावरणको अहिलेको अवस्था

हामी ५ जूनलाई 'विश्व पर्यावरण दिवस' को रूपमा धूमधामसित पालन गर्छौं। तर यो दिवस मनाउनुको औचित्यबारे कहिल्यै विचार गर्छौं कि गर्दैनौं त्यो विश्लेषण हुन बाँकी नै छ। कहीं कतै त होटलतिर चिया बिस्कुटको चुस्की लिएर पनि विश्व पर्यावरण दिवस मनाउने गरिएको पाइएको छ। विश्व पर्यावरण दिवस किन मनाउन थालियो र यसको आवश्यकता के छ भन्नेबारे गहन चिन्तन र अध्ययन हुन आवश्यक छ अनि आम जनसाधारणले पनि यसबारे बुझेर आ-आफ्नो तर्फबाट सक्दो सहयोग पुऱ्याउनु अहिलेको आवश्यकता हो। विश्व पर्यावरण दिवस मनाउँदा हामी यी कुराहरूमाथि अलिकति ध्यान दिऔंः- विश्वमा चर्चामा रहेको कुरा हो ग्लोबल वार्मिङ अथवा वैश्विक उष्मीकरण। वायुमण्डलमा कार्बनडाईअक्साइड ग्यासको मात्रा बढ्नाले यो अवस्था सिर्जना हुन्छ अनि वायुमण्डलको ओजोन तह यस ग्यासको कारण छिद्र हुन्छ। ओजोन तह यस्तो तह हो जसले सूर्यबाट निस्कने हानिकारक किरणहरू छिर्न दिँदैन र यो पृथ्वीलाई मानिसको वासस्थान बनाइराख्न सहयोग पुऱ्याउँछ। ती हानिकारक किरणले मानिसको स्वास्थ्यमा सोझो प्रभाव पार्छ। अर्कोतिर, उष्मीकरणको कारण समुद्रको सहतमाथि उठ्दै आउँछ र कतिवटा दीपहरू त समुद्रको सतहमुनि पुग्दछ।

यस्तो अवस्था होल्याण्ड (निदरल्याण्ड) र संसारका केही दीपहरूमा समस्याको रूपमा सिर्जना हुन थालेको छ। यी सबै कुराको एउटै मात्र समाधान छ, त्यो हो - वृक्ष रोपन। वृक्ष प्रकृतिले पृथ्वीलाई दिएको एउटा वरदान नै हो। यसले कार्बनडाईअक्साइड ग्यासहरू शोषण गर्छ अनि मानव तथा प्राणी जातिलाई चाहिने अक्सिजन ग्यास उत्सर्जन गर्छ। यही उद्भिदबाटै हामी आफ्नो खाद्यान्न र आहार प्राप्त गर्छौं। कतिपय औषधि र दवाई अनि जरीबुटी पनि यही उद्भिदबाटै प्राप्त हुन्छ। यसैले हाम्रा पूर्वजहरूले रूख र वृक्षको खुबै ख्याल गरेका थिए। जथाभावी रुखहरू काट्दैन थिए। तिनीहरूको प्रकृतिसित नजिकको सम्बन्ध थियो। प्रकृति पूजक थिए। अहिले वैश्विक रूपमै औद्योगिक अनि शहरीकरणको क्रान्ति बढ़ेकोले गर्दा रुख-वृक्षहरू दिन प्रतिदिन ह्रास भएर जाँदा धरतीको पर्यावरण विस्तारै मानिस तथा प्राणीको निम्ति प्रतिकूल बन्दै गइरहेको छ। यहाँ हामीले अहिले श्वास फेर्नलाई शुद्ध हावा पाउँदैनौ।

हावा प्रदूषित त बनेको छ, साथसाथै जमिन, पानी आदि पनि प्रदूषित बनेको छ। कतिवटा त्याज्य पदार्थहरू नदी-नालातिर फ्याँकिने हुनाले नदी-नालाको पानी प्रदूषित बनेको छ। रसायनिक ऊर्वरकहरूको प्रयोगले जमिन (माटो) पनि प्रदूषित बनेको छ भने हल्लाखल्ला अधिक बढ़ेको हुनाले ध्वनि प्रदूषण पनि उत्तिकै छ। मानिसले जिउनको निम्ति उपयुक्त र अनुकूल वातावरण तयार गर्न अब विचार नगरे भोलि पछुताउनु पर्नेछ। यो प्रदूषित पृथ्वीमा मानिसको गतिविधिको कारण अन्य जीवजन्ती पनि मारमा परेका छन्। तिनीहरूले पनि स्वच्छ हावा तथा घाँस-पात पाएका छैनन्। यसैले हामीले पनि कम्तीमा दुई-चारवटा रुखहरू रोपेर, सिञ्चन गरेर, हुर्काएर अनि विश्व वातावरण दिवस पालन गऱ्यौं भने त्यसको औचित्य रहला। नत्र जतिसुकै प्रण र गफ गरे पनि ग्लोबल वार्मिङ कम गर्न सकिनेछैन र अन्तमा यो प्राणीको घर बनेर रहेको ग्रह पनि निर्जीव ग्रह बन्न बेर लाग्दैन। वर्तमान अवस्थाअनुसार, सबैले पर्यावरण संरक्षणको दिशामा कुनै न कुनै रूपमा योगदान दिन आवश्यक देखिन्छ।

मौसम परिवर्तन र जनजीवनमा प्रभाव

हाम्रो जनजीवनलाई मौसम परिवर्तनले कति किसिमले प्रभाव गरिरहेको हुन्छ, हामी त्यो सटीक अनुमान लगाउन सक्दैनौं। कैयौं असरहरू त चर्चामा ल्याउन बाँकी नै छन्। वन विनाश, वातावरणको चौतर्फी विनाश, कृषि भूमिमा उर्वराशक्तिको ह्रास, सतही माटोको विनाश, जलचक्रमा निरन्तर ह्रास, भूमिगत जलस्रोतको बढ़ी दोहन, जमिनको उत्खनन, विशाल उपकरणवाट भूमि स्रोतको दोहन, सड़क विकास निर्माण, वस्ती निर्माण, कृषिमा रासायनिक एवं कीटनाशकको प्रयोगबाट वातावरण र पारिस्थितिकी प्रणालीमाथि हस्तक्षेप आदि कारणले मानव प्रयोगमा रहेको कुनै जमिन वातावरण परिवर्तनको चापमा छ। यस्तो जमिनमा सूर्यबाट प्राप्त ताप छिट्टै संवाहन वा रेडिएशन भएर हराउनसक्छ। यस्तो जमिन छिट्टै अत्यधिक चिसोसमेत हुनेभएकोले रातको समयमा नजिकको हावालाई बढी ठण्डा तुल्याउँछ।

कृषि भूमिमात्र होइन, आज प्राकृतिक अवस्थामा रहेको वन-जंगल, खोला क्षेत्रहरू, झाड़ी वुट्यान क्षेत्रहरू पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विनाशको मारमा छन्। स्रोतहरूको दोहन जताततै बढ़िरहेको छ। वन आगलागी, भू-क्षय, पशुचरन, वन अतिक्रमण, ढुंगा गिट्टीहरूको उत्खनन, वनबाट दाउरा, काठ, स्याउला, पत्कर, घाँसपातको निष्कासन आदि कारणले प्राकृतिक भूमिसमेत वातावरणीय र पारिस्थितिकी सन्तुलनको मामिलामा कमजोर बन्दै गएका छन्। यस्तो स्थितिमा समग्र विनाशको गति तीव्रतर हुनुलाई अस्वाभाविक मान्न सकिँदैन।

जमिनको सतह बढ्दा ठण्डा भएपछि सतहसँग जोड़िएको हावा ठण्डा हुन्छ। ठण्डा हावामाथि जान सक्दैन। यो जमिनको सतहमै रहन्छ र सतहबाट भिरालो भागतिर बहने क्रम शुरु गर्छ। यस्तो ठण्डा हावामा भएको पानीको मात्र द्रविभूत भई कुहिरोमा बद्लिएको हुन्छ। जसले सूर्यको प्रकाशलाई छेक्ने हुँदा दिनको छोटो अवधिमा जमिनसम्म तताउन सक्दैन। यसैले सतहको हावा सतहमै कैयौं दिनसम्म ढुँडिएर बस्ने स्थितिलाई शीतलहर भनिन्छ।

शीतलहरमा तिब्बतबाट बगेर आउने चिसो हावाको ठूलो योगदान छ। तिब्बत ४००० मि. भन्दा अग्लो उँचाइमा उत्तरमा समेत रहेको स्थितिमा त्यहाँबाट बगेर आउने हावा स्वाभावतः चिसो हुन्छ। त्यही हावा मौसमी प्रभावले सतहसँगै बगेर गंगाको मैदानसम्म आएपछि शीतलहरको रूप लिने हो। हिमालयको बेंसीहरू, तराईको फुटहिलहरूमा प्रसस्त वन-जंगल भएको स्थितिमा र तराईमा पनि प्रशस्त वन-जंगल रहेको स्थितिमा शीतलहरको स्थिति कड़ा रूपमा नहुन सक्थ्यो। तर उक्त चारकोशे वनसमेत मासिएको स्थितिले हिउँदको तापक्रमलाई जोगाइराख्ने प्रणाली कमजोर पर्नजाँदा तराईमा शीतलहरको प्रभाव बढ्न गएको हो भन्ने यस पंक्तिकारको अवधारणा रहेको छ। शीतलहर, यससँग जोड़िएको कुहिरोले यातायातलाई मात्र अवरुद्ध गर्ने होइन। यसले सारा कृषि प्रणाली र प्राकृतिक पारिस्थितिकी प्रणालीलाई नराम्रो असर गर्नसक्छ। विस्तारै विस्तारै बढ्दै गइरहेको यो असरलाई हामीले सही आँकलन गर्नसमेत गाह्रो पर्दछ।

शीतलहरले ल्याउने ठण्डाले मानिसलाई र पशुपंक्षीलाई समेत प्रत्यक्ष मृत्युको मुखमा पुऱ्याउने गर्दछ भने अप्रत्यक्ष असरको कुरा गर्दासमेत यसको असर धेरै पक्षमा पर्नेगर्दछ। यसबेला खर्च हुने दाउरा र इन्धनको अर्कै कथा होला। इन्धनको बढ़ी खपतले वातावरण प्रदूषण झन् निम्त्याउँछ।

शीतलहरकै समयमा यातायातमा ढिलाइ हुने, ट्राफिक जाम हुने, दुर्घटनासमेत बढ्ने गरेको पाइएको छ। कपड़ामा गर्नुपर्ने खर्चमा वृद्धि हुन्छ, नुहाई धुवाई, सर-सफाइमा राम्रो ध्यान पुग्नसक्दैन। जनजीवन कष्टकर बनेको हुन्छ। कैयौं हिउँदे तरकारी बालीहरू र अन्य बालीहरू यसको कारणले असफल भएका हुन्छन्। अथवा तिनीहरूको उत्पादनमा र गुणस्तरमा ह्रास आएको हुन्छ। महिनौंसम्म घाम नपर्दा प्रकाश संस्लेषण क्रियामा कमी भई बिरुवाको खाना बनाउने प्रक्रियामा कमी वा रोग कीराको प्रकोपले असर परेको हुन्छ। किसानहरू असफल हुनु भनेको किसानको मात्र समस्या होइन, देशको, सरकारको असफलताको कारण बन्नसक्छ। आज हामीमध्ये कति मौसम परिवर्तनलाई सामान्य रूपमा लिने पनि हौंला। तर मौसम परिवर्तनले सामान्य मात्र होइन, ठूल्ठूला विपत्ति पनि निम्त्याउनसक्छ भन्ने कुरालाई हामीले गम्भीरतापूर्वक नै बुझ्नुपर्ने हुन्छ। साना-साना गर्दै समस्या चुलिने स्थिति मौसम परिवर्तनले ल्याउनसक्छ। मौसम परिवर्तनको भयानक रूप, असन्तुलनको रूप एकैपटक देखा नपर्ला भन्न पनि सकिँदैन। मौसम पृथ्वीवासीका लागि महत्त्वपूर्ण स्रोत भएकोले यसलाई जोगाउन ध्यान दिनु हाम्रो जिम्मेवारी हो।

यसलाई हामीले मौसमी हिउँद भनेर नाम दिनैपर्ने हुन्छ। सब-हिमालय क्षेत्रमा भइरहेको वन विनाश, भू-उपयोगमा परिवर्तन, बढ्दो आद्योगिक गतिविधि, यातायातको तीव्र विकास, शहरीकरण आदि जस्ता गतिविधिले समेत यसमा सघाइरहेका छन्। मौसम परिवर्तनलाई कतिपय वुज्रुग, उपवुज्रुकहरूले अस्वीकार गरिरहेको अवस्थामा यसका असरहरू भने एक पछि अर्को गर्दै मानव, प्राणी र वनस्पतिको जीवनमा प्रभाव पुऱ्याउँदै जानेगरेको स्पष्ट नै देखिन्छ।

अनुहारको मेकअप हटाउने सही तरिका

भनिन्छ, महिलाको सुन्दरता उसको अनुहारमा लुकेको हुन्छ। अनुहारलाई सुन्दर देखाउनकै लागि महिलाहरू लामो समय मेकअपमा खर्चिने गर्छन्। तर, मेकअप गर्दा जति सावधानी अपनाउँछन्, हटाउँदा त्यति ध्यान दिएको पाइँदैन। जबकि, अनुहारमा चमक ल्याउन तथा सुन्दरता बढ़ाउन मेकअप जति आवश्यक हुन्छ, त्यसलाई कायम राख्न सही तरिकाबाट हटाउन पनि त्यति नै आवश्यक हुन्छ। किनभने गलत तरिकाले मेकअप हटाउँदा त्यसले छालालाई मात्र प्रभाव गर्दैन, बरु छालासम्बम्धी कैयौं समस्या पनि निम्त्याउने गर्छ।

मेकअपको साथमा सुत्नु गलत

कैयौं मानिस कार्यालयबाट घर फर्केलगत्तै मेकअप हटाउन अल्छी मान्छन् र त्यसै सुत्ने गर्छन्। जबकि, यस्तो बानीले अनुहारमा मात्र नभई छालामा समेत प्रभाव पर्नसक्छ। र, छाला खराब हुनसक्छ।

सामान्यतया अनुहारमा मेकअप लगाएर सुत्दा छालाका क्षिद्र त्यसका कारण राति बन्द रहने गर्छ। त्यसबाट छालाका क्षिद्रहरूमा पर्याप्त मात्रामा अक्सिजन प्रवाह हुनसक्दैन।

त्यसका कारण छालामा स-साना प्वाल पर्ने गर्छन्। त्यति मात्र होइन, अनुहारको मेकअपलाई बेस्सरी रगडेर हटाउँदा अनुहारका छाला कड़ा हुने तथा खस्रो हुने भएकाले पनि विशेष ध्यान दिनु आवश्यक छ।

आई मेकअप

आँखा शरीरको सबैभन्दा संवेदनशील अंग हो। त्यसैले, आँखाको सुरक्षालाई कायम गर्न पनि हेरचाह आवश्यक छ। त्यसैले आँखाको मेकअप हटाउँदा कहिल्यै टिस्यु वा ट्वाइलेट पेपर प्रयोग नगरौं। बरु, आई मेकअप रिमुभरको प्रयोग गरौं।

कटन बल (कपासको डल्लो)लाई आई मेकअप रिमुभरमा भिजाएर हल्का हातले आँखाको मेकअप उतार्ने प्रयास गरौं। यदि उक्त मेकअप वाटर प्रुफ छ वा आँखाको मस्करा वाटर प्रुफ छ भने त्यसलाई हटाउन ओलिभ तथा बेबी आयलको प्रयोग गर्नसकिन्छ। यसले बिनाकुनै नोक्सानी आँखाको मेकअपलाई सुरक्षित तरिकाले हटाउन मद्दत गर्छ।

अनुहारको मेकअप

अनुहारको मेकअप उतार्न उत्तिकै आवश्यक छ। त्यसका लागि जहिले पनि अल्कोहल क्लिञ्जर तथा नन सोपी मेकअप रिमुभरको प्रयोग गर्नुपर्छ। कटन बललाई क्लिन्जर वा मेकअप रिमुभरमा भिजाएर विस्तारै पुछी अनुहारमा लगाएको फाउण्डेसनका साथै अनुहारको मेकअप हटाउनसकिन्छ। त्यसबाट अनुहार राम्ररी सफा हुन्छ। साथै, अल्कोहलरहित क्लिञ्जर र मेकअप रिमुभरले अनुहारलाई हानी पुऱ्याउँदैन र, अनुहारको प्राकृतिक चमक कायम राख्न सहयोग गर्छ।

कैयौं मानिस कार्यालयबाट घर फर्केलगत्तै मेकअप हटाउन अल्छी मान्छन् र त्यसै सुत्ने गर्छन्। जबकि, यस्तो बानीले अनुहारमा मात्र नभई छालामा समेत प्रभाव पर्नसक्छ। र, छाला खराब हुनसक्छ।

ओंठको मेकअप

ओंठको मेकअप हटाउने सबैभन्दा सरल उपाय भनेको पेट्रोलियम जेलीको प्रयोग हो। पेट्रोलियम जेलीलाई ओंठमा लगाएर त्यसलाई टिस्यु पेपर वा नरम कपडाले विस्तारै सफा गरेमा पनि अनुहारमा हानि हुँदैन।

यस्तै, कोल्ड क्रिमको प्रयोगद्वारा पनि ओंठको लिपस्टिक राम्ररी हटाउनसकिन्छ। यसका लागि ओंठमा कोल्ड क्रिमको प्रयोग गरेर करिब दुई मिनट राख्ने र नरम कपड़ाको सहायताले त्यसलाई राम्ररी सफा गर्ने। यसरी ओठको मेकअप हटाइसकेपछि त्यसमा मोइस्चराइजर क्रिम लगाउन आवश्यक छ ताकि ओंठ सुक्खा नहोस्।

दक्षिण अफ्रिकी न्यायविद् नाभी पिल्लेलाई नोबेल शान्ति पुरस्कार

- सन् २०२६ को नोबेल शान्ति पुरस्कार दक्षिण अफ्रिकी मानवअधिकार कानुन व्यवसायी नवनितेम नाभी पिल्लेलाई प्रदान गरिएको छ
- नर्वेजियन नोबेल समितिले रङ्गभेदकारी शासनविरुद्ध सङ्घर्ष र शान्ति तथा अन्तरराष्ट्रिय कानून प्रवर्द्धनमा योगदानका लागि पुरस्कार दिएको जनाएको छ
- समितिले युद्ध अपराध, मानवता विरोधी अपराध र नरसंहारविरुद्ध मुद्दा चलाइने सुनिश्चित गर्न उनले महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेको छ

ओस्लो, ९ अक्टोबर: सन् २०२६ को नोबेल शान्ति पुरस्कार दक्षिण अफ्रिकी मानवअधिकार कानुन व्यवसायी नवनितम नाभी पिल्लेलाई प्रदान गरिएको छ। नर्वेजियन नोबेल समितिले उनलाई रङ्गभेदकारी शासनविरुद्ध सङ्घर्ष र शान्ति र अन्तरराष्ट्रिय कानुनको प्रवर्द्धनमा पुऱ्याएको योगदानका लागि सन् २०२६ को नोबेल शान्ति पुरस्कार प्रदान गरेको हो। उनले असाधारण साहस र निष्ठाका साथ अझ व्यापक विश्वव्यापी कानुनी व्यवस्थातर्फ बाटो देखाएकी नोबेल समितिले उल्लेख गरेको छ। युद्ध अपराध, मानवता विरोधी अपराध र नरसंहारविरुद्ध मुद्दा चलाइने कुरा सुनिश्चित गर्न उनले महत्त्वपूर्ण भूमिका खेलेको समितिले जनाएको छ।

विश्वव्यापी कानुनी सिद्धान्तहरूप्रतिको नाभी पिल्लेको प्रतिबद्धता र उनको दृढ नैतिक अडानमा उनी सधैं प्रतिबद्ध रहेको पुरस्कार समितिले उल्लेख गरेको छ। दक्षिण अफ्रिकाको डर्बनमा रङ्गभेदको समयमा भारतीय तमिल मूलको परिवारमा जन्मेकी पिल्ले गहिरो संरचनात्मक भेदभाव, पृथकीकरण र बहिष्करणको सामना गर्दै कानुनी क्षेत्रकी पथप्रदर्शक बनिन्। ''नेल्सन मण्डेला र रङ्गभेदविरुद्ध उभिने अन्य व्यक्तिहरूको पक्षमा वकालत गर्ने उनको शुरुवाती कामदेखि लिएर हाम्रो समयका केही प्रमुख अन्तरराष्ट्रिय अदालती मुद्दाहरूमा न्यायाधीशका रूपमा उनले पुऱ्याएको सेवासम्म एउटा साझा शृङ्खला जोडिएको छ,'' समितिले भनेको छ।

विश्वव्यापी कानुनी सिद्धान्तहरूप्रतिको नाभी पिल्लेको प्रतिबद्धता र उनको दृढ नैतिक अडानमा उनी सधैँ प्रतिबद्ध रहेको पुरस्कार समितिले उल्लेख गरेको छ। उनले अन्तरराष्ट्रिय कानुनको दायरा र प्रभावलाई उल्लेखनीय रूपमा बढाएकी छन्। उनले दक्षिण अफ्रिकाको उच्च अदालत, रुवान्डाको अन्तरराष्ट्रिय फौजदारी न्यायाधिकरण र अन्तरराष्ट्रिय फौजदारी अदालतमा न्यायाधीशको रूपमा काम गरिसकेकी छन्।

उनी मानव अधिकारका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्त थिइन् र हाले मात्र उनले 'अकुपाइड प्यालेस्टाइन टेरिटोरी' सम्बन्धी संयुक्त राष्ट्रसङ्घको स्वतन्त्र अन्तरराष्ट्रिय अनुसन्धान आयोगको अध्यक्षता गरेकी थिइन्। अहिले नाभी पिल्ले म्यानमारमाथि नरसंहारको आरोप लागेको मुद्दामा अन्तरराष्ट्रिय न्यायालयमा न्यायाधीशका रूपमा कार्यरत छिन्।

नासाको अपोलो कार्यक्रममा संलग्न वैज्ञानिक ह्यामिल्टनको निधन

न्यूयोर्क, ९ अक्टोबर: नासाको 'अपोलो लुनार प्रोग्राम'मा प्रयोग हुने कम्प्युटर प्रणालीको विकासको नेतृत्व गरेकी अमेरिकी वैज्ञानिक मार्गरेट ह्यामिल्टनको ९० वर्षको उमेरमा निधन भएको नासाले जनाएको छ। 'म्यासाच्युसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआईटी)' ले वक्तव्यमा ह्यामिल्टनलाई 'कम्प्युटिङ' का लागि अगुवा भन्दै उनको मृत्यु सेप्टेम्बर ३० मा भएको बताएको छ। उनले सन् १९५९ देखि १९७० को मध्यसम्म यस प्रतिष्ठित विश्वविद्यालयमा अध्यापन गरेकी थिइन्। ''ह्यामिल्टन 'अपोलो लुनार प्रोग्राम'मा अगुवा वैज्ञानिक थिइन्। उनी आफ्नो समयभन्दा अगाडि थिइन् भन्नु मात्र पनि अत्यधिक कम आँकलन हुनेछ'', अपोलो कार्यक्रमका प्राध्यापक तथा एमआईटीको एरोनटिक्स एण्ड एस्ट्रोनटिक्स विभागका अन्तरिम प्रमुख ओलिभियर डे वेकले भने।

''उनी सफ्टवेयर प्रविधि क्षेत्र आफ्नो प्रारम्भिक अवस्थामा रहेका समय सफ्टवेयर इन्जिनियर थिइन् र उनले आफैँ उन्नत कोड विकास मात्र गरिनन्, त्यस नव प्रविधि प्रयोग गरी मानव जातिको सबैभन्दा जटिल प्रणालीहरूमध्ये एक विकास गर्न टोलीको नेतृत्व पनि गरिन्', डे वेकले थपे। प्रसिद्ध अपोलो कार्यक्रमले संयुक्त राज्य अमेरिकालाई चन्द्रमामा पहिलो मानव अवतरण गर्ने दौडमा सोभियत सङ्घलाई जित्न सहयोग पुऱ्याएको थियो। नासा प्रमुख जरेड आइज्याकम्यानले सामाजिक सञ्जाल एक्समा ह्यामिल्टनलाई श्रद्धाञ्जलि दिँदै उनलाई 'अपोलो र मानव जातिको चन्द्रमाको पहिलो यात्रा सम्भव बनाउ' अभियानको अगुवा भनेका छन्।

''सन् १९३६ मा इण्डियानामा जन्मिएकी ह्यामिल्टनले गणित अध्ययन गरेपछि सन् १९५९ मा पतिसँग बोस्टन, म्यासाच्युसेट्स गएकी थिइन्। उनले एमआईटीमा मौसम विज्ञानमा काम गरेपछि सन् १९६५ मा 'मानिसलाई चन्द्रमामा पठाउने' सफ्टवेयर विकास गर्न मानिस खोजिरहेको प्रयोगशालामा सामेल भएकी थिइन्। उनी एमआईटीमा अपोलो परियोजनाकी पहिलो महिला प्रोग्रामरका साथै यो क्षेत्रकै पहिलो प्रोग्रामरका रूपमा नियुक्त भएकी थिइन्'', विश्वविद्यालयले जनाएको छ। ''सन् १९६८ सम्ममा उनी अपोलोको कमाण्ड एण्ड सर्भिस मोड्युल टोलीको सहायक निर्देशक भइसकेकी थिइन् र अपोलोको सफ्टवेयरमा ४०० भन्दा बढी मानिसहरू कार्यरत थिए'', एमआईटीले भनेको छ।

ह्यामिल्टनलाई महत्त्वपूर्ण अनबोर्ड प्रणालीहरूलाई थप बलियो र दुर्घटना-प्रतिरोधी बनाउने श्रेय दिइएको छ। नासाका अनुसार ऐतिहासिक अपोलो ११ मिसनको इगल ल्यान्डर चन्द्रमामा अवतरण हुनुभन्दा करिब तीन मिनेटअघि उनको सफ्टवेयरले हस्तक्षेप गरेर गलत स्क्रिप्टलाई ओभरराइड गऱ्यो र मिसन सुरक्षित रूपमा जारी रहन सम्भव गराएको थियो। एमआईटी इन्स्ट्रुमेन्टेसन ल्याबबाट छुट्टिएर बनेको ड्रेपर ल्याबोरेटरीका सीईओ जेरी वोह्रेट्जले ह्यामिल्टनले कम्पनीमा 'अमिट छाप' छोडेको बताए। उनले भने, नासाको अपोलो गाइडेन्स कम्प्युटरका लागि अनबोर्ड फ्लाइट सफ्टवेयर विकासमा उनको नेतृत्व र योगदानमार्फत, उनले अपोलो अन्तरिक्ष यात्रीहरूलाई चन्द्र सतहमा सुरक्षित अवतरण गराउन र सुरक्षित घर फर्कन सुनिश्चित गर्न मद्दत गरेकी थिइन्। हामी ड्रेपरमा उनको विरासतलाई सधैँ सम्मान गर्नेछौँ।

ह्यामिल्टनलाई उनको उपलब्धिहरूका लागि पूर्व राष्ट्रपति बाराक ओबामाले सन् २०१६ मा 'प्रेसिडेन्सियल मेडल अफ फ्रिडम'बाट सम्मानित गरेका थिए। सन् २००९ मा ह्यामिल्टनले एमआईटी न्यूजलाई भनेकी थिइन्, ''दोस्रो मौका थिएन। हामीलाई थाहा थियो। हामीले हाम्रो काम गम्भीरतापूर्वक लिन्थ्यौँ, हामीमध्ये धेरैले यो यात्रा २० को दशकमै शुरु गरेका थियौँ। समाधान र नयाँ विचारहरू ल्याउनु साहसिक कार्य थियो। सम्मान र प्रतिबद्धता स्वतःस्फूर्त थियो। आपसी सम्मान सबैतिर थियो। सफ्टवेयर रहस्य थियो, एउटा ब्ल्याक बक्स, उच्च व्यवस्थापनले हामीलाई पूर्ण स्वतन्त्रता र विश्वास दिएको थियो'', ह्यामिल्टनले चन्द्र अभियानको सफलताबारे भनेकी थिइन्।

''पछाडि फर्केर हेर्दा, हामी संसारका सबैभन्दा भाग्यमानी मानिस थियौं; अगुवा बन्नुबाहेक अर्को विकल्प थिएन'', उनले भनेकी थिइन्। ह्यामिल्टनले आफ्नो जीवनभर १३० भन्दा बढी अनुसन्धानात्मक कार्यपत्र प्रकाशित गरेकी थिइन् भने पछिल्लो समय 'हायर अर्डर सफ्टवेयर एन्ड ह्यामिल्टन टेक्नोलोजीज' नामक आफ्नै सफ्टवेयर कम्पनीहरू स्थापना गरेकी थिइन्।

इस्तानबुल विमानस्थल बन्यो विश्वकै सबैभन्दा कनेक्टेड, लण्डनको हिथ्रो दोस्रो स्थानमा

इस्तानबुल, ९ अक्टोबर: टर्कीको इस्तानबुल विमानस्थल विश्वकै सबैभन्दा बढी अन्तरराष्ट्रिय हवाई सम्पर्क भएको विमानस्थल बनेको छ। ओएजीको 'मेगाहब्स २०२६' सूचकाङ्कमा इस्तानबुलले बेलायतको लन्डनस्थित हिथ्रो विमानस्थललाई पछाडि पार्दै पहिलो स्थान हासिल गरेको हो। सीएनएन ट्राभलका अनुसार नेदरल्यान्ड्सको एम्स्टर्डम सिफोल विमानस्थल तेस्रो, मलेसियाको कालालम्पुर चौथो र अमेरिकाको सिकागो ओ'हेर पाँचौँ स्थानमा छन्। विश्वव्यापी उड्डयन तथ्याङ्क उपलब्ध गराउने संस्था ओएजीले विमानस्थलबाट उपलब्ध अन्तरराष्ट्रिय उडान, उडानबिचको कनेक्सन र त्यहाँबाट पुग्न सकिने गन्तव्यको सङ्ख्याका आधारमा यो सूची तयार पारेको हो। यसका लागि सन् २०२६ अगस्ट २ का उडानसम्बन्धी तथ्याङ्क प्रयोग गरिएको थियो। हाल इस्तानबुल विमानस्थलबाट विश्वका करिब ३५० गन्तव्यमा सीधा उडान सम्पर्क छ। पूर्वी र पश्चिमी विश्वलाई जोड्ने भौगोलिक अवस्थिति तथा विस्तारको पर्याप्त सम्भावनाका कारण यो विमानस्थल अन्तरराष्ट्रिय हवाई यातायातको प्रमुख केन्द्रका रूपमा उदाइरहेको छ।

७ करोड ६५ लाख वर्गमिटर क्षेत्रफल

करिब १२ अरब अमेरिकी डलरको लागतमा निर्माण गरिएको इस्तानबुल विमानस्थल सन् २०१८ मा सञ्चालनमा आएको थियो। टर्कीको युरोपेली भूभागमा, इस्तानबुल शहरबाट करिब २० माइल टाढा रहेको यसको कुल क्षेत्रफल ७ करोड ६५ लाख वर्गमिटर छ। यो क्षेत्रफल अमेरिकाको न्यूयोर्कस्थित म्यानहट्टनभन्दा पनि ठुलो हो। विमानस्थलको मुख्य टर्मिनल मात्रै करिब १४ लाख वर्गमिटरमा फैलिएको छ। यहाँबाट वार्षिक ८ करोड ४० लाखभन्दा बढी यात्रुले आवतजावत गर्छन्। तर

विमानस्थलको अहिलेको क्षमता नै अन्तिम सीमा होइन। दीर्घकालीन योजनाअनुसार यसको वार्षिक यात्रु क्षमता बढाएर २० करोड पुऱ्याउने लक्ष्य राखिएको छ। ओएजीका प्रमुख विश्लेषक जोन ग्रान्टका अनुसार आगामी वर्षमा इस्तानबुलको उड्डयन क्षेत्रमा प्रभाव अझ बढ्न सक्छ। पर्याप्त धावनमार्ग, टर्किस एयरलाइन्सको तीव्र विस्तार र मध्य एसियाजस्ता उदीयमान बजारसँगको निकटताले विमानस्थललाई प्रतिस्पर्धात्मक लाभ दिएको छ।

नौवटा धावनमार्ग बनाउने योजना

इस्तानबुल विमानस्थलले हाले आफ्नो चौथो मुख्य धावनमार्ग सञ्चालनमा ल्याएको छ। २ हजार ८२० मिटर लामो यो धावनमार्ग पूर्व–पश्चिम दिशामा रहेको छ। यसले पश्चिमतर्फ जाने उड़ानमा विमानलाई धावनमार्गसम्म पुग्न लाग्ने समय घटाउन र इन्धन बचत गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ। विमानस्थलको दीर्घकालीन योजनामा नौवटा धावनमार्ग निर्माण गर्ने लक्ष्य छ। तीमध्ये छवटा मुख्य र तीनवटा वैकल्पिक धावनमार्ग हुनेछन्। विशेषज्ञका अनुसार इस्तानबुल विश्वका त्यस्ता सीमित विमानस्थलमध्ये एक हो, जसले एकै समयमा तीनवटा धावनमार्ग सञ्चालन गर्न अनुमति पाएको छ। यसबाट व्यस्त समयमा थप उडान सञ्चालन गर्न र उडानको समयपालना सुधार गर्न सहयोग पुग्छ।

टर्किस एयरलाइन्सको ठुलो भूमिका

इस्तानबुल विमानस्थलको सफलतामा टर्किस एयरलाइन्सको भूमिका महत्त्वपूर्ण छ। विमानस्थलबाट सञ्चालन हुने उडानमध्ये करिब ८० प्रतिशत हिस्सा यही एयरलाइन्सको रहेको समाचारमा उल्लेख छ। सन् २०२६ मा टर्किस एयरलाइन्सले करिब १३० देशमा उडान सञ्चालन गरिरहेको छ। कम्पनीसँग बोइङ र एयरबसका ५०० भन्दा बढी विमान छन्। नयाँ पुस्ताका विमानले तुलनात्मक रूपमा कम इन्धन खपत गर्छन्। विमान इन्धनको मूल्य बढ्दा एयरलाइन्सको सञ्चालन खर्च पनि बढ्ने भएकाले आधुनिक विमानको प्रयोगले टर्किस एयरलाइन्सलाई खर्च नियन्त्रण गर्न र हवाई भाडामा प्रतिस्पर्धी बन्न मद्दत गर्छ।

हिथ्रो र सिफोलको सीमाबाट इस्तानबुललाई फाइदा

युरोपका अन्य ठुला विमानस्थलमा विस्तारसम्बन्धी अवरोधले पनि इस्तानबुललाई अघि बढ्न सहयोग गरेको छ। लन्डनको हिथ्रो विमानस्थलमा तेस्रो धावनमार्ग निर्माण गर्ने योजना लामो समयदेखि वातावरणीय चिन्ता र स्थानीय विरोधका कारण अघि बढ्न सकेको छैन। नेदरल्यान्ड्सको सिफोल विमानस्थलमा पनि वार्षिक उडान सङ्ख्यालाई लिएर सीमा तोकिएको छ। यसको तुलनामा इस्तानबुल विमानस्थल सहरको बाहिरि क्षेत्रमा रहेकाले चौबीसै घण्टा सञ्चालन गर्न सक्ने सुविधा उपयोग गर्न सक्छ। ठुलो भूभाग र विस्तारका लागि उपलब्ध ठाउँले पनि यसलाई प्रतिस्पर्धी विमानस्थलभन्दा बलियो बनाएको छ।

अन्तरराष्ट्रिय तनावबिच पनि बढ्दो सम्पर्क

रूस–युक्रेन युद्ध र मध्यपूर्वको तनावले विश्वव्यापी हवाई यातायातमा असर परेको छ। क्षेत्रका केही विमानस्थलमा उडान घटेका बेला इस्तानबुलले भने आफ्नो भौगोलिक अवस्थिति र टर्कीको अन्तरराष्ट्रिय सम्बन्धका कारण तुलनात्मक रूपमा राम्रो अवस्था कायम राखेको छ। टर्किस एयरलाइन्सको 'स्टपओभर' कार्यक्रमले पनि इस्तानबुललाई पर्यटनसँग जोडेको छ। लामो समय ट्रान्जिटमा बस्नुपर्ने यात्रुले उडानबिचको समय उपयोग गर्दै सहर घुम्न र साझेदार होटलमा बस्न सक्ने सुविधा पाउँछन्। यसले इस्तानबुललाई यात्रु ओसारपसार गर्ने केन्द्र मात्र नभई पर्यटकीय गन्तव्यका रूपमा पनि प्रवर्द्धन गर्न सहयोग गरेको छ।

चीनबाट बढ्न सक्छ प्रतिस्पर्धा

ओएजीका विशेषज्ञका अनुसार आगामी तीनदेखि चार वर्षमा चीनका विमानस्थलको अन्तरराष्ट्रिय सम्पर्क तीव्र रूपमा बढ्न सक्छ। चिनियाँ एयरलाइन्सले अन्तरराष्ट्रिय उडान विस्तार गरिरहेकाले त्यहाँका ठुला विमानस्थलले विश्वव्यापी हवाई सम्पर्कको प्रतिस्पर्धामा आफ्नो स्थान सुधार गर्न सक्नेछन्। तर अहिलेलाई भने इस्तानबुललाई यी तीन विषयले प्रत्यक्ष लाभ पुऱ्याइरहेका छन्: पहिलो, युरोप, एसिया र मध्यपूर्वलाई जोड्ने रणनीतिक भौगोलिक अवस्थिति, दोस्रो, तीव्र गतिमा विस्तार भइरहेको राष्ट्रिय एयरलाइन्स र तेस्रो, ठुलो विमानस्थल पूर्वाधार। यी कारणले इस्तानबुल विमानस्थल विश्वका प्रमुख हवाई यातायात केन्द्रमध्ये एकका रूपमा स्थापित हुँदै गएको छ। तर चीनका विमानस्थलको विस्तार र अन्य अन्तरराष्ट्रिय केन्द्रबीचको प्रतिस्पर्धाले आगामी वर्षमा यसको अग्रस्थान कायम राख्ने चुनौती थपिन सक्छ।

पूर्वमेजरको मृत्युदण्डलाई प्रत्यक्ष प्रसारण गर्ने ट्रम्प प्रशासनको तयारी

वाशिङटन, ९ अक्टोबर: अमेरिकाको टेक्सासस्थित फोर्ट हुड सैन्य शिविरमा सन् २००९ मा १३ सैनिकको गोली हानी हत्या गरेका पूर्वसैनिक मेजर निदाल हसनलाई दिइने मृत्युदण्ड प्रत्यक्ष प्रसारण गरिने भएको छ। अमेरिकी रक्षामन्त्री पिट हेगसेथले मृत्युदण्डको दृश्य सर्वसाधारणले हेर्न पाउने बताएका छन्। फायरिङ स्क्वाडबाट मृत्युदण्ड दिइने दृश्य प्रत्यक्ष प्रसारण गर्ने यो निर्णय आधुनिक अमेरिकी इतिहासमै अकल्पनीय मानिएको छ। यो निर्णय कार्यान्वयन भएमा झण्डै एक शताब्दीपछि अमेरिकामा सार्वजनिक रूपमा मृत्युदण्ड दिइएको घटना बन्नेछ। रक्षामन्त्री हेगसेथले 'रियल अमेरिकास भ्वाइस' टेलिभिजनसँगको अन्तर्वार्तामा हसनलाई फायरिङ स्क्वाडबाट मृत्युदण्ड दिइने पुष्टि गरे। ''मानिसहरूले यो हेर्न पाउने व्यवस्था हामी गर्नेछौँ,'' उनले भने, ''यस्ता कार्यको गम्भीर परिणाम हुन्छ भन्ने सर्वसाधारणले बुझ्न आवश्यक छ।'' अमेरिकी सेनाका सचिवले दिएको जानकारीअनुसार हसनलाई आगामी ३ दिसम्बरमा टेक्सासस्थित फोर्ट हुडमै मृत्युदण्ड दिने तयारी छ। यो दोस्रो विश्वयुद्धपछि अमेरिकी सेनामा फायरिङ स्क्वाडबाट मृत्युदण्ड दिन लागिएको पहिलो घटना हुनेछ।

भर्जिनियाका बासिन्दा हसन अमेरिकी सेनामा मनोचिकित्सकका रूपमा कार्यरत थिए। सन् २००९ नोभेम्बर ५ मा उनले फोर्ट हुडको सैनिक स्वास्थ्य परीक्षण केन्द्रमा गोली चलाउँदा १३ सैनिकको मृत्यु हुनुका साथै अन्य घाइते भएका थिए। विदेशमा तैनाथ हुनुअघि स्वास्थ्य परीक्षण र खोप लगाउन सैनिकहरू भेला भएका बेला उनले आक्रमण गरेका थिए। अमेरिकी सैन्य अखडामा गैरयुद्ध गतिविधिमा भएको यसलाई सबैभन्दा घातक आक्रमण मानिन्छ। अदालतमा आफूले गोली चलाएको स्वीकार गर्दै सन् २०१३ को सुनुवाइमा उनले अफगानिस्तानमा रहेका मुस्लिम र तालिबानको रक्षा गर्न त्यस्तो कदम चालेको बताएका थिए।

अमेरिकी सेनाको कानुनअनुसार सैनिकलाई मृत्युदण्ड दिन राष्ट्रपतिको स्वीकृति आवश्यक पर्छ। पेन्टागनका प्रवक्ता सन् पार्नेलले रक्षामन्त्रीले मृत्युदण्डको सिफारिस गरेको र राष्ट्रपति डोनाल्ड ट्रम्पले त्यसलाई स्वीकृति दिएको बताए। तर मृत्युदण्डसम्बन्धी मुद्दामा काम गर्ने वकिल जोन मिल्सले हसनको मुद्दामा पुनरावेदन प्रक्रिया अझै पूरा नभएको बताएका छन्। हसनले सङ्घीय अदालतमा आफ्नो दोषसिद्धि र सजायविरुद्ध पुनरावलोकन माग्न सक्ने र त्यसले मृत्युदण्डको प्रक्रिया रोक्न सक्ने उनको भनाइ छ।

मृत्युदण्ड प्रत्यक्ष प्रसारण गर्ने निर्णयलाई उनले ट्रम्प प्रशासनको प्रचारमुखी कदमको संज्ञा दिँदै यसले न्याय सुनिश्चित गर्नेभन्दा पनि अनावश्यक ध्यान आकर्षित गर्ने बताए। येल विश्वविद्यालयको कानुन संकायका अतिथि प्राध्यापक युजिन आर. फिडेलले मृत्युदण्ड प्रत्यक्ष प्रसारण गर्ने निर्णय दुर्भाग्यपूर्ण भएको टिप्पणी गरे। ''मृत्युदण्डलाई प्रत्यक्ष प्रसारण गर्नु मध्ययुगीन सोचजस्तो हो,'' उनले भने, ''समाजका रूपमा हामी यस्तो अभ्यासभन्दा धेरै अगाडि बढिसकेका छौँ।''

फिडेलका अनुसार हसनले कानुनी उपचार खोजेमा मुद्दाको प्रक्रिया वर्षौंसम्म लम्बिन सक्छ।

अमेरिकाका केही राज्यमा मृत्युदण्डको प्रक्रिया हेर्न पत्रकार वा अन्य साक्षी उपस्थित गराउने व्यवस्था भए पनि प्रत्यक्ष प्रसारण गर्ने अभ्यास यसअघि नभएको फोर्डहम विश्वविद्यालयकी कानुन प्राध्यापक डेबोरा डेनोले बताइन्। उनका अनुसार यसले मृत्युदण्ड कार्यान्वयनमा पारदर्शिता ल्याए पनि अनलाइन प्लेटफर्मका नियम र उमेरसम्बन्धी प्रतिबन्धका प्रश्न भने अनुत्तरित नै छन्। मृत्युदण्डको दृश्य कहाँबाट प्रत्यक्ष प्रसारण गरिने भन्ने स्पष्ट भइसकेको छैन। फेसबुक र इन्स्टाग्रामको स्वामित्व रहेको मेटासहित युट्युब, टिकटक र एक्सजस्ता सामाजिक सञ्जालमा हिंसात्मक सामग्रीमाथि कडा प्रतिबन्ध छ। मेटा र टिकटकले मृत्युदण्ड र वीभत्स सामग्रीको प्रत्यक्ष प्रसारणलाई स्पष्ट रूपमा निषेध गरेका छन्। एक्सको नीतिअनुसार पनि परिवारले अनुरोध गरेमा यस्ता सामग्री हटाउन सकिन्छ।

राष्ट्रपति ट्रम्प लामो समयदेखि मृत्युदण्डको पक्षमा उभिँदै आएका छन्। सन् २०२५ जनवरीमा पुनः राष्ट्रपति पद सम्हालेपछि उनले पूर्वराष्ट्रपति जो बाइडेनले लगाएको सङ्घीय मृत्युदण्डसम्बन्धी रोक हटाएका थिए। त्यसअघि ट्रम्पले इरानमा सार्वजनिक रूपमा दिइने मृत्युदण्डको आलोचनासमेत गरेका थिए। एम्नेस्टी इन्टरनेसनलका अनुसार सन् २०२५ मा विश्वका १७ देशमा दुई हजार सात सयभन्दा बढी मृत्युदण्ड कार्यान्वयन भएका थिए जसमध्ये इरान र अफगानिस्तानमा मात्रै सार्वजनिक रूपमा मृत्युदण्ड दिइएको थियो। अमेरिकामा पछिल्लो सैन्य मृत्युदण्ड सन् १९६१ मा भएको थियो। त्यतिबेला बालिकामाथि बलात्कार गरेको अभियोगमा एक सैनिकलाई झुण्ड्याएर मृत्युदण्ड दिइएको थियो। त्यसअघि सन् १९४५ जनवरीमा दोस्रो विश्वयुद्धका बेला सेनाबाट भागेका एडी स्लोभिकलाई अन्तिम पटक फायरिङ स्क्वाडबाट मृत्युदण्ड दिइएको थियो। हसनको हकमा भने पुनरावेदन प्रक्रिया बाँकी नै रहेकाले दिसम्बर ३ मा निर्धारित मृत्युदण्ड कार्यान्वयन हुनेमा अझै निश्चित छैन।

युक्रेनमा यात्रुबहाक बसमा रूसी बम हमला, ३३ को मृत्यु

क्रामातोर्स्क, ९ अक्टोबर: युक्रेनको युद्धग्रस्त शहर क्रामातोर्स्कमा दुई वटा यात्रुवाहक बसमा रूसले ग्लाइड बम प्रहार गर्दा ३३ जनाको मृत्यु भएको छ। उद्धार अधिकारीहरूका अनुसार आक्रमणमा परि अन्य १८ जना घाइते भएका छन्। डोनेत्स्क क्षेत्रका प्रमुख वादिम फिलास्किनले धेरै भन्दा धेरै सर्वसाधारणको ज्यान लिने नियतले रूसले यात्रुवाहक बसलाई निशाना बनाएको आरोप लगाएका छन्।

स्थानीय अभियोजकहरूले सार्वजनिक गरेका तस्बिरहरूमा सडकमा जलिरहेका बसका भग्नावशेष, छरिएका वस्तुहरू र पीडितहरूको शव देख्न सकिन्छ।

रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनको औद्योगिक क्षेत्र डोनबासलाई कब्जा गर्ने रणनीतिअन्तर्गत क्रामातोर्स्क र छिमेकी स्लोभ्यान्स्क शहरलाई घेर्ने प्रयास गरिरहेका छन्।

पछिल्ला दिनहरूमा रूसले युक्रेनभरि आक्रमणलाई तीव्र बनाएको छ, जसका कारण सर्वसाधारणको क्षति ह्वात्तै बढेको छ। संयुक्त राष्ट्रसङ्घका अनुसार सन् २०२५ को तुलनामा यस वर्षको अगस्टसम्ममै युक्रेनमा धेरै सर्वसाधारणको ज्यान गइसकेको छ। यसअघि बुधवार बिहान किभको पूर्वमा रहेको प्रिलुकीमा एक पाँचतले आवासीय भवनमा भएको आक्रमणमा ५ बालबालिकासहित २२ जनाको मृत्यु भएको थियो।

चुनाउअघि इरानमा आक्रमण नगर्ने ट्रम्पको घोषणा

वाशिङटन, ९ अक्टोबर: अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ३ नोभेम्बरमा हुने मध्यावधि निर्वाचनअघि इरानमाथि आक्रमण नगर्ने घोषणा गरेका छन्। उनले इरानसँग फलदायी छलफल भइरहेको बताउँदै आर्थिक र सैन्य रूपमा इरान कमजोर अवस्थामा रहेको दाबी गरेका छन्। ट्रम्पको घोषणाअघि अमेरिकी सञ्चारमाध्यमले ह्वाइट हाउसले इरानका सम्भावित सैन्य लक्ष्यमा आक्रमणको योजना बनाउन पेन्टागनलाई निर्देशन दिएको समाचार सार्वजनिक गरेका थिए। यसैबिच, होर्मुज जलडमरूमध्यमा तनाउ र यमनका इरानसमर्थित हुथी तथा साउदी अरबबीचको शत्रुताले कच्चा तेलको मूल्य प्रतिब्यारेल १०५.८८ अमेरिकी डलरसम्म पुगेको थियो। अमेरिका र इजरायलले २८ फरवरीमा इरानविरुद्ध युद्ध शुरु गरेपछि बढेको इन्धनको मूल्यप्रति अमेरिकी मतदाता असन्तुष्ट रहेको जनमत सर्वेक्षणले देखाएका छन्। युद्ध अन्त्य भएपछि मूल्य घट्ने ट्रम्पको दाबीले मतदातालाई आश्वस्त पार्न सकेको छैन। अमेरिकामा मध्यावधि निर्वाचन नजिकिँदै गर्दा ट्रम्पको रिपब्लिकन पार्टीले कङ्ग्रेसमा बहुमत गुमाउन सक्ने जोखिम छ। डेमोक्रेटहरूले प्रतिनिधिसभामा बहुमत पाए आफूले तेस्रो महाभियोग सामना गर्नुपर्ने ट्रम्पले चेतावनी दिएका छन्।

मुम्बईको गिरगाउँ चौपाटीमा भव्य रामलीला मञ्चन हुने

मुम्बई, ९ अक्टोबर (हिस): मुम्बईको गिरगाउँ चौपाटीमा यस वर्ष आदर्श रामलीला महोत्सव २०२६ भव्य रङ्गमञ्चीय प्रस्तुतिका साथ आयोजना गरिने भएको छ। अक्टोबर ११ देखि २० सम्म सञ्चालन हुने यस महोत्सवमा लेखक तथा निर्देशक योगेश वी. पगारे र सङ्गीत निर्देशक मोन्टी शर्माको महत्त्वपूर्ण भूमिका रहनेछ।साल १९६४ देखि चल्दै आएको रामलीलाको परम्परालाई यस पटक आधुनिक प्रविधि, भव्य मञ्च सजावट र प्रभावशाली सङ्गीतका साथ नयाँ स्वरूपमा प्रस्तुत गरिनेछ। श्री आदर्श रामलीला महोत्सव समितिद्वारा आयोजित यस कार्यक्रमको निर्माण डिविनिटी प्रोडक्सन्सले गरेको हो। महोत्सवबारे जानकारी दिन शुक्रवार आयोजित पत्रकार सम्मेलनमा निर्देशक योगेश वी. पगारे, सङ्गीत निर्देशक मोन्टी शर्मा, समितिका अध्यक्ष राजेन्द्र अग्रवाल, सचिव कनबिहारी अग्रवाल र कोषाध्यक्ष वैभव गुप्ता उपस्थित थिए। यस अवसरमा कलाकारहरूले रामलीलाको एउटा विशेष प्रसङ्गको प्रस्तुति समेत दिए। आयोजनाको मुख्य आकर्षणमा लगभग १,५०० दर्शक क्षमताको जर्मन ह्याङ्गर सभागृह, ६४ फिटको विशाल एचडी एलईडी मञ्च, आधुनिक प्रकाश तथा ध्वनि व्यवस्था, भव्य मञ्च सजावट र परम्परागत वेशभूषा रहनेछन्। यस कार्यक्रममा ५० भन्दा बढी कलाकारले सहभागिता जनाउनेछन्।

योगेश वी. पगारेले रामलीलाको मञ्चन कथा सुनाउने माध्यम मात्र नभई ठूलो जिम्मेवारी पनि भएको बताए। रामायणका प्रसङ्गहरूको गरिमा र भावनालाई कायम राख्दै तिनको सन्देश प्रभावकारी रूपमा दर्शकसम्म पुऱ्याउनु आफ्नो प्रयास रहेको उनले बताए। त्यस्तै, मोन्टी शर्माले सङ्गीतमा भक्ति, वीरता, करुणा र उत्सवका भावलाई विशेष प्राथमिकता दिइएको जानकारी दिए। यसबाट पात्रहरू र दृश्यहरूको भावनात्मक गहिराइलाई प्रभावकारी रूपमा प्रस्तुत गर्न सहयोग पुग्ने उनले बताए। यस वर्ष महोत्सवमा रामलीला मञ्चनका अतिरिक्त सरयू आरती, महाआरती, ३डी राम दर्शन, आभासी वास्तविकता मार्फत धाम दर्शन, रामायण ज्ञान दीर्घा, भजन सङ्गीत कार्यक्रम र आध्यात्मिक संवाद जस्ता गतिविधि पनि आयोजना गरिनेछन्। समितिका पदाधिकारीहरू अनुसार, यी कार्यक्रम मार्फत बालबालिका, युवा र परिवारहरूलाई रामकथासँग जोड्ने प्रयास गरिएको छ। आयोजनामा दर्शकहरूको सुविधा र सुरक्षाका साथै प्राविधिक व्यवस्थामा पनि विशेष ध्यान दिइनेछ। छह दशकभन्दा लामो सांस्कृतिक परम्परालाई नयाँ पुस्तासम्म पुर्याउनु समितिको मुख्य उद्देश्य रहेको छ।

उत्तर-पूर्वी क्षेत्रका तालिम संस्थाहरूलाई मजबुत पार्न गुवाहाटीमा 'मिशन कर्मयोगी' सम्बन्धी क्षेत्रीय कार्यशाला सम्पन्न

- **कार्यशालाको मुख्य उद्देश्य भविष्यका लागि तयार निजामती सेवाका लागि संस्थागत रूपान्तरण, डिजिटल प्रविधिको अवलम्बन र राज्य-विशेष कार्ययोजनाहरूमा केन्द्रित रहनु थियो।**
- **असममा ५,४२,४०६ कर्मचारीहरू मआईजीओटी कर्मयोगीफ डिजिटल शिक्षण प्लेटफर्ममा आबद्ध भएका छन्।**

क्षमता विकास आयोग (सीबीसी) ले आज गुवाहाटीमा ममिशन कर्मयोगीफ अन्तर्गत मसाधना शृङ्खलाफशृङ्खलाको दोस्रो क्षेत्रीय कार्यशाला आयोजना गर्यो। भविष्यका लागि तयार र अन्तर-सम्बन्धित प्रणाली (ईको-सिस्टम) तर्फ तालिम संस्थानहरूको सुदृढीकरण भन्ने विषयवस्तुमा आधारित यस कार्यशालामा असमका मुख्य सचिव डा. रवि कोटाको उपस्थिति थियो। उत्तर-पूर्वी क्षेत्र विकास मन्त्रालय (डोनर) का सचिव श्री कटिकिथाला श्रीनिवासनले कार्यशालाको उद्घाटन गरे।

कार्यशालालाई सम्बोधन गर्दै श्री श्रीनिवासनले ममिशन कर्मयोगीफको महत्त्वबारे प्रकाश पार्नुका साथै र क्षमता विकासलाई भारतको शासन संरचनामा भएको सबैभन्दा महत्त्वपूर्ण रूपान्तरणमध्ये एकको रूपमा वर्णन गरे। उनले प्रशासनिक दक्षता बढाउन, सार्वजनिक सेवा प्रवाहमा सुधार गर्न र नागरिक-केन्द्रित शासन व्यवस्थालाई अझ प्रभावकारी बनाउन निजामती कर्मचारीहरूको क्षमता मजबुत गर्नु अपरिहार्य रहेको कुरामा जोड दिए। उनले संस्थागत क्षमता निर्माण र शासन व्यवस्थाका नतिजाहरूमा सुधार ल्याउन डिजिटल उपकरण, कम्प्युटिङ प्रविधि र आधुनिक कार्यपद्धतिहरूको भूमिकामा पनि जोड दिए।

श्री श्रीनिवासनले यस क्षेत्रको विशिष्ट प्रशासनिक, राजनीतिक र शासन संस्कृतिलाई ध्यानमा राख्दै मयुनिफाइड न्यु-एज नेशनल ट्रेनिङ इनिसिएटिभफ(उन्नति) मार्फत उत्तर-पूर्वमा क्षमता अभिवृद्धि पहलहरूलाई मजबुत गर्नुपर्ने आवश्यकतामा जोड दिए। स्थानीयकरणको महत्त्वलाई औंल्याउँदै उनले भने, उन्नति लाई प्रभावकारी, आकर्षक र परिणाममुखी बनाउन हामीले उत्तर-पूर्वको विशिष्ट संस्कृतिको भावना अनुरूप काम गर्नुपर्छ, र त्यो केवल स्थानीयकरणमार्फत मात्र सम्भव छ। उनले आठ उत्तर-पूर्वी राज्यहरूको विशिष्ट आवश्यकता, प्राथमिकता र आकांक्षाहरूलाई सम्बोधन गर्न उन्नतिका लागि मअष्टलक्ष्मीफ विशेष दृष्टिकोण विकास गर्न पनि आह्वान गरे।

यस कार्यशालाले असम, अरुणाचल प्रदेश, मणिपुर, मेघालय, मिजोरम, नागाल्याण्ड, सिक्किम र त्रिपुराका सहभागीहरूलाई निजामती सेवाको तालिममा संस्थागत क्षमता मजबुत गर्ने, सहकार्यलाई बढावा दिने र डिजिटल रूपान्तरणलाई अघि बढाउने विषयमा चर्चा गर्न एकै ठाउँमा ल्यायो।

असमले ममिशन कर्मयोगीफलाई मआईजीओटी कर्मयोगीफ डिजिटल शिक्षण प्लेटफर्ममार्फत कार्यान्वयन गरिरहेको छ, जसमा गुवाहाटीस्थित मअसम प्रशासनिक कर्मचारी कलेजफ (एएएससी) ले राज्यको प्रशासनिक तालिम संस्थाको रूपमा काम गरिरहेको छ। यस राज्यमा ५,४२,४०६ जना अधिकारीहरू यस प्लेटफर्ममा आबद्ध भएका छन्, जसमध्ये ४,१४,६९३ जना सक्रिय प्रयोगकर्ताहरू छन् र ४,०२,५०८ वटा पाठ्यक्रमहरू पूरा गरिएका छन्। क्षेत्रीय भाषामा शिक्षणलाई सहज बनाउन असमिया भाषामा ५९ वटा पाठ्यक्रमहरू उपलब्ध छन्। यी पहलहरूले असमका ५९ सरकारी विभागहरूमा निरन्तर व्यावसायिक विकास, क्षमता अभिवृद्धि र सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन सहयोग पुर्याउँछन्।

यो पहल मविकसित भारत २०४७फ को दृष्टिकोण र ममिशन कर्मयोगीफ का उद्देश्यहरूसँग मेल खान्छ; यसले क्षमतामा आधारित, नागरिक-केन्द्रित र भविष्यका लागि तयार निजामती सेवालाई प्रवर्द्धन गर्दै सरकारी क्षेत्रमा क्षमता विकासका अभ्यासहरूलाई रूपान्तरण गर्ने लक्ष्य राख्दछ। कार्यशालाले तालिम संस्थानहरूले सामना गरिरहेका चुनौतीहरूबारे चर्चा गर्न तथा यस क्षेत्रमा थप अन्तर-सम्बन्धित र प्रभावकारी क्षमता विकासको प्रणाली निर्माण गर्ने उपायहरू खोज्न एउटा मञ्च प्रदान गर्यो। चर्चाको मुख्य केन्द्रबिन्दु मतालिम संस्था रूपान्तरण ढाँचाफ थियो, जुन तीनवटा आधारस्तम्भहरूमा आधारित छ: संरचनागत र सुशासनसम्बन्धी रूपान्तरण; सञ्चालनगत उत्कृष्टता र प्रणालीगत सहकार्य; तथा डिजिटल र कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोग। यी आधारस्तम्भहरूको उद्देश्य संस्थागत सुशासनमा सुधार गर्ने, सञ्चालनगत प्रभावकारिता बढाउने, तालिम संस्थानहरूबीच सहकार्यलाई प्रोत्साहन गर्ने र क्षमता विकासमा उदीयमान प्रविधिहरूको प्रयोगलाई प्रवर्द्धन गर्ने रहेको छ।

यस कार्यशालाले तालिम संस्थाहरूबीच समन्वय मजबुत गर्ने, स्रोतसाधनको आदानप्रदानमा सुधार गर्ने, तालिम योजनालाई अझ प्रभावकारी बनाउने र डिजिटल तयारीमा रहेका कमी-कमजोरीहरूलाई सम्बोधन गर्ने विषयमा पनि ध्यान केन्द्रित गर्यो। उत्तर-पूर्वी राज्यहरूको विशिष्ट आवश्यकताअनुसार रूपान्तरणको खाकालाई अनुकूल बनाउने र राज्य-विशेष कार्ययोजनाहरूको तयारीमा सहजीकरण गर्ने विषयमा पनि चर्चा केन्द्रित रह्यो।

चर्चाको अर्को महत्त्वपूर्ण पक्ष ममिशन कर्मयोगीफअन्तर्गत डिजिटल प्लेटफर्म र दक्षता-आधारित शिक्षण पहलहरूको भूमिका थियो। कार्यशालाले तालिम संस्थाहरूलाई जोड्न र क्षमता विकास गर्ने समग्र प्रणालीमा अझ बढी सहकार्यलाई सहज बनाउन मउन्नतिफ डिजिटल प्लेटफर्मको सान्दर्भिकतालाई उजागर गर्यो। यस प्लेटफर्मले ७०० भन्दा अधिक तालिम संस्थानहरूलाई जोड्दै ज्ञानको आदानप्रदान, स्रोतसाधनको साझेदारी र समन्वयात्मक संस्थागत विकासमा सहयोग पुर्याउने लक्ष्य राखेको छ।

चर्चामा आईजीओटी कर्मयोगी, कर्मयोगी कम्पिटेन्सी फ्रेमवर्क (केक्यूएफ) र कर्मयोगी नलेज पोर्टल (केकेके) जस्ता पहलहरू पनि समेटिएका थिए। यसमा दक्षता-आधारित तालिमलाई सुदृढ पार्ने, सिकाइ स्रोतहरूमा पहुँच बढाउने र सरकारी कर्मचारीहरूको व्यावसायिक विकासमा सहयोग पुर्याउने कुरामा विशेष जोड दिइएको थियो।

यस क्षेत्रीय कार्यशाला मार्फत, क्षमता विकास आयोगले तालिम संस्थाहरूलाई क्षमता विकासका लागि सहयोगात्मक, प्रविधि-मैत्री र नतिजामुखी दृष्टिकोण अपनाउन प्रोत्साहित गर्न चाहन्छ। उत्तर-पूर्वी क्षेत्रको विशिष्ट प्रशासनिक र क्षमता विकास सम्बन्धी आवश्यकताहरूलाई ध्यानमा राखी संस्थागत रूपान्तरणका लागि व्यावहारिक र राज्य-विशेष कार्ययोजना (रोडम्याप) तयार पार्न सहयोग पुर्याउने उद्देश्यले यी चर्चाहरू आयोजना गरिएका हुन्।

गुवाहाटीमा भएको यो कार्यशाला सन् २०२६ को सेप्टेम्बर २९-३० मा विजयवाडामा सम्पन्न पहिलो क्षेत्रीय कार्यशालापछिको अर्को चरण हो। मसाधना शृङ्खलाफ शृङ्खला सरकारी क्षेत्रमा संस्थागत उत्कृष्टता, सहकार्य र निरन्तर सिकाइलाई प्रवर्द्धन गर्दै तालिम संस्थाहरूलाई मजबुत बनाउने र ममिशन कर्मयोगीफका उद्देश्यहरूलाई अघि बढाउने बृहत् प्रयासको एक हिस्सा हो। कार्यशालामा क्षमता अभिवृद्धि आयोगकी अध्यक्ष श्रीमती एस. राधा चौहान र सदस्य (प्रशासन) डा. अल्का मित्तलका साथै आठ उत्तर-पूर्वी राज्यहरूका सरकारी विभाग र तालिम संस्थाहरूका प्रतिनिधिहरूको सहभागिता थियो। (पीआईबी)

दुर्गा पूजामा चार दिनसम्म रातभरि चल्नेछ मेट्रो

कोलकाता, ९ अक्टोबर (हिस): कोलकाता मेट्रोले दुर्गा पूजाको समयमा पण्डालमा घुम्ने मानिसहरूको सुविधाका लागि विशेष सेवाको घोषणा गरेको छ। पूजा अवधि चार दिनसम्म मेट्रो ब्लू र ग्रीन लाइनमा रातभरि चल्नेछ। व्यस्त समयमा ब्लू लाइनमा छ मिनट अनि ग्रीन लाइनमा आठ मिनटको अन्तरालमा रेलहरू उपलब्ध हुनेछन्। तथापि अरेञ्ज लाइनमा पूजाको पाँचमध्ये तीन दिनसम्म सेवा पूर्ण रूपमा बन्द रहने छ।

मेट्रो प्रबन्धन अनुसार पूजाको समयमा ब्लू, ग्रीन, पर्पल, यल्लो र अरेञ्ज लाइनमा विशेष रेलहरूलई सञ्चालन गरिनेछ। ब्लू लाइनमा पञ्चमी र षष्ठीका दिन मोठ २८४ वटा रेल चल्नेछ। यस अवधि बिहान ६ बजेदेखि सेवा शुरु हुनेछ भने अन्तिम रेल राती ११ बजे उपलब्ध हुनेछ। व्यस्त समयमा रेलहरू छ मिनटको अन्तरालमा चल्नेछन्। यता ग्रीन लाइनमा पञ्चमी र षष्ठीमा २४० वटा रेलहरू चल्नेछन्। यसपालि सप्तमी दुई दिन परेको कारणले यात्रुहरूको अपेक्षित भीड़लाई ध्यानमा राख्दै दुवै सप्तमी, अष्टमी र नवमी ब्लू र ग्रीन लाइनमा रातभरि मेट्रो सेवा उपलब्ध रहनेछ। ब्लु लाइनमा १७ देखि अक्टोबर २० सम्म सेवा दिउँसो १ बजेदेखि शुरु भएर भोलिपल्ट ४ बजेसम्म चल्नेछ भने ग्रीन लाइनमा मेट्रो सेवा दिउँसो १:३० देखि शुरु भएर भोलिपल्ट बिहान ३:५९ बजेसम्म चल्नेछ। दशमीमा दिउँसो १ बजे देखि राति १०:३० सम्म ब्लू लाइनमा १४० वटा रेलहरू चल्नेछन्। यस दिन व्यस्त समयमा आठ मिनटको अन्तरालमा रेलहरू उपलब्ध हुनेछन्। दशमीमा दिउँसो १:३० देखि १०:३० सम्म ग्रीन लाइनमा ७४ वटा रेलहरू चल्नेछन्। यस दिन रेलहरूबीच १५ मिनटको अन्तर हुनेछ। मेट्रो प्रबन्धनले बताए, यल्लो र पर्पल लाइनमा पनि पूजाका सबै दिनहरूमा विशेष सेवा उपलब्ध रहनेछ। तथापि अरेञ्ज लाइनमा पञ्चमी र षष्ठीका दिन मात्र मेट्रो चल्नेछ। यस लाइनमा दुवै सप्तमी, अष्टमी, नवमी र दशमीको दिन मेट्रो सेवाहरू दुवैमा पूर्ण रूपमा बन्द रहनेछन्।

ब्रिटेनमा नेपाली सेनाले लगातार तेस्रो वर्ष जित्यो स्वर्ण पदक

काठमाडौं, ९ अक्टोबर (हिस): नेपाली सेनाको टोलीले संयुक्त अधिराज्य (ब्रिटेन) को वेल्सस्थित ब्रेकनमा आयोजित क्याम्ब्रियन पेट्रोल अभ्यासमा लगातार तेस्रो वर्ष स्वर्ण पदक हासिल गरेको छ। यस अभ्यासमा ३५ देशका १३० अन्तरराष्ट्रिय टोलीले सहभागिता जनाएका थिए। लन्डनस्थित नेपाली दूतावासका सैनिक सहचारी ब्रिगेडियर जनरल अनूप शाहले जानकारी दिएअनुसार, अत्यन्त कठिन मानिने यस अभ्यासमा नेपाली सेनाले २०२४ सालदेखि लगातार तीन वर्ष स्वर्ण पदक जित्न सफल भएको छ। यस अभ्यासलाई ब्रिटेन सेनाको प्रमुख गस्ती अभ्यास मानिन्छ। यसको आयोजना मुख्यालय १६०औं (वेल्स) ब्रिगेडले गरेको थियो। टोली प्रबन्धक लेफ्टिनेन्ट कर्णेल निश्चल पाठक र पेट्रोल कमान्डर लेफ्टिनेन्ट प्रवीण पाण्डेको नेतृत्वमा नेपाली सेनाको १० सदस्यीय टोली हाल ब्रिटेनमा रहेको छ। १९६० सालदेखि प्रत्येक वर्ष आयोजना हुँदै आएको यस अन्तरराष्ट्रिय प्रतियोगितामा नेपाली सेनाले २०१४ सालदेखि सहभागिता जनाउँदै आएको छ। यस अवधिमा नेपाली सेनाले लगातार उत्कृष्ट प्रदर्शन गर्दै अन्तरराष्ट्रिय मञ्चमा आफ्नो पहिचान स्थापित गरेको छ। गत वर्ष पनि नेपाली सेनाले यस अभ्यासमा स्वर्ण पदक जितेको थियो। त्यसबेला कुल ११७ टोलीले सहभागिता जनाएका थिए, जसमा ३३ देशका ३५ अन्तरराष्ट्रिय टोली समावेश थिए। त्यसैगरी, २०२४ सालमा आयोजित क्याम्ब्रियन पेट्रोल अभ्यासमा पनि नेपाली सेनाले स्वर्ण पदक हासिल गरेको थियो। त्यस वर्ष कुल १२१ टोली सहभागी भएका थिए, जसमा ३६ देशका ३८ अन्तर्राष्ट्रिय टोली समावेश थिए।यसअघि नेपाली सेनाले २०१७ र २०१९ सालमा पनि स्वर्ण पदक जितेको थियो। ब्रिटेन सेनाका अनुसार, यस अभ्यासमा सहभागीहरूले मानसिक तथा शारीरिक रूपमा कठिन चुनौतीहरूको सामना गर्नुपर्छ। यसमा सहभागी टोलीहरूको युद्धसम्बन्धी तयारी, सूचना सङ्कलन, घाइते तथा बिरामीहरूको व्यवस्थापनलगायत विभिन्न सैन्य दक्षताको परीक्षण गरिन्छ।आठ चरणमा सञ्चालन हुने यस अभ्यासका क्रममा टोलीहरूले ४८ घण्टाभित्र हतियारसहित करिब ७० पाउन्ड (झन्डै ३२ किलोग्राम) तौलका उपकरण तथा अन्य आवश्यक सैन्य सामग्री बोकेर ६० किलोमिटर दूरी पार गर्नुपर्छ।

ब्लुमिङ याङगाङ २०२६ को...

गरिएको थियो। कार्यक्रमलाई प्रभावकारी रूपमा सम्पन्न गर्न सम्बन्धित सबै विभाग तथा सरोकारवालाको सक्रिय सहभागिता र आपसी समन्वयमा जोड़ दिइयो।

बैठककी अध्यक्ष राजकुमारी थापाले सबै तयारी निर्धारित समयभित्र पूरा गर्न तथा विभिन्न विभागबीच उचित समन्वय कायम राख्नुपर्नेमा जोड़ दिइन्। उनले बाँकी रहेका कामहरूको समीक्षा गर्दै कार्यक्रमलाई व्यवस्थित र सफल बनाउन निर्धारित समयसीमाभित्र सबै कार्य सम्पन्न गर्नुपर्ने आवश्यकता औँल्याइन्।

ब्लुमिङ याङ्गाङ २०२६ ले स्थानीय पुष्पखेती, बागवानीजन्य उत्पादन, खाद्य प्रशोधन उद्योग, सांस्कृतिक सम्पदा तथा सामुदायिक सहभागितालाई प्रवर्द्धन गर्ने लक्ष्य राखेको छ। यसका साथै याङ्गाङलाई पर्यटन, स्थानीय उद्यम तथा दिगो सामुदायिक विकासको उदीयमान गन्तव्यका रूपमा स्थापित गर्न पनि यस कार्यक्रमले महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

सद्भावना सम्मेलनलाई सम्बोधन...

मानव धर्मका प्रणेता सतपालजी महाराज, विभुजी महाराज तथा भारतका विभिन्न राज्यहरूबाट आत्मज्ञान प्रचारक सन्त-महात्माहरूको उपस्थिति रहनेछ। उनीहरूले प्रवचन तथा आध्यात्मिक चर्चामार्फत उपस्थित जनसमुदायलाई आत्मज्ञान प्राप्तिका लागि प्रेरित गर्नेछन्।

योञ्जनले कार्यक्रमको पहिलो दिन सिक्किमका मुख्यमन्त्री पीएस गोले मुख्य अतिथिका रूपमा उपस्थित रहने बताए छन्। उनले राज्यवासीलाई परिवारसहित कार्यक्रममा सहभागी भएर सद्गुरुदेव तथा सन्त-महात्माहरूको प्रवचन श्रवण गरेर आध्यात्मिक लाभ लिन आह्वान गरे।

कार्यक्रमबारे जानकारी दिँदै योञ्जनले दुईदिने सम्मेलनमा १५ देखि २० हजार भक्तजन सहभागी हुने अपेक्षा गरिएको बताए।

जीटीए खारेज गर्नुपर्ने मागमा...

पुऱ्याइरहेको थियो। ''छुट्टै राज्यको माग उनीहरूको अधिकार क्षेत्रभन्दा बाहिरको विषय हो भन्ने हामी बुझ्छौँ, तर उनीहरूमार्फत सरकारसम्म यो सन्देश पुऱ्याउन चाहन्छौँ। हामी यो स्पष्ट पार्न चाहन्छौँ, गोर्खाल्याण्डको गठनबाहेक जीटीएका लागि अन्य कुनै पनि वैकल्पिक व्यवस्था स्वीकार्य हुनेछैन''-लोहागणले भने।

जीएसपीका प्रवक्ताले उनीहरूले जीटीएमा व्याप्त भ्रष्टाचारका मुद्दाहरू पनि उठाएको किनभने यस्ता व्यवस्थाहरूले जनतालाई कुनै फाइदा नपुऱ्याउने भन्ने कुरा देखाउन चाहेको उनले बताए।

''ओएसडीमार्फत राखिएको सन्देश प्रशासकसम्म पुग्न बाँकी छ, तर हामीले उनीसँग व्यक्तिगत रूपमा भेट्ने इच्छा पनि व्यक्त गरेका छौँ। भेटघाटको समय तय नभएसम्म हामी केही दिन पर्खनेछौँ''-उनले भने। यसमा थप कुरा गर्दै जीएसपीका अध्यक्ष सञ्जय थुलुङले भने, ''आज हामीले उठाएका प्रश्नहरूको उचित जवाफ पाउन सकेनौँ। सायद प्रशासनलाई हाम्रो पार्टीले यो कार्यक्रम गर्दैछ भन्ने थाहा थियो, त्यसैले उनीहरू अनुपस्थित रहे। हामीले प्रशासकसँग भेटघाट गरी हाम्रा प्रश्नहरूको जवाफ पाउनका लागि समयसीमा तोकेका छौँ। यदि त्यसो नभएमा हामी जनतालाई यहाँ ल्याएर विभिन्न कार्यक्रमहरू गर्नेछौँ।''

न्यूयोर्कमा आईसीईका कारबाही बन्द गरियोस्: मेयर ममदानी

न्यूयोर्क, ९ अक्टोबर (हिस): न्यूयोर्क शहरका मेयर जोहरान ममदानीले राष्ट्रपति डोनाल्ड ट्रम्पसँग शहरमा अमेरिकी आप्रवासन तथा सीमा शुल्क प्रवर्तन (अमेरिकी इमिग्रेशन एन्ड कस्टम्स एनफोर्समेन्ट/आईसीई) का कारबाही बन्द गर्न माग गरेका छन्। ब्रोंक्समा आईसीईका एक अधिकारीले एक व्यक्तिमाथि गोली चलाएको घटनापछि उनले यस्तो माग गरेका हुन्। घटनापछि अस्पतालबाहिर आईसीईविरोधी प्रदर्शनकारी र न्यूयोर्क पुलिसबीच झडप भएको छ। घाइते व्यक्तिको अस्पतालमा उपचार भइरहेको छ। मेयर ममदानीले बिहीबार (स्थानीय समयअनुसार) सामाजिक सञ्जाल एक्समा लेखेका छन्, आज दिउँसो मार्बल हिलको एक आवासीय क्षेत्रमा आईसीईका एक अधिकारीले न्यूयोर्कका एक बासिन्दामाथि गोली चलाएका छन्। प्रारम्भिक समाचारअनुसार, अधिकारीहरूले उनको गाड़ीमा उनलाई र पाँच वर्षीय एक बालकलाई घेरेपछि धेरै राउन्ड गोली चलाएका थिए। यो गम्भीर अवस्था हो। उनले अगाडि लेखेका छन्, मैले राष्ट्रपतिलाई फोन गरेको छु। हामीबीच कुराकानी हुँदा म उहाँसँग हाम्रो शहरमा आईसीईका सबै कारबाही बन्द गराउन माग गर्नेछु। म यो सबै चुपचाप हेरेर बस्न सक्दिनँ। ममदानीले घाइते न्यूयोर्कवासी र उनको परिवारप्रति समवेदना व्यक्त गर्दै उनी शीघ्र स्वस्थ हुने कामना पनि गरेका छन्।

मध्यस्थकर्ता पङ्कजकुमारसँग भागोप्रमो...

मध्यस्थकर्ताले तयार पार्ने मस्यौदा गोर्खाहरूको हितमा रहने विश्वास व्यक्त गर्दै थापाले दीर्घकालीन मागको समाधानका लागि भइरहेको संवादप्रति आशा व्यक्त गरे।

अर्कोतर्फ, प्रा. महेन्द्र पी लामाको नेतृत्वमा रहेको गोर्खाल्यान्ड एपेक्स कमिटी (जीएसी) र १७ वटा राजनीतिक दलका प्रतिनिधिले पनि वार्ताकारको नेतृत्वमा रहेको राज्य र केन्द्र सरकारको उच्चस्तरीय समितिसँग भेट गरे।

जीएसीका सदस्य तथा इण्डियन गोर्खा जनशक्ति फ्रण्टका अध्यक्ष अजय एडवर्डले भने, ''हाम्रा जनतालाई यो भन्न चाहन्छु, धैर्य गर्नुहोस्। आगामी यात्रामा धैर्य, दृढ सङ्कल्प र एकताको आवश्यकता पर्नेछ, तर आजको भेटले हामीलाई आशा जगाएको छ। हाम्रा मतभेदहरूभन्दा हाम्रो साझा आकाङ्क्षा ठूलो हुनुपर्छ।'' जनताको आवाज 'गोर्खाल्याण्ड' नै हो भन्ने कुरामा जोड़ दिँदै उनले भने, ''आउनुहोस्, हामी सम्मान, दृढ सङ्कल्प र एकार्काप्रतिको विश्वासका साथ अघि बढौँ। गोर्खाल्याण्ड हाम्रा जनताको आशा हो र हामीले त्यो आशालाई एकताबद्ध आवाजका साथ अघि बढाउनुपर्छ।''

लामाको अध्यक्षतामा हालै 'जीएसी गठन गरिएको हो। यसमा पूर्व निजामती कर्मचारी, पुलिस अधिकारी, कानून व्यवसायी र शिक्षाविद्का साथै विभिन्न राजनीतिक दल तथा नागरिक समाजका संस्थाहरूको बृहत् गठबन्धन समावेश छ। दार्जीलिङ पहाड़, तराई र डुवर्स क्षेत्रमा विकसित भइरहेको राजनीतिक परिस्थितिलाई सम्बोधन गर्न यसको गठन गरिएको हो।

मुख्यमन्त्रीद्वारा पैह्रो प्रभावित रिम्बीको...

(एसजीओ), मन्त्रीगण, ओएसडी र अन्य व्यक्तिहरूप्रति आभार व्यक्त गरे। स्थानीय बासिन्दाहरूले भोग्नुपरेको जमिन र घरको व्यापक क्षतिप्रति दुःख व्यक्त गर्दै मुख्यमन्त्रीले यस विपदको घड़ीमा कुनै मानवीय क्षति नभएको पनि बताए।

प्रभावित परिवारहरूलाई सरकारको निरन्तर सहयोग रहने आश्वासन दिँदै मुख्यमन्त्रीले उनीहरूको जीवन पुनःनिर्माण गर्न सम्भव भएसम्मको सबै सहयोग उपलब्ध गराइने आश्वासन दिए। उनले जानकारी दिनुभएअनुसार घर गुमाएका परिवारहरूलाई राज्य सरकारको 'सिक्किम गरीब आवास योजना' (एसजीएवाई) अन्तर्गत घरहरू उपलब्ध गराइनेछ भने जमिन गुमाएकाहरूलाई जमिनको व्यवस्था गरिनेछ। उनले परिवारहरूलाई करेसाबारी लगाउन र पशुपालन गर्न सक्षम बनाउन पर्याप्त ठाउँसहितको उपयुक्त जमिन उपलब्ध गराउने विषयमा पनि विचार गरिनेछ, जसले उनीहरूको दीर्घकालीन जीविकोपार्जनका आवश्यकताहरू पूरा गर्न सहयोग पुऱ्याउनेछ।

मुख्यमन्त्रीले प्रभावित परिवारहरूका लागि 'मुख्यमन्त्री राहत कोष' (सीएमआरएफ) बाट निम्नअनुसारको आर्थिक सहयोगको घोषणा पनि गरे।

उनले पूर्ण रूपमा क्षति भएका घरहरूका लागि प्रति घर पाँच लाख रुपियाँ, भान्साकोठा पूर्ण रूपमा क्षति भएका परिवारहरूका लागि प्रति परिवार २ लाख रुपियाँ, अन्य प्रभावित व्यक्तिहरूका लागि प्रति व्यक्ति एक लाख रुपियाँ, भाड़ामा बस्ने आपदा प्रभावितहरूका लागि प्रति व्यक्ति ५० हजार रुपियाँ प्रदान गरिने घोषणा गरे।

यसका साथै उनले सम्बन्धित सबै विभागलाई आवश्यक कार्यहरू द्रुत गतिमा अघि बढ़ाउन र प्रभावित क्षेत्रमा सेवाहरू समयमै पुनर्स्थापना सुनिश्चित गर्न निर्देशन दिए। समन्वयात्मक प्रयासको महत्त्वमा जोड़ दिँदै उनले आपदाबाट उत्पन्न चुनौतीहरूको सामना गर्न र प्रभावित परिवारका आवश्यकताहरू ढिलाइ नगरी पूरा गरेको सुनिश्चित गर्न सम्बन्धित विभागहरूलाई आपसी समन्वयमा काम गर्न निर्देशन दिए।

रिम्बीका जनताको साथमा रहने सरकारको प्रतिबद्धता दोहोऱ्याउँदै मुख्यमन्त्रीले प्रभावित परिवारहरूलाई आवश्यक परेको खण्डमा सबै प्रकारको सहयोग उपलब्ध गराइने (जसमा घर र जमिन गुमाएकाहरूका लागि आवास र जमिनको व्यवस्था पनि समावेश छ) आश्वासन दिए। अन्त्यमा, उनले यस कठिन समयमा राहत र सहयोग कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने सबै व्यक्ति, संस्था र निकायहरूप्रति कृतज्ञता व्यक्त गरे।

यसअघि, मन्त्री तथा योकसम-टाशीडिङ निर्वाचन क्षेत्रका विधायक छिरिङ टी भोटियाले मुख्यमन्त्री र अन्य विशिष्ट अतिथिहरूलाई स्वागत जनाए। उनले पैह्रो तथा त्यसले प्रभावित बासिन्दा, स्थानीय व्यवसाय र सरकारी कार्यालयहरूको जीवनयापन र कामकाजमा पारेको असरबारे जानकारी गराए। उनले पैह्रो शुरु हुँदा रिम्बीका बासिन्दाहरू सतर्क रहेको र पूर्व-सावधानीका उपायहरू अपनाएको कुरा उल्लेख गरे। उनले मुख्यमन्त्रीको निरन्तर सहयोगका लागि धन्यवाद व्यक्त गरे र विभिन्न व्यक्ति तथा संस्थाहरूबाट प्राप्त सहयोगको पनि सराहना गरे।

जिल्लापाल तेञ्जिङ डी डेञ्जोङपाले पैह्रो, त्यसबाट भएको क्षतिको विवरण र प्रभावित परिवारहरूको तत्कालका आवश्यकताहरूबारे भेलालाई जानकारी गराए।

उल्लेखनीय छ, आज मुख्यमन्त्रीको भ्रमणका क्रममा प्रभावित परिवारहरूलाई आर्थिक सहयोगको चेक र आवास उपलब्ध गराइएको थियो।

सोरेङमा एसआईयूडीपीअन्तर्गत विकासीय...

रणनीतिक लगानीको महत्त्वमाथि प्रकाश पारियो। शहर उदीयमान शहरी केन्द्रका रूपमा विस्तार हुँदै जाँदा आवश्यक पूर्वाधार सुदृढ़ गर्ने, शहरी सेवाहरूमा सुधार गर्ने र बासिन्दाहरूको जीवनस्तर उकास्ने आवश्यकतामाथि छलफलमा जोड़ दिइयो।

सिक्किम एकीकृत शहरी विकास परियोजना (एसआईयूडीपी)-मार्फत योजनाबद्ध प्रयासहरूले महत्त्वपूर्ण पूर्वाधारको अभावलाई सम्बोधन गर्ने र सोरेङको भविष्यको विकासका लागि बलियो आधार खड़ा गर्ने लक्ष्य राखेका छन्। यी पहलहरूले स्वच्छ, स्वस्थ र सुलभ शहरी वातावरण प्रवर्द्धन गर्नुका साथै अत्यावश्यक सेवा प्रदान गर्न र शहरी विकासलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न शहरी स्थानीय निकाय (यूएलबी)-को क्षमता अभिवृद्धि गर्ने अपेक्षा गरिएको छ।

यस परियोजनाअन्तर्गत एउटा मुख्य पहल सोरेङमा प्रस्तावित 'ट्राञ्जिट हब-कम-कम्युनिटी कम्प्लेक्स' (टीएचसीसी) हो, जसलाई सार्वजनिक यातायात पूर्वाधार, व्यवस्थित पार्किङ, कार्यालय कक्ष र सामुदायिक सुविधाहरू समेटिएको एकीकृत संरचनाका रूपमा परिकल्पना गरिएको छ। भवनको भुइँतलामा १० वटा बस पार्किङ स्थलका साथै यात्रु प्रतिक्षालय, चालक विश्राम कक्ष, एसएनटी कार्यालय, शौचालय, सिँढ़ी र लिफ्टहरूको व्यवस्था गरिनेछ, जसले यात्रुहरूको सुविधा बढ़ाउनुका साथै सार्वजनिक यातायात व्यवस्थापनमा सुधार ल्याउनेछ। माथिल्लो तलाहरूमा चारचक्के सवारी साधनका लागि छुट्टै पार्किङ सुविधा उपलब्ध गराइनेछ, जसले शहरको पार्किङ आवश्यकता पूरा गर्न र सड़कको छेउमा गरिने पार्किङका कारण हुने ट्राफिक जाम कम गर्न मद्दत गर्नेछ। यस परिसरमा कार्यालय कक्ष, खुद्रा पसल, ब्याङक्वेट हल, खेलकुद हल र सामुदायिक हल पनि रहनेछन्, जसले व्यावसायिक गतिविधि र सामुदायिक सहभागिताका लागि आवश्यक सुविधाहरू प्रदान गर्नेछन्। यो एकीकृत विकास परियोजनाले आवत-जावतमा सुधार ल्याउने, शहरी स्थानको अधिकतम सदुपयोग गर्ने तथा शहरलाई थप व्यवस्थित र पहुँचयोग्य बनाउन योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

सोरेङमा प्रस्तावित ढल प्रशोधन केन्द्र (एसटीपी)-लाई पनि शहरको सरसफाइ पूर्वाधारको एक महत्त्वपूर्ण अङ्गका रूपमा विशेष जोड़ दिइएको छ। यस सुविधाले फोहोर पानीको वैज्ञानिक रूपमा प्रशोधन गर्न, पर्यावरणीय प्रदूषण कम गर्न तथा स्थानीय जलस्रोत र वरिपरिको पारिस्थितिक प्रणालीको संरक्षण गर्न मद्दत गर्नेछ, जसबाट जनस्वास्थ्यमा सुधार र पर्यावरणीय दिगोपन कायम गर्न योगदान पुग्नेछ।

यी पहलहरूले विकसित, समावेशी र समृद्ध सिक्किम निर्माण गर्ने मुख्यमन्त्री पीएस गोलेको दूरदृष्टिलाई प्रतिविम्बित गर्दछन्। योजनाबद्ध पूर्वाधार र सुधारिएको सार्वजनिक सेवामार्फत फस्टाउँदै गएका शहरहरूलाई सुदृढ़ बनाउनु सन्तुलित क्षेत्रीय विकासलाई बढ़ावा दिन, मुख्य शहरी केन्द्रहरूभन्दा बाहिर अवसरहरूको विस्तार गर्न र राज्यको समग्र प्रगतिबाट समुदायहरू लाभान्वित हुने सुनिश्चित गर्न अत्यावश्यक छ। यस सन्दर्भमा, सोरेङमा एसआईयूडीपीका कार्यक्रमहरू 'विकसित सिक्किम'-को बृहत् दृष्टिकोण साकार पार्ने दिशामा एउटा महत्त्वपूर्ण कदम हुन्।

सोरेङमा एसआईयूडीपीको कार्यान्वयनले शहरी विकास विभाग, एसआईयूडीपी टोली, जिल्ला प्रशासन, स्थानीय शहरी निकाय (यूएलबी) र अन्य सम्बन्धित निकायबीचको घनिष्ठ समन्वयको महत्त्वलाई पनि उजागर गर्दछ।

प्रस्तावित ट्राञ्जिट हब तथा सामुदायिक परिसर, ढल प्रशोधन केन्द्र र एसआईयूडीपीअन्तर्गत अन्य योजनाबद्ध कार्यक्रमहरूले संयुक्त रूपमा सोरेङको शहरी पूर्वाधारलाई सुदृढ़ बनाउने, आवश्यक सेवाहरूमा सुधार गर्ने तथा यसलाई सफा, व्यवस्थित र बसोबासका लागि अझ उपयुक्त शहरका रूपमा विकास गर्न सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

डा. हरिभक्त निरन्तर तेस्रो वर्ष विश्वका शीर्ष दुई प्रतिशत वैज्ञानिकको सूचीमा

गान्तोक, ९ अक्टोबरः सिक्किम मणिपाल विश्वविद्यालयको सिक्किम मणिपाल प्रौद्योगिकी संस्था (एसएमआईटी)–मा सिभिल तथा पर्यावरणीय अभियान्त्रिकीका सहायक प्राध्यापक डा. हरिभक्त शर्मा (लुइँटेल) स्ट्यानफोर्ड विश्वविद्यालय र एल्सेभियरको सहकार्यमा प्रकाशित विश्वका शीर्ष दुई प्रतिशत वैज्ञानिकको सूचीको संस्करणमा निरन्तर तेस्रो वर्ष समावेश भएका छन्।

पश्चिम सिक्किमको गेजिङ–बर्मेक निर्वाचन क्षेत्रअन्तर्गत मध्य मार्तामका बासिन्दा डा. शर्मा यसअघि २०२४ र २०२५ का संस्करणहरूमा पनि सूचीकृत भइसकेका छन्। उनी यसरी निरन्तर समावेश हुनु सिक्किमको वैज्ञानिक तथा शैक्षिक समुदायका लागि एक महत्त्वपूर्ण उपलब्धि हो। यो विश्वव्यापी वरीयताले २२ वटा वैज्ञानिक क्षेत्र र १७४ उपक्षेत्रमा प्रभावशाली अनुसन्धानकर्ताहरूको पहिचान गर्न एल्सेभियरको स्कोपस' डाटाबेसबाट अनुसन्धान र साइटेसन (उद्धरण) सम्बन्धी तथ्याङ्कको प्रयोग गर्दछ।

आईआईटी खड्गपुरबाट विद्यावारिधि गरेका डा. शर्माको अनुसन्धान ठोस फोहोर तथा प्लास्टिकजन्य फोहोर व्यवस्थापन, सरसफाइ र फोहोर पानीको प्रशोधनमा केन्द्रित छ, जसमा विशेषगरी हिमालयी क्षेत्रका पर्यावरणीय चुनौतीहरूलाई प्राथमिकता दिइएको छ।

अनुसन्धानका साथै उनी भावी पर्यावरणीय अभियन्ताहरूलाई अध्यापन तथा मार्गदर्शन गर्न र विभिन्न सार्वजनिक तथा निजी संस्थाहरूलाई परामर्श सेवा प्रदान गर्नमा पनि सक्रिय रूपमा संलग्न छन्। यस विश्वव्यापी मञ्चमा लगातार तेस्रोपटक प्राप्त यो मान्यताले पर्यावरणीय अनुसन्धानमा उनको निरन्तर योगदानलाई उजागर गर्नुका साथै सिक्किम र यहाँको शैक्षिक समुदायका लागि गर्वको विषय बनेको छ।

पाकिममा आत्माको सञ्चालक समिति र डीएफएसीको बैठक सम्पन्न

पाकिम, ९ अक्टोबर (आईपीआर): पाकिमस्थित जिल्ला प्रशासनिक केन्द्र (डीएसी)–को सम्मेलन कक्षमा कृषि प्रविधि व्यवस्थापन निकाय (आत्मा)–को सञ्चालक समिति तथा व्यवस्थापन समिति र जिल्ला कृषक सल्लाहकार समिति (डीएफएसी)–को संयुक्त बैठक सम्पन्न भएको छ। उक्त बैठक आत्मा पाकिमद्वारा आयोजित गरिएको थियो।

बैठकको अध्यक्षता पाकिमकी जिल्लापाल तथा आत्माकी अध्यक्ष परी बिश्नोईले गरेकी थिइन्। उनले आत्मा पाकिमका उपलब्धिहरूको प्रशंसा गर्नुका साथै राज्यमा पाँचवटा उच्च मूल्यका कृषि उत्पादनहरूको पहिचान गर्ने र तिनको बजार पहुँच बढाउन 'फर्वार्ड लिङ्केज' (उत्पादनपछिको बजार सम्बन्ध) लाई सुदृढ पार्ने विषयमा आफ्ना विचारहरू व्यक्त गरिन्। उनले यी उत्पादनहरूको मूल्य अभिवृद्धि गर्न र किसानहरूका लागि अझ राम्रा अवसरहरू सिर्जना गर्न तिनलाई फराकिलो बजारसँग जोड्नुपर्ने कुरामा जोड दिइन्।

जिल्लापालले स्थानीय उत्पादनहरूको मूल्य बढाउन उपयुक्त प्याकेजिङ, प्रशोधन र बजेटिङ सुविधाहरूको विकास गर्नु आवश्यक रहेको विषय रेखाङ्कित गरिन्। उनले उपहार (गिफ्टिङ) उद्योगमा अर्किड (सुनखरी फूल)–को सम्भावनाबारे चर्चा गर्नुका साथै मूल्य अभिवृद्धिमार्फत विशिष्ट स्थानीय उत्पादनहरूलाई प्रवर्द्धन गर्ने अवसरहरूबारे प्रकाश पारिन्।

आत्माका अतिरिक्त निर्देशक तथा परियोजना निर्देशक छिरिङ चोपेल भोटियाले आत्माको संरचना र कार्यहरूबारे जानकारी दिए। उनले आत्मा सञ्चालक समितिको भूमिका र कार्यप्रणालीबारे विस्तृत रूपमा बताउँदै कृषि प्रसार सेवाहरूलाई सुदृढ पार्न र कृषक समुदायलाई सहयोग पुऱ्याउन यसको भूमिकाबारे प्रकाश पारे।

कृषि विभागकी उपनिर्देशक तथा आत्मा पाकिमकी उपपरियोजना निर्देशक रेबिका गुरुङले आत्मा पाकिमको २०२५–२०२६ को प्रगति प्रतिवेदन प्रस्तुत गरिन्। पावरपोइन्ट प्रस्तुतिमार्फत उनले पाकिम जिल्लाका सबै छः वटा ब्लकमा सञ्चालित गतिविधिहरूको कोष उपयोग र भौतिक प्रगतिको विवरण प्रस्तुत गरिन्। यी गतिविधिहरूमा विभिन्न विभागसँगको सहकार्यमा सञ्चालित तालिम सत्र, सचेतना कार्यक्रम, प्रदर्शन, फार्म स्कूल, किसान गोष्ठी र क्षमता अभिवृद्धि कार्यक्रमहरू समावेश थिए। उनले आत्मा पाकिमको जिल्ला कार्ययोजना पनि प्रस्तुत गरिन्।

केभीकेका प्रमुख डा. प्रकाश शर्माले वर्षा जल संचयन र कृषिमा जल व्यवस्थापनबारे जानकारी दिए, जसमा विशेषगरी शुष्क जमिनको खेतीमा जोड़ दिएका थिए। उनले विशेषगरी जलको सीमित उपलब्धता भएका क्षेत्रहरूमा कृषि कार्यका लागि आवश्यक दैनिक पानीको माग पूरा गर्न वर्षा जल संचयन र सदुपयोग गर्नुको महत्त्वमाथि जोड़ दिए साथै उनले कृषि कार्यलाई सघाउन र दिगो खेती प्रणालीलाई प्रवर्द्धन गर्न जलको कुशल व्यवस्थापन अभ्यासहरूको आवश्यकताबारे पनि चर्चा गरे।

उक्त बैठकमा अतिरिक्त निर्देशक (एएचभीएस) डा. अञ्जना प्रधान, एडीओ, एचडीओ, मत्स्य विभागका बीओ साथै डीएफएसी, अध्यक्षगण तथा ब्लक र सहायक प्रविधि प्रबन्धकहरूको उपस्थिति रहेको थियो।

सुशासन र सार्वजनिक सेवा प्रवाहसम्बन्धी पाँचदिने तालिम कार्यक्रम आयोजित

गान्तोक, ९ अक्टोबरः ग्रामीण क्षेत्रमा तल्लो तहको शासन व्यवस्था सुदृढ़ गर्न, प्रशासनिक दक्षता अभिवृद्धि गर्न र सार्वजनिक सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने उद्देश्यका साथ राज्य ग्रामीण विकास एवं पञ्चायती राज संस्थान' (एसआईआरडी तथा पीआर), सिक्किमले ५ देखि ९ अक्टोबरसम्म (तेस्रो ब्याच) कर्फेक्टारस्थित आफ्नै परिसरमा ग्रामीण विकास कार्यक्रमहरूमा सुशासन र सार्वजनिक सेवा प्रवाह विषयक पाँचदिने तालिम कार्यक्रम सञ्चालन गरेको छ।

तालिम कार्यक्रमको यस तेस्रो ब्याचमा सोरेङ जिल्लाका तीनवटा ब्लक–कलुक ब्लक, मङ्गलवारे ब्लक र बैगुने ब्लकका कुल ९१ जना सहभागीले भाग लिएका थिए।

सहभागीहरूमा निर्वाचित जनप्रतिनिधि, सहायक निर्देशक, ग्राम प्रशासनिक सहायक (भीएए)/कनिष्ठ भीएए, कार्यालय सहायक तथा सहयोगी, डीएमए/डीएमएस, पीडीए, पीपीएमएसका कर्मचारीहरू तथा परियोजना र अनुगमन सहायकहरू समावेश थिए। यस कार्यक्रमले निर्वाचित जनप्रतिनिधि र स्थलगतस्तरका कर्मचारीहरूलाई सुशासनसम्बन्धी ज्ञान बढ़ाउन, अनुभवहरू आदान–प्रदान गर्न र ग्रामीण प्रशासन सुधारका लागि व्यावहारिक रणनीतिहरू विकास गर्न साझा मञ्च प्रदान गऱ्यो।

तालिममा सुशासनका सिद्धान्त तथा विशेषता संस्थागत मूल्यमान्यता, सार्वजनिक प्रशासन, कार्यालय व्यवस्थापन, आन्तरिक स्रोतबाट प्राप्त राजस्व (ओएसआर), अभिलेख व्यवस्थापन र ग्रामीण विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन जस्ता विषयहरू समेटिएका थिए। यो तालिम एसआईआरडी तथा पीआर, सिक्किमका निर्देशक विशाल मुखिया (एससीएस)–को सक्षम निर्देशन र मार्गदर्शनमा आयोजना गरिएको थियो।

तालिमका सत्रहरू एसआईआरडी तथा पीआरकी उपनिर्देशक तथा पाठ्यक्रम निर्देशक डा. तारा शर्मा, सोरेङ खण्डका कनिष्ठ सङ्काय सदस्य सुवास राई, पोकलोक–नन्दुगाउँ ब्लककी कनिष्ठ सङ्काय सदस्य दिल माया राई, दरामदिन ब्लकका कनिष्ठ सङ्काय सदस्य विकास हिङ्माङसहितसहित अन्यको उपस्थिति रहेको थियो। कार्यक्रममा ताञ्जी–बिकमात जीपीयूका पञ्चायत अध्यक्ष अर्जुनकुमार राईद्वारा एक विशेष सत्र सञ्चालन गरियो। उनले स्थानीय शासन, स्रोत परिचालन, कार्यालय प्रशासन र सार्वजनिक सेवाको प्रभावकारी प्रवाहसम्बन्धी व्यावहारिक अनुभव तथा उत्कृष्ट अभ्यासहरू साझा गरे।

यस कार्यक्रमको एक महत्त्वपूर्ण अंश जोरथाङ खण्डस्थित पोकलोक ग्राम पञ्चायत केन्द्रको अवलोकन भ्रमण रहेको थियो, जसले सहभागीहरूलाई तल्लो तहको शासन व्यवस्था र स्थानीय संस्थाहरूको कार्यप्रणालीबारे प्रत्यक्ष अनुभव प्रदान गऱ्यो।

कार्यक्रममा समूहगत छलफल व्यावहारिक अभ्यास, सहकर्मीहरूबाट सिक्ने प्रक्रिया र प्रस्तुतिकरणजस्ता सहभागितामूलक विधिहरू अपनाइएका थिए। सहभागीहरूले पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र ग्रामीण विकास संस्थाहरूबीचको सुदृढ़ समन्वयमा जोड़ दिँदै सुशासन र सार्वजनिक सेवा प्रवाहसम्बन्धी नमूना कार्ययोजनाहरू तयार पार्ने कार्य गरे।

समापन सत्रमा समूहगत प्रस्तुतिकरण, सहकर्मीहरूबाट प्रतिक्रिया, शिक्षणको एकीकरण र तालिमपछिको मूल्याङ्कन समावेश थिए। कार्यक्रममा प्राप्त ज्ञान र अनुभवहरूलाई दैनिक प्रशासन तथा सार्वजनिक सेवा प्रवाहमा ठोस सुधारका रूपमा रूपान्तरण गर्ने कुरामा विशेष जोड़ दिइयो।

सोरेङ जिल्लाका तीनवटा ब्लकबाट ९१ जना प्रतिनिधि तथा पदाधिकारीहरूको सक्रिय सहभागिताले तल्लो तहमा संस्थागत क्षमता सुदृढ़ गर्ने दिशामा महत्त्वपूर्ण कदम साबित गऱ्यो।

यस कार्यक्रमले समावेशी ग्रामीण विकासका लागि उत्तरदायी, सहभागितामूलक, पारदर्शी र नागरिककेन्द्रित शासन व्यवस्थालाई प्रवर्द्धन गर्दै पञ्चायती राज संस्थाहरू तथा ग्रामीण विकास पदाधिकारीहरूको क्षमता सुदृढ़ गर्ने एसआईआरडी सिक्किमको निरन्तर प्रयासलाई पुनः पुष्टि गऱ्यो।

विश्व बङ्गला शिल्पी हाटको नाम परिवर्तन गर्ने मन्त्री दीपक बर्मनको सङ्केत

सिलगढ़ी, ९ अक्टोबर (हिस): सिलगढ़ीको कावाखालीमास्थित विश्व बङ्गला शिल्पी हाटको नाम परिवर्तन गर्ने सङ्केत प्राप्त भएको छ। राज्यका सूक्ष्म, लघु तथा मझौला उद्यम तथा कपड़ा मन्त्री दीपक बर्मनले शुक्रवार शिल्पी हाटको निरीक्षण गरेपछि यसको पुनरुद्धारमाथि जोड़ दिए। उनले भने, "अहिले यसको नाम परिवर्तन गर्नुभन्दा अधिक महत्त्वपूर्ण यो हाटलाई पुनः शुरु गर्नुछ।"

निरीक्षणका क्रममा विभागीय अधिकारीहरूसँगै मन्त्रीले शिल्पी हाटको वर्तमान अवस्था अनि पूर्वाधारको जायजा लिए। उनले भने, "हाटलाई नयाँ ढङ्गमा शुरु गरिनेछ ताकि स्थानीय कलाकारहरूले यसलाई प्रयोग गर्न सकुन् अनि आफ्ना कलाकृतिहरूलाई प्रोत्साहन गर्न सकुन्।"

मन्त्री दीपक बर्मनले भने, "विश्व बङ्लाको अस्तित्व छैन, त्यसैले यसको नामको पनि कुनै अस्तित्व छैन। यद्यपि नाम परिवर्तन गर्नुभन्दा बढी महत्त्वपूर्ण यो हाटलाई सञ्चालनमा ल्याउनु हो।

मन्त्रीको यो भ्रमणपछि शिल्पी हाट पुनः शुरु हुने आशा बढ़ेको छ। अब हेर्नुछ कि यसलाई कहिले नयाँ रूपमा सञ्चालन गरिनेछ र यसबाट स्थानीय कलाकारहरूलाई कति फाइदा पुग्नेछ।

जङ्गुका एसएचजी सदस्यद्वारा बीडीओ डा. तामाङ सम्मानित

पासिङ्दाङ, ९ अक्टोबरः सिक्किम ग्रामीण जीविकोपार्जन मिशन (एसआरएलएम) अन्तर्गत जङ्गु खण्डको खण्ड विकास समाज (बीडीएस)–ले 'स्वच्छता ही सेवा २०२६' अभियानको एक भागको रूपमा शुक्रवार पासिङ्दाङ खण्ड प्रशासनिक केन्द्र (बीएसी)–मा स्वयं सहायता समूह (एसएचजी)–का लागि 'कबाड से जुगाड' रचनात्मक पुनः प्रयोग प्रतियोगिता आयोजना गरेको छ।

'फोहोरलाई धनमा परिणत गर्नुहोस्' भन्ने प्रेरणादायी विषयवस्तुअन्तर्गत यस कार्यक्रमको उद्देश्य पर्यावरणीय जागरूकता, नवीन फोहोर व्यवस्थापन, त्याज्य सामग्रीहरूको रचनात्मक पुनः प्रयोग र एसएचजी सदस्यहरूका लागि दिगो जीविकोपार्जनका अवसरहरूलाई प्रवर्द्धन गर्नु रहेको थियो।

यस कार्यक्रमले सरकारी अधिकारी, एसएचजी सदस्य, वित्तीय साक्षरता प्रतिनिधि र सामुदायिक हितधारकहरूलाई पर्यावरणीय संरक्षण, महिला सशक्तिकरण र दिगो ग्रामीण विकासतर्फ सामूहिक प्रयासहरूलाई सुदृढ़ पार्न एकसाथ ल्यायो।

कार्यक्रम बीडीएस जङ्गुद्वारा बीपीएम, एचआरएलएम जङ्गु, एपीएम, बीडीएस कर्मचारी, एसएचजी सदस्य र विभिन्न संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा आयोजना गरिएको थियो।

कार्यक्रम बागवानी विभागकी अध्यक्ष ओङकित लेप्चाको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा पासिङ्दाङका खण्ड विकास अधिकारी (बीडीओ) डा. महिन्द्रा तामाङ र राज्य ग्रामीण विकास संस्थान (एसआईआरडी)–का कनिष्ठ सङ्काय सुरेन मोहराको उपस्थिति रहेको थियो। वित्तीय साक्षरता परामर्शदाता सीआरआईएसआईएलका प्रतिनिधि र गान्तोकस्थित भारतीय स्टेट ब्याङ्क (एसबीआई)–का प्रतिनिधिहरूले पनि कार्यक्रममा भाग लिएका थिए।

उनीहरूको सहभागिताले स्वयं सहायता समूहहरूलाई सुदृढ़ पार्न र दिगो ग्रामीण जीविकोपार्जनलाई प्रवर्द्धन गर्न संस्थागत समन्वय, वित्तीय साक्षरता, सामुदायिक सहभागिता र क्षमता निर्माणको महत्त्वलाई प्रकाश पारेको थियो।

एसआरएलएम जङ्गुका खण्ड परियोजना प्रबन्धक (बीपीएम) रमेश छेत्रीले स्वागत सम्बोधन राख्ने क्रममा विशिष्ट अतिथि, विभागीय प्रतिनिधि, संस्थागत प्रतिनिधि, एसएचजी सदस्य र सबै सहभागीलाई न्यानो स्वागत जनाए।

आफ्नो सम्बोधनमा उनले स्वयं सहायता समूहमार्फत सामुदायिक सहभागिता, महिला सशक्तिकरण, पर्यावरणीय संरक्षण र नवीन जीविकोपार्जन गतिविधिहरूको महत्त्वमा जोड़ दिए।

उनले रचनात्मकता र नवीनताले फोहोरलाई आर्थिक सम्भावना भएका मूल्यवान उत्पादनहरूमा रूपान्तरण गर्न सक्ने भएकाले त्याज्य सामग्रीहरूलाई सधैँ बेकार मान्न नहुने विषयमा जोड़ दिए। उनले पर्यावरणीय पहलहरू पनि आयको दिगो स्रोत बन्न सकुन् भन्ने ध्येयले एसएचजी सदस्यहरूलाई नयाँ विचार अन्वेषण गर्न, उत्पादनको गुणस्तर सुधार गर्न, आकर्षक डिजाइनहरू विकास गर्न र बजार अवसरहरू पहिचान गर्न प्रोत्साहित गरे।

उनले सरकारी विभाग, वित्तीय संस्था, बीडीएस, एसआरएलएम र एसएचजीहरूको सामूहिक प्रयासहरू बलियो ग्रामीण अर्थतन्त्र निर्माण गर्न र जङ्गुमा समावेशी विकास हासिल गर्न आवश्यक रहेको बताए।

कार्यक्रमको सबैभन्दा मुख्य आकर्षणमध्ये एक जङ्गुका स्वयं सहायता समूहहरूको तर्फबाट बीडीओ पासिङ्गदाङलाई विशेष प्रशंसापत्र अर्पण गर्नु रहेको थियो।

प्रशंसाले पर्यावरण संरक्षण, जिम्मेवार फोहोर व्यवस्थापन र सामुदायिक जागरूकताप्रति उनको प्रेरणादायी प्रतिबद्धतालाई मान्यता दियो। लगभग १८ किलोमिटरको दूरीमा एकतर्फी फोहोर बोक्ने उनको व्यक्तिगत पहलले प्राकृतिक पर्यावरण संरक्षणका लागि व्यावहारिक जिम्मेवारी लिने महत्त्व प्रदर्शन गऱ्यो। एसएचजी सदस्यहरूले उनको समर्पण, नम्रता र सार्वजनिक सेवाप्रतिको प्रतिबद्धताप्रति हार्दिक कृतज्ञता र सम्मान व्यक्त गरे।

डा. तामाङको पहलले पर्यावरण संरक्षणका लागि जागरूकता अभियान मात्र नभएर व्यक्तिगत प्रतिबद्धता, जिम्मेवार व्यवहार र निरन्तर कार्य पनि आवश्यक रहेको कुरा दर्शाउँदछ।

वित्तीय साक्षरता र संस्थागत सहयोगले समूहका सदस्यहरूलाई वित्तीय निर्णय प्रक्रियामा सुधार गर्न, उपलब्ध ब्याङ्किङ सेवा बुझ्न र दिगो आर्थिक गतिविधिहरूका लागि बलियो आधार निर्माण गर्न सहयोग गर्न सक्छ।

खरसाङमा एमएलए कप इण्टर वार्ड फुटबल प्रतियोगिता शुरु

खरसाङ, ९ अक्टोबर (हिस): खरसाङमा शुक्रवारदेखि एमएलए कप अन्तरवार्ड फुटबल प्रतियोगिता शुरु भएको छ। प्रतियोगिताको उद्घाटन खेलमा वार्ड नम्बर ७ ले वार्ड नम्बर १७ लाई पेनल्टी सुटआउटमा ५–४ गोलको अन्तरले पराजित गर्दै विजयी शुरुआत गरेको छ।

खरसाङको मन्टिभियट खेल मैदानमा हिल फुटबल एकाडेमीको आयोजनामा भइरहेको प्रतियोगिताको पहिलो खेलमा वार्ड नम्बर ७ र वार्ड नम्बर १७ बीच प्रतिस्पर्धा भएको थियो। खेलको पहिलो हाफको आठौँ मिनटमा वार्ड नम्बर ७ का जर्सी नम्बर ५ दावा नर्बु शेर्पाले गोल गर्दै आफ्नो टोलीलाई अग्रता दिलाएका थिए। पहिलो हाफको खेल १–० गोल अन्तरको स्थितिमा समाप्त भएको थियो।

दोस्रो हाफको अन्तिम समयमा वार्ड नम्बर १७ का जर्सी नम्बर ८ कुणाल छेत्रीले गोल गर्दै खेललाई १–१ गोलको बराबरीमा ल्याए। निर्धारित समयमा खेल बराबरीमा समाप्त भएपछि अतिरिक्त समय खेलाइएको थियो। अतिरिक्त समयमा पनि दुवै टोलीबाट गोल हुन नसकेपछि खेलको निर्णय पेनल्टी सुटआउटबाट गरिएको थियो।

पेनल्टी सुटआउटमा वार्ड नम्बर ७ का पाँचै खेलाड़ीले गोल गर्न सफल भए। अर्कोतर्फ, वार्ड नम्बर १७ का एक खेलाड़ीको प्रहार वार्ड नम्बर ७ का गोलरक्षक सुजल प्रसादले रोकिदिए। यससँगै वार्ड नम्बर ७ ले ५–४ गोल अन्तरले खेल जित्न सफल भयो। उत्कृष्ट प्रदर्शनका लागि गोलरक्षक सुजल प्रसादलाई खेलको उत्कृष्ट खेलाड़ी घोषित गर्दै ट्रफी प्रदान गरियो।

खरसाङ खण्ड विकास अधिकारी कौशिक चक्रवर्ती प्रमुख अतिथिका रूपमा उपस्थित थिए। प्रतियोगितामा जम्मा १६ वटा टोलीले सहभागिता जनाइरहेका छन्। प्रतियोगिताको फाइनल खेल आगामी १९ अक्टोबरमा सम्पन्न हुनेछ। प्रतियोगिताको विजेता टोलीलाई ट्रफीसहित ५० हजार रुपियाँ तथा उपविजेता टोलीलाई ट्रफीसहित ३० हजार रुपियाँ नगद पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ।

विधायक राईले गरे नाम्ची-सिङ्गिथाङ समष्टिमा एसजीएवाईअन्तर्गत घरहरूको उद्घाटन

नाम्ची, ९ अक्टोबरः नाम्ची–सिङ्गिथाङ निर्वाचन क्षेत्रमा सिक्किम गरीब आवास योजना (एसजीएवाई) अन्तर्गत नवनिर्मित तीनवटा घर औपचारिक उद्घाटन गरी लाभग्राहीहरूलाई हस्तान्तरण गरियो।

लाभग्राहीहरूमा मिकखोला–सिङ्गिथाङ जीपीयूअन्तर्गत लोअर मिकखोला वार्डका सोमदत्त राई, मिकखोला–सिङ्गिथाङ जीपीयूको गैरीगाउँ वार्डका मोहन दर्जी र मनिराम–फालीडाँड़ जीपीयूअन्तर्गत लोअर फालीडाँड़ाका नितेश तामाङ रहेका थिए। नवनिर्मित घरहरूको उद्घाटन क्षेत्र विधायक सतीशचन्द्र राईले गरेका थिए। यस अवसरमा पञ्चायती राज सल्लाहकार रामा तामाङ, विधायकका विशेष कर्तव्य अधिकारी एसजे लेप्चासहित अन्यको उपस्थिति रहेको थियो।

सिक्किम गरीब आवास योजना राज्य सरकारको एक महत्त्वपूर्ण पहल हो, जसको उद्देश्य आर्थिक रूपमा विपन्न वर्गका मानिसहरूलाई आवश्यक सुविधायुक्त घरहरू उपलब्ध गराएर उनीहरूको जीवनस्तर सुधार्नु हो।

यस अवसरमा क्षेत्र विधायक सतीशचन्द्र राईले नवनिर्मित र सुविधायुक्त घरहरू प्राप्त गरेकोमा सबै लाभग्राहीलाई बधाई ज्ञापन गरे। लाभग्राहीहरूले यस योजनाअन्तर्गत घर उपलब्ध गराएकोमा राज्य सरकार र मुख्यमन्त्री पीएस गोलेप्रति हार्दिक आभार व्यक्त गरे। यो पहलले राज्यभरिका आर्थिक रूपमा विपन्न परिवारहरूलाई मर्यादित आवास उपलब्ध गराउने र उनीहरूको जीवनस्तर सुधार्ने दिशामा राज्य सरकारको निरन्तर प्रतिबद्धतालाई झल्काउँछ।

विद्या भारती सिक्किम प्रान्तमा केन्द्रिय अधिकारीहरूको दुईदिने साङ्गठनिक प्रवास सम्पन्न

गान्तोक, ९ अक्टोबर (हिस): विद्या भारती अखिल भारतीय सह–सङ्गठन मन्त्री यतेन्द्रकुमार शर्मा र पूर्व क्षेत्र सङ्गठन मन्त्री डा. आनन्द राव पारधीको उपस्थितिमा विद्या भारती सिक्किम प्रान्तको दुईदिने साङ्गठनिक भ्रमण तथा प्रवास कार्यक्रम सम्पन्न भएको छ। ७ र ८ अक्टोबरमा सम्पन्न भ्रमणको मुख्य उद्देश्य राज्यमा सङ्गठन विस्तार, शैक्षिक गुणस्तरको मूल्याङ्कन तथा आगामी कार्यदिशा तय गर्नु रहेको थियो। उक्त जानकारी विद्या भारती सिक्किमका कार्यालय सचिव सूर्य धितालले दिएका हुन्।

साङ्गठनिक प्रवासका क्रममा केन्द्रिय अधिकारीद्वयले दक्षिण सिक्किमको नाम्फिङ मालबासेस्थित सरस्वती विद्या निकेतन विद्यालयको स्थलगत निरीक्षण गरे। उनीहरूले विद्यालयका शैक्षिक गतिविधि, शिक्षाको गुणस्तर तथा प्रशासनिक व्यवस्थापनबारे जानकारी लिनुका साथै निर्माणाधीन भौतिक पूर्वाधार विकास परियोजनाको निरीक्षण गरी आवश्यक मार्गदर्शन दिए।

भ्रमणका क्रममा प्रान्तीय कार्यकारिणी समितिका पदाधिकारीसहित केन्द्रिय अधिकारीहरूले राज्यपाल ओम प्रकाश माथुरसँग राजभवनमा शिष्टाचार भेटघाट गरे। भेटवार्तामा विद्या भारतीको वैचारिक दर्शन, मूल ध्येय, राष्ट्रिय लक्ष्य तथा शिक्षा क्षेत्रमा सङ्गठनले पुऱ्याउँदै आएको योगदानबारे विचार–विमर्श गरिएको थियो।

यसैगरी, विद्या भारती सिक्किम प्रान्तका अध्यक्ष सीके राईको अध्यक्षतामा प्रान्तीय कार्यकारिणी समितिको महत्त्वपूर्ण बैठक सम्पन्न भयो। बैठकमा यतेन्द्रकुमार शर्मा र डा. आनन्द राव पारधीले सङ्गठन सुदृढ़ीकरणका लागि विशेष साङ्गठनिक मार्गदर्शन प्रस्तुत गरे।

उनीहरूले प्रशासनिक, शैक्षिक तथा आर्थिक व्यवस्थापनलाई थप चुस्त बनाउने, समाजको सर्वाङ्गीण विकासका लागि प्रभावकारी विद्यालयहरूको विस्तार गर्ने तथा विद्यार्थी सङ्ख्या वृद्धि गर्न जोड़ दिए साथै शिक्षामार्फत नयाँ पुस्तामा भारतीय ज्ञान परम्परा तथा सांस्कृतिक मूल्य–मान्यताको हस्तान्तरण र विद्या भारतीको आगामी 'अमृत वर्ष' कार्यक्रमको साङ्गठनिक रूपरेखा तथा लक्ष्यबारे पनि विचार प्रस्तुत गरिएको थियो। दुईदिने केन्द्रिय प्रवास कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न विद्या भारती सिक्किम प्रान्तका संयोजक मोहन शर्माले समन्वयकारी भूमिका निर्वाह गर्दै सक्रिय सहयोग गरेको थियो।

Printed, Published and owned by Mrs. Padam Maya Kharka and printed at Choices International, Daragaon, Tadong, Gangtok -737102, Sikkim and published at Kashiraj Pradhan Road, Nam Nam, Gangtok-737101, Sikkim. Associate Editor: Rajendra Pradhan, Editor: Mrs. Mala Rana Patro. Phone No. (03592) 231265, 7001336001, Fax: 231265. E-mail: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386
मुद्रण, प्रकाशन तथा स्वामित्व श्रीमती पदम माया खड्का, चोइसेस इन्टरनेशनल, डाँड़ागाउँ, तादोङ, गान्तोक–737102, सिक्किममा मुद्रित तथा काशीराज प्रधान रोड, नामनाम, गान्तोक–737101, सिक्किमबाट प्रकाशित। एसोसिएट सम्पादक: राजेन्द्र प्रधान, सम्पादक: श्रीमती माला राणा पात्रो। फोन नम्बर (03592) 231265, 7001336001, फ्याक्स: 231265। ईमेल: himalibela@rediffmail.com, RNI No.SIKNEP/2007/21386